सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १६ ● अंक ७ ● काठमाडौं, शुक्रबार, असार १८, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 2, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-





# अमेरिकी पोर्न फिल्ममा नेपाली युवती

सुव्रत आचार्य

**साप्ताहिकको यो अंकमा मोबाइल सेट जित्न सक्ने अवसरसहित विश्वकप विशेष सामग्री समावेश छ ।**

**तिम्रो नाम के हो ?**

'म माया बेजिन..'

**तिम्रो घर कहाँ छ ?**

'म नेपालबाट आएकी हुँ..'

**...नेपाल कहाँ छ ?**

'...चीनको छेउ, इन्डियाको नजिकै....मलाई तिमीहरू इन्डियन ओरिजिन पनि भन्न सक्छौ..'

**तिमीलाई किन पोर्न स्टार हुन मन लागेको ?**

'मलाई ओरल सेक्स मन पर्छ, त्यसैले..'

यो अंग्रेजी भाषामा लिइएको एउटा मौखिक अन्तवार्ताको अनुवादित अंश हो । आफूलाई नेपाली बताउने एउटी भर्खरकी युवती अमेरिकामा पोर्न स्टार हुने दौडमा छिन् र उनले केही स्तरीय ट्रिपल एक्स चलचित्रमा आफ्नो कला प्रस्तुत गरिसकेकी छिन् । अमेरिकामा पोर्न स्टार अर्थात् नीलो चलचित्रका चर्चित अनुहार बन्न चाहने निकै हुन्छन् । युवापुस्ताको एउटा जमात पोर्न स्टारकै रूपमा भए पनि नाम र दाम कमाउन लालायित भेटिन्छ । 'ओस्कार' एवार्ड जस्तै हरेक वर्षको जनवरीमा ब्लु फिल्म र पोर्न स्टारहरूको 'एभिएन एवार्ड'को भव्य आयोजना हुने गरेको छ । उक्त एवार्डमा आफूलाई खुलेआम ब्लु फिल्मको स्टार भनेर चिनाउनेहरू निकै हुन्छन् र ती हलिउड वा बलिउडका नायक-नायिकाकै हाराहारीमा चर्चामा पनि आउँछन् ।

शेष पृष्ठ ६ मा



## ● क्यासेट ●

### नवसृष्टि



अशोक कर्णको शब्द तथा मनोहर सुनामको संगीत निर्देशनका आधुनिक गीतहरूको संग्रह 'नवसृष्टि' बजारमा आएको छ। संग्रहका गीतमा अशोक कर्ण, प्रविशा अधिकारी, प्रतिमा सुनाम तथा सपनाश्रीको स्वर सुन्न सकिन्छ।

### देशको माया



गीतकार नवराज सुब्बाले रचना गरेका देशभक्ति पूर्ण गीतको संग्रह 'देशको माया' श्रोतामाझ आएको छ। संग्रहका गीतहरू अञ्जु पन्त, शिशिर योगी, स्वरूपराज आचार्य, सुमित खड्का, साजन राई, नितु गोस्वामी, सरिता राई, सुजाता राई, युनिषा लिम्बू, डिबी राई, नवराज सुब्बा, वासु लामा, विकेश विश्वकर्मा, सुनिता कटुवाल तथा बिमला राईले गाएका छन्।

### फ्रेन्ड्स



सांगीतिक समूह 'फ्रेन्ड्स' ले पहिलो गीतिसंग्रह 'फ्रेन्ड्स' श्रोतामाझ ल्याएको छ। सिल्भरमुनले बजारमा ल्याएको यो संग्रहमा समूहका संगीतकर्मी सुजन केसी, मोहित मुनाल, तथा श्वेता केसीको स्वर सुन्न सकिन्छ। सुजन तथा मोहितले संग्रहका गीतहरू संगीतबद्ध गरेका छन्।

## ● रंगमञ्च ●



### अधिकार खोज्न नाटक

पोखरामा सार्वजनिक भएका तेस्रो तथा समलिंगीहरूले आफूमाथि हुने लैंगिक भेदभावको अन्त्य तथा विवाहलाई मान्यता दिनुपर्ने माग सडक नाटकमार्फत गरेका छन्। 'नयाँ जीवन' शीर्षकको नाटक लागूपदार्थ दुर्व्यसनी तथा तेस्रोलिंगीसँग सम्बन्धित छ। घरपरिवार, समाज तथा राष्ट्रबाटै अपहेलित हुनुपरेकाले अस्तित्व र पहिचानका लागि चेतना फैलाएर समाजमा स्थापित हुन चाहेको भन्दै उनीहरूले नाटक प्रदर्शन गर्न थालेका हुन्। नाटकमा लागूपदार्थ दुर्व्यसनीको भूमिका तेस्रोलिंगी खुसी गुरुङले निर्वाह गरेका छन्। नाटकमा सूर्य राना, रामकुमारी राई, रेशम थापा, मदन अधिकारी, सुक गुरुङ आदि कलाकारले पनि अभिनय गरेका थिए।

### रंगमञ्चमा डर्बिन

कृष्ण साह यात्रीको नयाँ नाटक 'आवरण-अनावरण' राजधानीमा मञ्चन भएको छ। अघिल्लो बिहीबार जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षालयमा उक्त नाटक मञ्चन गरिएको हो। विज्ञानको विकासले विभिन्न सपनालाई साकार पार्न चाहने मानिस प्रसस्त भएको सन्देश यो नाटकले दिएको छ। नाटकमा बोल्ने बाँदरहरूले डाक्टरको सहयोगीको भूमिका निर्वाह गरेका छन्। नाटकमा एउटा प्रयोगशालाको पृष्ठभूमिलाई देखाइएको छ जहाँ डाक्टरले बाँदरहरूको सहयोगमा विभिन्न प्रयोग गर्छन्। बुद्ध र हिटलर उक्त प्रयोगशालामा घुम्न आउने कुरा थाहा पाएपछि झ्याप्प दाह्री पालेका डर्बिन पनि त्यहाँ आइपुग्छन्। नाटककी पात्र मिस युनिभर्स मान्यता पुरुष बन्न चाहन्छिन् तर उनको यो चाहना डाक्टरले पूरा गर्न सक्दैनन्। बाँदरले पनि प्रयोगशालामा बन्दी जीवन नबिताउने निर्णय गर्छ। नाटकको अन्त्यमा बाँदरले मानिसको प्राण लिन्छ र आफू पनि बोल्न सक्दैन। बोल्न नसक्ने दर्शकलाई लक्षित गरी मञ्चन गरिएको नाटकमा सांकेतिक भाषासमेत प्रयोग गरिएको छ। यो वर्ष सांकेतिक नाटक वर्ष भएकाले प्रत्येक महिनाको अन्तिम साता यस्तै नाटक मञ्चन गर्ने निर्देशक यात्री बताउँछन्। यो नाटक ज्योतिपुञ्ज थिएटर तथा सांस्कृतिक संस्थानले संयुक्त रूपमा प्रस्तुत गरेका हुन्।

### नाटकमा पीडा

झापाका अपांग कलाकारहरूले आफ्नो पीडालाई नाटकमार्फत व्यक्त गरेका छन्। समाजले अपांगलाई हेर्ने हेयको दृष्टिकोणलाई उनीहरूले नाटकमा जस्ताको तस्तै प्रस्तुत गरेका हुन्। दमक अपांग सहयोग समितिमार्फत अपांग कलाकार समूहले झापाका गौरीगन्ज, बनियानी तथा पृथ्वीनगरमा कचहरी शैलीको नाटक मञ्चन गरेका हुन्। टंक बरालको कथा तथा निर्देशनमा मञ्चन गरिएको नाटक 'हाम्रो महासन्धि अपांग हामी' मा अपांग भएका व्यक्तिको विशेष अधिकार सुनिश्चित गर्नुपर्ने आवाज उठाइएको छ। नाटकमा टंक बराल, प्रितम घिमिरे, गेनिसा संग्रौला, रोसिका सिटौला, मीना चापागाईं, लंकबहादुर खड्का, मनु तिम्सिना, रमेश खड्का, पार्वता श्रेष्ठ, सपना आदिले अभिनय गरेका छन्।

### पुतलीको घरको कीर्तिमान

सर्वाधिक दुई सय पटक मञ्चन भएर नाटक 'पुतलीको घर' ले नयाँ कीर्तिमान कायम गरेको छ। देश-विदेशमा गरी यो नाटक दुई सय पटक मञ्चन भैसकेको छ। आरोहण गुरुकुलका अनुसार यसअघि नेपाली नाटक स्वदेश तथा विदेशमा गरी दुई सय पटक व्यावसायिक मञ्चन भएको छैन। पुरानो बानेश्वरस्थित गुरुकुलको रिमाल नाचघरमा अघिल्लो बुधबार पुतलीको घरको दुई सयौं शो मञ्चन गरियो। यो नाटक त्यहाँ गत जेठ ६ गतेदेखि नियमित मञ्चन भैरहेको छ। 'पुतलीको घर' नर्वेली नाटककार हेनरीक इब्सनको नाटक डल्स हाउसको नेपाली रूपान्तरण हो। नाटकका अनुवादक, निर्देशक तथा कलाकार सुनील पोखरेलले दुई सय पटक मञ्चन भएर नयाँ कीर्तिमान राख्न सफल भएकोमा खुसी व्यक्त गरेका छन्। गुरुकुलका अनुसार २०६० साल साउन ३ गते गुरुकुलले पहिलो पटक यो नाटक मञ्चन गरेको थियो। त्यसपछि दर्शकको माग अनुरूप पटक-पटक मञ्चन भएर दुई सय पटक पुगेको हो। यो नाटक राजधानीबाहेक विराटनगरमा समेत मञ्चन भैसकेको छ। भारत, पाकिस्तान, बंगलादेश, नर्वे तथा डेनमार्कमा पनि यो नाटक मञ्चन भैसकेको छ। नाटकले हालसम्म करिब २५ लाख रुपैयाँको व्यापार गरेको बताइन्छ। 'पुतलीको घर' ले मञ्चन भएको दुई सय पटक पूरा गरेको अवसरमा यसमा अभिनय गर्ने कलाकार तथा प्राविधिकहरूलाई आरोहण नाट्य समूहले सम्मानसमेत गरेको छ। नर्वेली राजदूत थोर गिसलेसनले उक्त सम्मान गरेका हुन्। सम्मानित हुनेमा निर्देशक सुनील पोखरेल, कलाकार शेखर चापागाईं, वसन्त भट्ट, अरुणा कार्की तथा राजकुमार पुडासैनी छन्।

## ● ग्यालरी ●

### लागूऔषधविरुद्ध चित्रकला

अन्तर्राष्ट्रिय लागूऔषध प्रयोग तथा ओसार-पसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा धरानमा चित्रकला प्रतियोगितामा सम्पन्न भएको छ। धरान युथ सेन्टर तथा युवा सूचना केन्द्र सुनसरीद्वारा संयुक्त रूपमा आयोजित उक्त प्रतियोगितामा बिगेन राई प्रथम भएका छन् भने रुद्र विक दोस्रो र अर्बिन सुब्बा तेस्रो भएका छन्। त्यसैगरी विक्रम लिम्बू, समीक्षा राई र समिर थेवेले सान्त्वना रिस्काराप्त गरेका छन्। प्रतियोगितामा ३० जना युवाले स्वस्थ जीवनका बारेमा सोचौं लागूपदार्थका बारेमा नसोचौं भन्ने विषयमा आधारित भएर चित्र बनाएका थिए।

### चित्रकलामा बालबालिका

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा बाल चित्रकला प्रदर्शनी सम्पन्न भएको छ। गत शनिबार प्रारम्भ भएको प्रदर्शनी कमर्सियल आर्टिस्ट संघले आयोजना गरेको हो। प्रदर्शनीमा राजधानीका विभिन्न विद्यालयमा अध्ययनरत १७ बालबालिकाले तयार पारेका चित्र समावेश छन्। आयोजकहरूले चित्रको मूल्यांकनका आधारमा बालबालिकालाई पुरस्कृतसमेत गरेका छन्।

### चित्रकलामा भुटानी शरणार्थी

मोरङको शनिश्चरेस्थित भुटानी शरणार्थी शिविरकी गुना सुनुवारले तयार पारेको आम शरणार्थीको पीडासँगै आशाको भाव व्यक्त गर्ने चित्रकला उत्कृष्ट भएको छ। अन्तर्राष्ट्रिय श्रष्टा मञ्च तथा गन्तव्य थिएटरले संयुक्त रूपमा झापाको दमकमा आयोजना गरेको रंगका विस्थापन बिम्ब कार्यक्रममा सुनुवारको चित्रले प्रथम स्थान हासिल गरेको हो। विश्व शरणार्थी दिवसको अवसर पारेर आयोजित चित्रकला प्रतियोगितामा भुटानी शरणार्थी चित्रकारहरूले आफ्नो देशबाट विस्थापित हुनु परेको पीडालाई रंगमार्फत व्यक्त गरेका थिए। प्रतियोगितामा शिविरका दुई दर्जन सर्जक सहभागी थिए।

## ● पुस्तक ●

### भ्यागुताको धार्नी

कथाकार तुलसीहरि कोइरालाले आफ्ना बालकथाको संग्रह भ्यागुताको धार्नी सार्वजनिक गरेका छन्। ६ वटा रमाइला बालकथा संग्रहित यो कृतिलाई साझा प्रकाशनले प्रकाशित गरेको हो। बालबालिकाका लागि मनोरञ्जन तथा उपदेश जुटाउने उद्देश्यले लेखिएको यो कृतिको मूल्य ५५ रुपैयाँ छ।

### रेगिस्तान डायरी

पत्रकार देवेन्द्र भट्टराईले कान्तिपुर पब्लिकेसन्सको कतार संस्करणका लागि कतारमा बस्दा गरेका, देखेका र भोगेका अनुभवहरूको सँगालो रेगिस्तान डायरीलाई रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो। यो पुस्तकमा मध्यपूर्वका मुलुकहरूमा श्रम बेचिरहेका नेपालीहरूको कथा-व्यथा समेटिएको छ, जसको मूल्य २ सय २५ रुपैयाँ छ।

### हवाईजहाजसँगै उडेको मन

कथाकार सुस्मिता नेपाल आफ्ना २४ वटा लामा छोटा कथाको संग्रह 'हवाईजहाजसँगै उडेको मन' लिएर पाठकमाझ आएकी छिन्। वैरागी जेठाद्वारा प्रकाशित यो कथा संग्रहमार्फत् कथाकार नेपालले नेपाली समाजको वर्तमान परिवेशलाई नियाल्ने प्रयास गरेकी छिन्। कथाका पारखी पाठकहरूप्रति लक्ष्यित यो संग्रहको मूल्य १ सय रुपैयाँ छ।

### लागूऔषधको धराप

लागुऔषधको दुर्व्यसनविरुद्ध वसन्तराज कुवरले लागुऔषधको धराप : सबैले थाहा पाउनैपर्ने कुरा सार्वजनिक गरेका छन्। यो पुस्तकमार्फत लेखकले प्रत्येक घरलाई लागु औषधबाट बचाउने अभियान सञ्चालन गरिएको बताएका छन्।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

असार १८ गते : अन्तर्राष्ट्रिय खेलकुद दिवस, १९ गते : अन्तर्राष्ट्रिय सहकारिता दिवस, २० गते : देवपत्तन त्रिशूल जात्रा, २४ गते : योगिनी एकादशी।

### मेष

काममा सुधार आउनेछ भने कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। विश्वास गरेकाहरूले धोका दिने हुँदा आर्थिक समस्याले सताउन सक्छ। झुटा आरोप पनि लाग्न सक्छ। नोकरी तथा राजनीतिमा राम्रै स्थान प्राप्त हुनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। सामाजिक कार्यमा प्रशंसा बटुल्न सकिनेछ।

### मिथुन

रोकिएका कामहरू पूरा हुनेछन्। अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। पराक्रम, सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नुका साथै नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहन तथा विश्वासमा धोका हुनसक्छ। आर्थिक कारोबारमा विवाद आउनेछ।

### सिंह

घरेलु काममा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। काममा उतारचढाव आउने भएकाले सजग रहनुहोला। घरजग्गाको बन्दोबस्त एवं सवारी साधन जोड्ने अवसर पाउनुहोला। रोग, शत्रु तथा खर्च बढ्ने भएकाले संयम अपनाउनुपर्ने देखिन्छ।

### तुला

बोलीको प्रभाव बढ्नेछ भने अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछ। काममा सजगता अपनाउनुहोला। पराक्रमको गति तीव्र हुनेछ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ । वैदेशिक कार्यमा सफलता हासिल हुनेछ। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारि आउनसक्छ।

### धनु

साना-तिनो प्रयासमै ठूलो समस्या सुल्झाउन सकिनेछ। आफूले गरेको लगानीबाट राम्रै फाइदा उठाउन सकिनेछ। अरूलाइ विश्वास दिलाएर आफ्नो लक्ष्य पूरा गर्न सकिनेछ। मन हर्षित हुनेछ भने शरीरमा स्फुर्ति बढ्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कुम्भ

जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। वैदेशिक कार्यबाट सोचेभन्दा बढी लाभ प्राप्त हुनेछ। यात्रा रमाइलो रहला। सामाजिक कार्यमा गरेका प्रयत्न प्रशंसनीय हुनेछन्। व्यवसायमा राम्रै उन्नति हुनेछ। भाग्यमा भन्दा कर्ममा जोड दिनुहोला।

### वृष

पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। व्यवसायमा गरेका प्रयास सन्तोषप्रद हुनेछन्। आम्दानीको तीव्रता कायमै रहनेछ। शनिबार र आइतबार स्वास्थ्य गडबड हुनुका साथै काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कर्कट

रोग, शत्रु एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ। लेनदेनमा विवादको सामना गर्नुपर्नेछ। विश्वास गरेकाहरूले धोका दिनसक्छन् भने धनमाल पनि हराउन सक्छ। सोमबारदेखि सोच्ने शक्ति बढ्नेछ। बौद्धिक सम्मान पाइने सम्भावना छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कन्या

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सोचेजस्तै सफलता प्राप्त होला। नोकरी तथा राजनीतिमा गरेका प्रयास सकारात्मक हुनेछन्। सामाजिक कार्यबाट सम्मान पाउनुहोला।

### वृश्चिक

बोलीको प्रभाव बढ्नुका साथै अरूको मन जितेर अघि बढ्न सकिनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। देश-विदेशको यात्रा हुनसक्छ। आम्दानी प्रशस्त हुने योग भए पनि खर्च नरोकिने भएकाले धन सञ्चय गर्न गाह्रो हुनेछ। स्वास्थ्यको ख्याल गर्नुका साथै आर्थिक कारोबारमा अघि नबढ्नुहोला।

### मकर

खर्च, विवाद एवं कुरा काट्नेहरू बढ्नेछन्। विश्वासमा धोका हुनेछ भने झूटा आरोप पनि लाग्नसक्छ। सोमबारदेखि मन प्रसन्न हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने सम्भावना छ। अध्ययनमा सफलता हात लाग्नेछ। महत्त्वपूर्ण कामहरू पूरा हुनेछन्।

### मीन

अध्ययनमा सफलता पाइनेछ। सानै प्रयासले ठूला काममा सफलता हात लाग्ने देखिन्छ। नोकरी तथा राजनीतिमा सानातिना उल्झन आए पनि तपाईंको बौद्धिकताको प्रशंसा गर्नेहरू धेरै हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। काममा अवरोध खडा गर्नेहरू प्रशस्तै हुनेछन्।


www.nasacollege.com
Sky is my limit...
NASA
NASA SCIENCE
EXHIBITION 2010
21, 22 Ashadh (10am to 5pm)
&
Musical Concert
23 Ashadh 2067 (1pm onwards) at
NASA INTERNATIONAL HSS/COLLEGE
About NASA INTERNATIONAL COLLEGE
NASA INTERNATIONAL COLLEGE (National Arcade for Scholars and Academicians) is established by renowned and like-minded educational enthusiasts with a mission to produce creative and critical minds who can face the multifarious challenges in practical life in an ever increasingly complex and competitive world. It believes that an educated and qualified citizenry is the bed-rock upon which the prosperity of a nation depends. It has a vision for the country, for the parents and for the new generation of Nepal to shoulder the process of nation-building and social change through innovative and creative education. NASA is equipped with state of the art facilities and outstanding faculty is well poised to transform the young learners into the creators and builders of tomorrow. With a keen focus on quality education, we are stead-fast in our path, giving assistance and aid to the students for attaining their goal.
OBJECTIVES
To impart top class education for producing top class graduates
To impart them value added education.
To provide them congenial teaching learning environment to nurture their potentiality.
To make them familiar with modern techno-world to cope up with the fast moving world.
To provide the environment for overall development.
SALIENT FEATURES
Renowned and Experienced Faculties
Discipline and Perseverance as key motto
Well-equipped labs and library
Minilab in each classroom for science students.
Air-Conditioned Classrooms with CCTV and lab equipments
Elevator Service
Diverse Scholarship Schemes for all Levels
Psychological and Career Counseling
Hostel Facilities for Boys and Girls
Transportation Facilities as per the Individual Needs
Training of Music and Different Sporting Activities
Creative Writing Classes
Entrance preparation Classes for TOEFL, IELTS, Engineering, and MBBS
Medical Check-up and Healthcare
Well Furnished Cafeteria Served with the Best Cuisine
Special course on astronomy and astrophysics, sky observation through observatory
Different scientific seminars and conferences
IMPRESSIONS/NASA/04/2010
CONGRATULATION
Mr. Ganesh Wagle
We congratulate our student Mr. Ganesh Wagle for being selected to Participate in the International Physics Olympiad 2010 to be held in July 17-25 in Croatia
We wish a grand succes for his performance in the Competition.
We are proud of you.
+2 Science Management Humanities
Bachelor BBS TU BBA* BIM* BA* BSW* BHM*
Masters MBA*
*Proposed
NASA 2010 NASA INTERNATIONAL COLLEGE
NASA International HSS/College
Gairigaun,Tinkune, Kathmandu, Tel: +977-1-4460397, 4479849
E-mail: info@nasacollege.com

• सम्पादकीय •

# कति भ्रष्ट हामी ?

भ्रष्टाचारको मामिलामा नेपाल झन्–झन् बदनाम हुँदैछ । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनमा नेपालको स्थिति थप खस्किएको छ । प्रतिवेदनअनुसार पछिल्लो समयमा नेपालमा राजनैतिक नेतृत्व, प्रशासनिक संयन्त्र र व्यवसायीहरूको मिलोमतोमा भ्रष्टाचार मौलाउँदै गएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले हरेक वर्ष जारी गर्ने भ्रष्टाचारसम्बन्धी मानक प्रतिवेदनअनुसार गत वर्ष १ सय २१ औं स्थानमा पुगेको नेपाल यो वर्ष १ सय ४३ औं स्थानमा रहेको छ । संसारभरिका १ सय ८० देशलाई समावेश गरिएको उक्त प्रतिवेदनअनुसार नेपाल दक्षिण एसियामा अफगानिस्तानभन्दा मात्र अघि छ । जबकि यसअघि बंगलादेश र पाकिस्तानसमेत भ्रष्टाचारको मामिलामा नेपालभन्दा बढी बदनाम थिए । प्रतिवेदनअनुसार ०६२/०६३ को जनआन्दोलनसम्म पनि भ्रष्टाचारको मामिलामा नेपालको स्थिति अन्य दक्षिण एसियाली मुलुकहरूको तुलनामा सुदृढ थियो । त्यतिबेला नेपालले ट्रान्सपरेन्सी इन्टरनेसनल इन्डेक्समा २ दशमलव ५ अंक पाएको थियो । अघिल्लो वर्ष त्यस्तो इन्डेक्स २ दशमलव ८ थियो भने यो वर्ष २ दशमलव ३ प्रतिशतमा झरेको छ ।

कुनै पनि समाज भ्रष्ट हुनु भनेको त्यो समाज आर्थिक, सामाजिक तथा राजनैतिक गतिसिलताको दृष्टिकोणले ओरालो लाग्नु हो । भ्रष्टाचारले समाजलाई जति–जति अठ्याउँदै जान्छ त्यति–त्यति त्यो समाज गतिहीन हुँदै जान्छ र त्यहाँ सबै किसिमका आर्थिक, सामाजिक तथा राजनैतिक विकासका गतिविधिहरू कमजोर हुँदै जान्छन् । यसो हुनुको अर्थ समाज पतनशील हुनु हो । ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनले हामीलाई पतनशील देखाएको छ । यसो हुनुको कारण हामी आफैं हौं । यतिबेला हामीकहाँ व्यवसायीहरू राजनीति गरिरहेका छन्, सुरक्षा निकायमा संलग्न व्यक्तिहरू अपराध गरिरहेका छन्, प्रशासन चलाउनेहरू जनताको सेवाभन्दा बढी मेवाको अपेक्षामा तल्लीन छन् भने राजनैतिक दलहरू यी सबैका संरक्षकजस्ता हुन पुगेका छन् । यसैकारणले अख्तियार दुरुपयोग गर्नेहरूको दायरामा हाम्रा न्यायालय, सेना, राष्ट्रिय–अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामाजिक संघ–संस्थाहरू पनि समेटिँदै गएका छन् । तिनका विरुद्ध उठ्नुपर्ने आवाजहरू मलीन हुँदै गएका छन् । यस्तो स्थिति जति–जति लम्बिँदै जान्छ हामी थप त्यति नै भ्रष्ट हुँदै जानेछौं ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

• चिठीपत्र •

## विश्वकपमा पुग्ने हो भने

रामेछापमा स्कुल पढ्दा फुटबल खेलेर चर्चित भएका सगुन मगर (१९) परिस्थितिको दास बनेर अहिले काठमाडौंको कुनै होटलमा ग्राहकलाई चिया पुर्‍याउँछन् । उनका खुट्टाले फुटबल नछोएको चार वर्ष भयो, तर फुटबलप्रतिको तलतल यसपालिको विश्वकप हेरेर मेटिएको उनी बताउँछन् । सगुन मात्र होइनन्, उनकै सहकर्मी आकाश राईमा पनि फुटबल खेल्ने अथाह रहर थियो, तर परिस्थिति र बाध्यताले बाँधेका यी दुई बालक, फुटबललाई त्यागेर काठमाडौंमा संघर्ष गर्न आएलगतै उनीहरूको फुटबलसँग गाँसिएका सपना पनि धुलिसात भए । यस्ता बालकहरू जो भविष्यमा गएर पेले, म्याराडोना र सिलाची बन्न सक्थे, तर बेवास्ता र विभेदले आज तिनीहरूमध्ये कति बालबालिका गाडीको भीडभाडमा ठेलिएका छन्, कति होटलमा चिया पुर्‍याउँदै छन् भने कति इँटाभट्टामा आफ्नो अनुहार पोल्दैछन् ।

केही समयअघि पूर्वराष्ट्रिय क्याप्टेन गणेश थापाको एउटा विज्ञापन प्रसारण हुन्थ्यो, जसमा थापा एउटा बालकलाई फुटबल सुम्पन्दै भन्थे- 'हामीले त सकेनौं, अब पालो तिमीहरूको ।' त्यो विज्ञापनमा फुटबल ग्रहण गर्ने बालक पनि अब नयाँपुस्तालाई फुटबल सुम्पने तयारीमा होलान् । के हाम्रा नेपाली खेलाडीहरू, 'हामीले त सकेनौं पालो तिमीहरूको भन्दै' नयाँ पुस्तालाई जिम्मेवारी थोपर्नकै लागि मात्र जन्मिएका हुन् ? मनन गरौं । हामी खेलकुदमा किन र कसरी पछि परेका छौं ? सागका पाँच राष्ट्र, आज क्रिकेटको विश्वकपसम्म पुग्दा हामी किन पुग्न सकेनौं ? गरिबीको काँधमा दोष थोपर्ने हो भने अफ्रिकी महादेशका हामीजस्तै गरिब देशहरू फुटबलको विश्वकपमा पुगेका छन् ।

कुनै प्रतिभावान् बालक वा बालिकालाई खेलकुदमा डोर्‍याउन हाम्रो मुलुकसँग कुनै नीति तथा योजना छैन । बालबालिका भनेका भविष्यका कर्णधार हुन् । उनीहरूलाई जस्तो वातावरणमा ढालिन्छ, उनीहरूको निर्माण त्यस्तै हुन्छ । कपिलदेवको विज्ञापनमा झुल्किएका बालक सचिन तेन्दुलकर भए । आज ती बालक क्रिकेट जगत्मा भारतकै इतिहास रच्न सफल छन् । जहाँ खेलकुदको राम्रो विकास भएको छ र खेलाडीहरू विश्वकपमा पुगेका छन्, ती देशमा बालबालिकाप्रति राज्यले ठूलो लगानी गरेको हुन्छ । ती देशमा बालबालिकाको रहर र प्रतिभा बुझेर राज्यले पूर्वाधार उपलब्ध गराइदिन्छ तर नेपालमा त्यसको ठीक उल्टो छ । यहाँ बालबालिकाका निम्ति फुटबल त परको कुरा, दुई-चार रुपैयाँमा भोगटे किन्ने पैसा पनि हुँदैन । गाँस, बास र कपासको प्रबन्धपछि मात्र मनोरञ्जन र खेलकुदको कुरा आउँछ । गाँस, बास र कपासको जोहोका लागि पनि बालबालिकाहरू श्रमबजारमा प्रवेश गर्ने गरेका छन् । के सरकारले सगुन मगर र आकाश राईजस्ता प्रतिभावान् बालबालिकालाई श्रममैदानबाट बाहिर ल्याएर खुट्टामा फुटबल र मैदान दिन सक्छ ? सरकारको यस्तै असफलताका कारण बालबालिकाहरू खेलकुलबाट पलायन भएका हुन् ।

ब्राजिल सरकारले फुटबलको विकास होस् भनेर प्रत्येक स्कुललाई विद्यार्थी संख्या जति फुटबल उपलब्ध गराउँछ । त्यहाँ 'एक बालक, एक फुटबल' नीति अंगीकार गरिएको छ । फलस्वरूप कुनै पनि बालकले फुटबलको अभावका भोगटेलाई फुटबल बनाउनुपरेको छैन । सन १९९० मा इटलीले विश्वकप आयोजना गर्दा 'बल ब्वाइ' बनेका बालकपछि विश्वकै चर्चित डिफेन्डर माल्दिनी बने । विश्वमा यस्ता बालक थुप्रै छन्, जसले पछि देशकै नाम उज्ज्वल बनाएका छन् । नेपालमा प्रतिभावान् बालकमाथि कुनै प्रकारको लगानी हुँदैन । खेलकुदलाई पनि एउटा पेसा बनाउन सकिन्छ भन्ने आशा जगाउनुभन्दा, खेलकुदलाई वैकल्पिक पेसाका रूपमा मात्र चिनाएर खेलप्रतिको अभिरुचिको हत्या गरेको पाइन्छ । देशका राष्ट्रिय खेलाडीहरू औषधीमूलोको अभावमा मरेको दृश्य-परिदृश्यहरू देखाइन्छन् । यस्ता घटना र दृश्यले बालबालिकाको कलिलो मस्तिस्कमा खेलको रहर कसरी रोप्न सकिएला ? हामी पनि भोलि विश्वकपमा पुग्ने तयारी गर्ने हो भने बालबालिकाको प्रत्येक पाउमा फुटबल सुम्पिनुपर्छ । के थाहा तिनै खुट्टामध्ये कुनै खुट्टा, जिनेदिन जिदानको खुट्टा बोकेर हुर्कन्छन् कि ?

**प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर**



• तीतो सत्य •

● जहाँ आपसी समन्वय र सद्भावको वातावरण सिर्जना गरिन्छ त्यहाँ प्रेम र शान्ति अवश्य हुन्छ ।

● सत्यतालाई नअठ्याएर अठ्याइन्छ, नपन्छाएर पछ्याउन सकिन्छ र लडाएर न लडाउन सकिन्छ ।

● पापयुक्त कर्म, धन, बोली र बल प्रयोग गरेर असत्य, झूट र छललाई जिताउने प्रयास जति गरिए पनि सत्यलाई जित्न असम्भव छ ।

**उदीर्ण केसी**

● मानिसलाई त्यतिबेला पीडा हुन्छ, जतिबेला उसले चाहेको चीज पाउन सक्दैन ।

● तिमी आफूलाई जति प्रेम गर्छौं अरूलाई पनि त्यति नै गर ।

● लज्जा प्रगतिको बाधक हो ।

● मानिससँग त्यस्तो व्यवहार गर जुन सदाका लागि होस् ।

● उपहार दिएर गाँसेको मित्रता दिगो हुँदैन ।

● जुन प्रेममा धैर्य अनि विश्वास हुन्छ, त्यो प्रेम असफल हुँदैन ।

**अञ्जु चापागाईं**

● प्रेम गर्नु, प्रेम हुनु र प्रेम गाँसिनु नराम्रो होइन, तर प्रेममा आशक्त हुनु राम्रो होइन ।

● सज्जन बन्न उत्प्रेरित छ भने मूर्खको पनि प्रसंसा गर्नुपर्छ ।

**अगस्त्य केसी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## बलिउड संगीतमा नेपाली युवा

हेटौंडामा जन्मिएका एक युवक अहिले भारतीय संगीत उद्योगमा प्रतिभावान् संगीतकारका रूपमा चर्चित हुँदै गएका छन् । छात्रवृत्ति पाएर मुम्बईमा संगीत अध्ययन गर्न पुगेका हेटौंडा-४, कर्राका सन्तोष शर्मा लामिछाने अहिले बलिउडमा शिखर सन्तोषका नामले चर्चित छन् । उदितनारायण, सोनु निगम, इन्डियन आइडलकी जज सुनिधि चौहानले समेत सन्तोषको संगीतमा गाएका छन् । गायक शिव परियारले गाएको तथा आनन्द अधिकारीले लेखेको गीत 'छाडेर जाउ कि मारे जाऊ' नेपाली श्रोताहरूको मन जित्ने क्रममा छ । सन्तोषले पाँचवटा हिन्दी चलचित्रमा संगीत दिइसकेको बताए । सियासतः द पोलिटक्स, मुसा : द मस्ट वान्टेड, द फ्लाग उनका आउन लागेका हिन्दी चलचित्र हुन् जसले आफूलाई भारतीय संगीत बजारमा स्थापित गर्ने विश्वास सन्तोषले लिएका छन्। भारतमा ८ वर्ष संघर्ष गरिसकेका सन्तोषले मुम्बईमा संगीत स्टुडियो नै चलाएर नजिर पेस गरेका छन्।

**–शिवकुमार काशी**


• सहर चर्चा •



• मोडल वाच •

## सरुको उचाइ

सामान्य नेपाली महिला मोडलको औसत उचाइ ५ फिट ५ इन्च हो । पोखराकी मोडल सरु लालचन भने यो प्रसंगमा भाग्यमानी छिन् । उनी नेपालका निकै कम अग्ला मोडलमध्ये एक हुन् । उनको उचाइ ५ फिट ८ इन्च छ । उनी अग्ली मात्र छैनन्, उत्तिकै फेसनेबलसमेत छिन् । ठिकठाक डटकममा भर्खरै राखिएका उनका तस्बिर हेर्ने हो भने पनि उनी कत्तिको फेसनेबल तथा स्टाइलिस छिन् भन्ने अनुमान गर्न सकिन्छ । झन्डै १० वर्षअघि पोखरामा सम्पन्न मिस पोखरा प्रतियोगितामा सेकेन्ड रनर्सअपको उपाधि जितेकी सरुले नौ वर्षअघि नै पोखरामा सम्पन्न मिस इन्टर कलेजमा फस्ट रनर्सअपको उपाधि जितेकी थिइन् । दुई दर्जनभन्दा बढी फेसन शोमा क्याटवाक गरिसकेकी सरुले कोरियोग्राफीमा पनि तीन वर्ष बिताइसकेकी छिन् । करिब सात वर्ष जापानमा बिताएकी सरु पछिल्लो समयमा पोखरामा सुस्ताएको मोडलिङलाई उकास्ने तयारी गर्दैछिन् ।



• मुखाले •

नेपालको प्रशासन संयन्त्र कमिसनमा लिप्त छ ।

**प्रधानमन्त्री माधवकुमार नेपाल**

आफ्नै भन्नेहरूले घेराबन्दी गरे ।

**पुष्पकमल दाहाल**

प्रधानमन्त्रीले अस्थिरता बढाए ।

**शेखर कोइराला**

दलहरू सत्ताका लागि लडिरहे संविधान बन्दैन ।

**नीलाम्बर आचार्य**

यो सरकारको औचित्य सकियो ।

**झलनाथ खनाल**

पार्टी र सरकारको नेतृत्व बाँडिनुपर्छ ।

**मनमोहन भट्टराई**

माओवादीलाई फुटाउन, कमजोर बनाउन र दमन गर्न उनीहरूलाई समय चाहिएको हो ।

**हरिभक्त कडेल**

हामी प्रतिपक्षमै बस्नुपरे पनि तयार छौं, तर कम्तीमा यो सरकार परिवर्तन हुनुपर्‍यो ।

**पोष्टबहादुर बोगटी**

माओवादी लडाकुलाई सुरक्षा निकायमा समायोजन गर्नुको साटो समाजमा पुनर्स्थापित गर्ने हो भने उनीहरूको भविष्य राम्रो हुन्छ ।

**विद्या भण्डारी**

केन्द्रीय समितिले प्रधानमन्त्री तोक्दैन ।

**विमलेन्द्र निधि**

माधव नेपाल रहेसम्म नयाँ संविधान लेखिँदैन ।

**पम्फा भुषाल**

# हामी विद्यार्थीको जीवनमाथि खेलबाड गर्दैछौं

अहिले विद्यालय शिक्षामा बृहत्तर परिवर्तन गर्नुपर्ने बहस चलिरहेको छ। यो बहस कार्यान्वयन गराउन शिक्षा मन्त्रालयमा डा. विष्णु कार्कीको नेतृत्वमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको अन्तिम खाका तयार भैरहेको छ। यो कार्यक्रमले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा तथा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रुपमा विकास गरिरहेको छ। सन् २०१५ सम्ममा नेपालभरि यो शिक्षा लागू गर्ने निर्णय पनि भैसकेको छ। यसका लागि करिब २२ अर्ब रुपैयाँ छुट्याइएको छ। यो कार्यक्रमलाई विदेशी दातृ निकायहरुले ६ सय ३० मिलियन अमेरिकी डलर दिएर सहयोग गर्ने सहमति जनाइसकेका छन्।

२०४३ सालदेखि शिक्षा मन्त्रालयमा विषय विशेषज्ञका रुपमा प्रवेश गरेका डा. कार्कीले नेपालको कुन स्थानमा विद्यालयको आवश्यकता छ, कुन स्थानको विद्यालयलाई सार्नुपर्छ भन्ने विषयमा नक्सांकन गरेका थिए। यही नक्सांकनका आधारमा नेपालभरि थप ४ हजार विद्यालय खुलेका छन् भने १ हजार विद्यालयलाई मर्ज वा खारेज गर्नुपर्ने रिपोर्ट आएको छ। अमेरिकाको जर्ज वासिङ्टन विश्वविद्यालयबाट शिक्षा प्रशासन र नीतिमा विद्यावारिधि गरेका डा. कार्कीले सामुदायिक विद्यालयको अवधारणाअन्तर्गत स्रोतकेन्द्रको व्यवस्थापनमा पनि लामो समय काम गरिसकेका छन्।



**दुई दशकभन्दा लामो समय नेपालको शिक्षामा काम गरेपछि तपाईंले पाएको निचोड के हो ?**

हामीले लामो समयसम्म विद्यार्थीको जीवनमाथि खेलबाड गऱ्यौं। हामीले विद्यार्थीको मानसिक शोषण गऱ्यौं। हामीले बेरोजगारहरूको भीड बढायौं अथवा म्यानपावरमार्फत विदेश सप्लाइ गर्ने मानव उत्पादन गऱ्यौं। हामीले विद्यार्थीको क्षमता विकास गर्ने खालको शिक्षा दिन सकेनौं, जसको मार विद्यार्थीले जीवनभरि भोगिरहन्छ। ऊ निराश एवं हतास हुन्छ। त्यसको दोषी हामी हौं, तर उसले त्यो कुरा थाहा पाउँदैन। ऊ अमूक दलको 'हो-हो' मा लागेर विरोध गर्छ, तर सही के हो, गलत के हो छुट्याउन सक्दैन। हामीले त्यस्ता विद्यार्थी उत्पादन गऱ्यौं, जो आफैं केही गर्न सक्दैन, अरूको दास बन्न विवश छ।

**बडो दुःखद कुरा गर्नुभयो, यस्तो अवस्था कसरी आयो ?**

हामीले शिक्षाको अर्थ नै बुझ्न सकेनौं। हामीले गाउँ-गाउँ पुगी विद्यालय जानु नै सबैभन्दा ठूलो कुरा हो भनेर प्रचार गऱ्यौं। विचरा गाउँलेहरूले आफ्ना सन्तान विद्यालयमा भर्ना गरे, तर विद्यालय विद्यालयजस्तो हुन सकेन। शिक्षकको काम पढाउने मात्र भयो, विद्यार्थीको जीवनसँग, उसको भविष्यसँग शिक्षकको सरोकार भएन। हामीले पनि उपयुक्त नीति बनाउन सकेनौं। कुनै पनि जल्दोबल्दो नेता शिक्षामन्त्री हुन नचाहनु, उपयुक्त नीति बनाउन दबाब नआउनु पनि यसका कारण हुन्।

**अहिले विद्यालय क्षेत्र सुधार कार्यक्रम भनेर ठूलो तामझामका साथ काम भैरहेको छ, यो तामझामको अर्थ त होला नि ?**

धेरै ठूलो अर्थ छ। बल्ल हामी विद्यार्थीलाई प्राविधिक शिक्षा दिने अवस्थामा आएका छौं। हिजो हामीले राजा-रानीको तस्बिर, नेपाल र नेपालीको कुरा राखेर देश र राजा चिनाउने पाठ्यक्रम मात्र राखेका थियौं। हिजोको दिनमा त्यो पनि आवश्यकता थियो होला तर अहिले समय परिवर्तन भएको छ। अब हामीले एउटा व्यक्ति जन्मिएपछि उ मानव हो, उसले श्रम गर्नुपर्छ। उसको जीवन आर्थिक कार्यमा निर्भर हुन्छ। उ परिवारमा बस्छ। उसले समाजमा प्रतिस्पर्धा गर्नुपर्छ। यसका लागि व्यक्तिमा विशेष सीप चाहिन्छ भन्ने कुरा बुझाउने एवं त्यही अनुरूपको शिक्षा दिने योजनाका साथ विद्यालय शिक्षा सुधारका कार्यक्रम ल्याइएको हो।

**विद्यालय क्षेत्र सुधार कार्यक्रमका मूलभूत सिद्धान्त के-के हुन् ?**

मूलभूत सिद्धान्त प्राविधिक शिक्षाको प्रारम्भ नै हो। यद्यपि यसलाई ८ कक्षासम्म आधारभूत र ९ देखि १२ सम्म गरी दुई भागमा बाँडिएको छ। एक कक्षामा भर्ना भएको विद्यार्थीले अनिवार्य रूपमा आठ कक्षासम्म पढ्नैपर्छ, बीचैमा छाड्न पाउँदैनन्। यो विद्यालय क्षेत्र सुधारको महत्त्वपूर्ण पक्ष हो। यदि त्यसो भयो भने ८ कक्षा मात्र पढेको व्यक्तिले पनि समाजमा सम्मानका साथ श्रम गर्न सक्छ।

**अहिले एक कक्षामा भर्ना भएका सय विद्यार्थीमध्ये आठ कक्षामा पुग्दा २० जना मात्र बाँकी रहन्छन्, कक्षा छाड्नै नपाउने योजना अति महत्वांकाक्षी भएन ?**

तथ्यांकले के भन्छ भन्ने कुराको अर्को पाटो छ, त्यस विषयमाबारे कुनै बेला विस्तृत कुरा गरौंला तर देशलाई साक्षर एवं आत्मनिर्भर बनाउने हो भने हामीले यो नीति ल्याउनैपर्छ। त्यसका लागि प्रत्येक घरका सदस्यहरूलाई आफ्ना सन्तान स्कुल पठाउँदा हुने अप्ठ्याराको सम्बोधन गर्नैपर्छ। यसका लागि विद्यालय समुदायप्रति जबाफदेही हुनुपर्छ। मलेसियाले केही वर्षअघि शिक्षामा भिजन २०-२० कार्यक्रम ल्याएको थियो। यो नीतिले देशमा कति डाक्टर, इन्जिनियर वा कर्मचारी चाहिन्छ, त्यहीअनुसार नीति बनाएको छ। त्यो अहिले लागू भैरहेको छ। नेपालले पनि यसै गर्नुपर्छ। यसका लागि आठ कक्षासम्म अनिवार्य शिक्षा दिने व्यवस्था गर्नुपर्छ। विश्वका धेरै देशमा यस्ता खालका अनिवार्य शिक्षा लागू भैसकेको छ।

**विद्यार्थीले विद्यालय छाड्नै नपाउने नीतिले गरिबलाई झन् समस्या पार्छ, होइन र ?**

हाम्रो ओपेन सेक्रेट कुरा के हो भने हामीकहाँ बालश्रम छ। यदि छोराछोरीले आमा-बुबालाई काम

शेष पृष्ठ २० मा जारी





निरन्तर तीन वर्ष पूर्वाञ्चलको सर्वोत्कृष्ट भएर मुलुककै थोरै उत्कृष्ट कलेजमा पर्न सफल मेरिल्यान्डको सफलताको यात्रा ह्याट्रिकमा मात्र सीमित रहेन। ०६६ सालको प्लस टु परीक्षामा कक्षा ११ मा ९९.७१ तथा कक्षा १२ मा ९७.२८ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल मेरिल्यान्ड सर्वोत्कृष्ट कलेजको परिचय बोकेर गौरवमय इतिहास निर्माण गर्ने बाटोमा अघि बढेको छ।

मोफसलमा रहेर पनि मुलुककै उत्कृष्ट १० कलेजभित्र स्थान बनाउन सफल विराटनगरस्थित मेरिल्यान्ड पूर्वाञ्चलकै सर्वोत्कृष्ट कलेज हो। निश्चित विद्यार्थी लिएर उनीहरूलाई निर्दिष्ट लक्ष्यमा पुऱ्याउन सफल मेरिल्यान्ड कलेजले ४ वर्ष यता निरन्तर उच्च शैक्षिक परिणाम हासिल गर्दै आफ्नो शैक्षिक गुणस्तर प्रदर्शन गरेको छ।

उच्च माध्यमिक शिक्षा परिषद्ले सार्वजनिक गर्ने नतिजाअनुसार मेरिल्यान्डले २०६३ सालको परीक्षामा पूर्वाञ्चल टप गरेर सफलताको पहिलो यात्रा प्रारम्भ गरेको थियो। ०६४ सालको परीक्षामा पनि मेरिल्यान्डले यो उपलब्धी जोगायो। पूर्वाञ्चल क्षेत्रबाट राष्ट्रिय तहमा पुरस्कृत हुँदै आएको मेरिल्यान्ड २०६५ सालको परीक्षामा राष्ट्रिय स्तरमै उत्कृष्ट बन्न सफल भयो। निरन्तर तीन वर्ष पूर्वाञ्चलको सर्वोत्कृष्ट भएर मुलुककै थोरै उत्कृष्ट कलेजमा पर्न सफल मेरिल्यान्डको सफलताको यात्रा ह्याट्रिकमा मात्र सीमित रहेन। ०६६ सालको प्लस टु परीक्षामा कक्षा ११ मा ९९.७१ तथा कक्षा १२ मा ९७.२८ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल मेरिल्यान्ड सर्वोत्कृष्ट कलेजको परिचय बोकेर गौरवमय इतिहास निर्माण गर्ने बाटोमा अघि बढेको छ।

गत आइतबार नेपाल साप्ताहिकमा प्रकाशित १० उम्दा उच्च माविको सूचीमा मेरिल्यान्ड सातौं स्थानमा पर्न सफल हुनुले पनि यो कलेज पूर्वाञ्चलकै सर्वोत्कृष्ट भएको पुष्टि हुन्छ। अन्तर्राष्ट्रिय स्तरको शैक्षिक व्यवस्थापनलाई आत्मसात् गरेको यो कलेजले सोहीअनुरूपको गुणस्तरीय व्यावसायिक शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको छ। जुन लक्ष्य प्राप्त गर्न फ्याकल्टी मेम्बरहरूमा हुनुपर्ने चारवटा 'डी'को सूत्र अर्थात् डेडिकेसन (समर्पण), डिभोसन (प्रतिबद्ध), डिटरमिनेसन (मेहेनत-लगनशील) तथा डिसिप्लिन (अनुशासन) लाई मेरिल्यान्डले व्यवहारमा अवलम्बन गरेको छ।

मेरिल्यान्डले विश्वव्यापीकरणको युगमा विश्वका जुनसुकै स्थानमा पुगे पनि आफ्ना उत्पादन अब्बल सावित हुन सकून् भनेर शिक्षण विधिमा विशेष ध्यान पुऱ्याएको छ। तीनवटा पुस्तकालय भएको यस कलेजका विद्यार्थीले पुस्तक किन्नुपर्दैन। ग्रुप डिस्कसन, अडियो भिजुअल कक्षा, गेष्ट लेक्चर्स, पावरप्वाइन्ट प्रेजेन्टेसन एवं सेमिनार आयोजना गरेर विद्यार्थीसित प्रत्यक्ष अन्तरक्रिया गर्दै अध्यापन गराउनु मेरिल्यान्डको विशेशता हो।

विराटनगरको केन्द्र रंगेली रोडमा अवस्थित मेरिल्यान्डको सफलताको श्रेय प्राध्यापन कार्यमा समेत अनुभवी व्यवस्थापन पक्षलाई जान्छ। दक्ष शिक्षक तथा प्राध्यापकहरूको समूहबाट सञ्चालित यस कलेजले पारिवारिक वातावरणमा शिक्षा प्रदान गर्दै आएको छ।

कलेजका अध्यक्ष गुणराज ढुंगेल विद्यार्थीको शैक्षिक स्तर बुझेर त्यसैअनुरूपको शिक्षण विधि अपनाएका कारण कलेजले लक्ष्यअनुसार सफलता हासिल गरेको बताउँछन्। उनी भन्छन्-'सभ्य-सुसंस्कृत एवं सफल विद्यार्थी उत्पादन गर्ने कलेजको रूपमा पूर्वाञ्चलका अभिभावकहरूले मेरिल्यान्डलाई चिनेका छन्।' शान्त शैक्षिक वातावरणमा मात्र विद्यार्थीले अध्ययन अगि बढाउन सक्छन् भन्ने मान्यता मेरिल्यान्डको छ। अनुशासित र मर्यादित बन्न नैतिक शिक्षा प्रदान गर्दै कलेजले विद्यार्थीको क्यारिअर विकासका निम्ति उचित परामर्श दिने काम गर्छ। शैक्षिक भ्रमण तथा विषयगत ज्ञानका निम्ति स्थलगत अध्ययनमा विद्यार्थीलाई सहभागी गराउनु, अध्ययनमा थप बल प्रदान गर्न निःशुल्क ट्युसन सुविधा दिनु, गर्ल्स होस्टल सञ्चालन गर्नु लगायत मेरिल्यान्ड कलेजका थुप्रै विशेशता छन्।

एमबिएस, एमबिए तथा चार्टड एकाउन्टेन्टमा क्यारिअर विकास गर्ने विद्यार्थीलाई लक्षित गन्तव्यमा पुऱ्याउन मेरिल्यान्डको विविएस कार्यक्रम उपयोगी सावित भएको छ।

खेलकुद, सामान्य ज्ञान, वहस, साहित्यिक प्रतियोगिता, सामाजिक सेवा, औद्योगिक संस्थानको भ्रमण, बजार निरीक्षणजस्ता कुरामा पनि मेरिल्यान्डले विद्यार्थीलाई सहभागी गराउँदै आएको छ। दुई पटक जिल्लास्तरीय इन्टरकलेज फुटवल र क्रिकेट उपाधी जितेको मेरिल्यान्डले पूर्वाञ्चल स्तरीय प्रतियोगिताहरूमा सदैव दह्रो उपस्थिति जनाएको छ। राष्ट्रिय अन्डर नाइन्टिन क्रिकेट टिममा पर्न सफल निश्चल खत्री र सर्वेश श्रेष्ठ मेरिल्यान्ड कलेजका विद्यार्थी हुन्। मेरिल्यान्डमै बिबिएस अध्ययनरत विद्यार्थी ज्योत्स्ना पौडेल भारत्तोलनको ६३ केजी तौल समुहमा स्वर्ण पदक प्राप्त गर्दै नेसनल च्याम्पियन भएकी थिइन्। उच्च माध्यमिक शिक्षा परिषद क्षेत्रीय कार्यालय विराटनगरले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा कलेजकी सज्जा कोइरालाले प्रथम स्थान प्राप्त गरेकी थिइन्।

## कलेजका गौरव



**भारतीय दूतावासले उच्च शिक्षाका लागि दिने १० वटा छात्रवृत्ति कोटामा मेरिल्यान्डका ६ जना विद्यार्थी पर्न सफल भएका थिए। उक्त अवसर पाउने श्रेया खनाल, समिपा अधिकारी, मुक्ति निरौला, चाहना रेग्मीलगायत विद्यार्थीप्रति कलेज गर्व गर्छ। मेरिल्यान्डकै उत्पादन अंकिता खनियाँले पूर्वाञ्चल विश्वविद्यालयको बिबिए कार्यक्रममा विश्वविद्यालय टप गरिन्। मेरिल्यान्डबाट प्लस टु तथा बिबिएस अध्ययन पूरा गरेर देशविदेशका विभिन्न विश्वविद्यालयमा सफल भएका उदाहरण दर्जनौं विद्यार्थी छन्। नेपालका विभिन्न बैंक-वित्तीय संस्था, निर्माण कम्पनी, एयरलाइन्स तथा बहुराष्ट्रिय कम्पनीमा कार्यरत सयौं विद्यार्थी कलेजका गौरव हुन्।**

ADVT.

# अमेरिकी पोर्न फिल्ममा नेपाली युवती

पृष्ठ १ बाट जारी

माया अर्थात् दीपशिखा त्यही दौडमा सामेल छिन् । कुनै स्वच्छन्द युवती यो दौडमा सामेल हुनु नौलो कुरा होइन, अचम्मको कुरा के हो भने उनले आफ्नो परिचय नेपाली भनेर दिएकी छिन् र उनको प्रोफाइल साइटमा पनि नेपालको राष्ट्रिय झन्डा प्रयोग गरिएको छ । पोर्न स्टार बन्न चाहनेहरूलाई अवसर दिने एउटा पोर्न साइट brotherlove.com ले मायाको १६ मिनेटको अन्तवार्ता (अडिसन)को भिडियो अपलोड गरेको धेरै भैसकेको छ । चुरोटको सर्को तानेर छिल्लिँदै उनले दिएको अन्तर्वार्ताको एक भागमा अन्तर्वार्ता लिने अमेरिकी पुरुष स्वरले उनीसँग नेपाली भाषामा बोल्न आग्रह गर्दै अंग्रेजी अश्लील शब्दलाई नेपाली भाषामा अनुवाद गर्न लगाएका छन् । अनि माया नाम बताउने ती यौनसुन्दरीले केही बेर अकमकाउँदै ती शब्दको अनुवाद नेपालीमा गरेकी छिन् ।



**को हुन् त यी माया ?**

मायाको त्यही एकमात्र अन्तर्वार्ताका आधारमा उनको नेपाल वा नेपालीसँग कुनै न कुनै रूपबाट संलग्नता छ भन्ने ठहर हुन्छ। उनको भाषा सुन्दा उनी लामो समय अमेरिका बसे पनि उनको मातृभाषा नेपाली नै हो भन्ने प्रष्ट हुन्छ। उनले अमेरिकाको यौनचलचित्र उद्योगमा आफूलाई नेपाली भनेर परिचित गराएपछि अमेरिकामा बसेका नेपालीहरूबीच उनको खोजी सुरु भयो । मायाका तथ्यहरू जति सार्वजनिक हुँदै गए, त्यसले अमेरिकामा बसोबास गरिरहेको नेपाली समाजमा हलचल मच्चायो । प्रवासी नेपालीहरू संलग्न sajha.org मा अमेरिकामा रहेका नेपालीहरूले उनका बारेमा आफ्नो जानकारीहरू लेखेका छन्। आफूलाई 'वैरागी काइँलो' का रूपमा परिचय दिने एक व्यक्तिका अनुसार माया नामधारी ती यौनसुन्दरीको घर भक्तपुरमा छ र उनी आधा नेपाली, आधा भारतीय हुन्।



आफ्नो परिचयमा 'धराने कान्छा' लेख्ने अर्का व्यक्तिले भने उनी आधा नेपाली होइनन्, पूरै नेपाली भएको दाबी गरेका छन् । पोर्न साइटको अन्तर्वार्तामा मायाले आफू अमेरिकाको फ्लोरिडामा भएको बताए पनि साझा डट ओआरजीमा एक जनाले उनी अमेरिकाको मेरिल्यान्डमा बसोबास गर्ने युवती भएकी र उनका नेपाली अभिभावकहरू पनि साथै रहेको जनाएका छन् । माया उपत्यकाकै स्थानीय बासिन्दा भएको आफूले छ महिना जतिअघि एक ग्रोसरी स्टोरका नेपाली सञ्चालकबाट थाहा पाएको कुरा पनि उनले उल्लेख गरेका छन् ।

यसका साथै मायाले एउटा ब्लु फिल्ममा काम गरेको ८० हजार डलर (लगभग ६० लाख रुपैयाँ नेपाली) पारिश्रमिक लिने गरेको पनि 'ब्याड ब्रेन्स' छद्म नामधारी ती व्यक्तिले जनाएका छन् । छोरीले पोर्न चलचित्रमा काम गर्न थालेको थाहा पाएपछि मायाका अभिभावकहरू नेपालीहरूको समाजमा लज्जित भएको तथा मायाको वास्तविक नाम दीपशिखा झा भएको उनले उल्लेख गरेका छन्। ती व्यक्तिका अनुसार मायाका अभिभावकले उनीसँग सबैखाले सम्बन्धविच्छेद गरेका छन् । अर्कातर्फ 'धराने कान्छा'ले भने उनको थर झा नभएर कार्की भएको दाबी गरेका छन् ।

गुगल सर्च इन्जिनमा Maya Bazin टाइप गरी सर्च गर्दा आफूलाई नेपाली बताउने सेक्स सुन्दरी माया बेजिन अर्थात् दीपशिखा कार्की/झाका भिडियो, अन्तवार्ता, तस्विर आदि फेला पार्न सकिन्छ । youtube.com मा पनि मायाले दिएको एउटा अडिसनको भिडियो हेर्न पाइन्छ । त्यहाँ भने उनले आफूलाई भारतीय बताएकी छिन् । यदि उनी साँच्चै भारतीय हुन् भने brotherlove.com मा उनले किन नेपालीमै बोलिन् ? सम्भवतः आफ्नो परिचय लुकाउन मायाले अन्तर्वार्ताको एक दृश्यमा 'भित्र' को साटो हिन्दी शब्द 'अन्दर' प्रयोग गरेकी छिन् ।

**मायाको पहिलो यौनचलचित्र**

मायाको पहिलो यौन भिडियोमा उनी एउटा घरमा अधबैंसे पुरुषसँग प्रवेश गर्दा भित्र ढुकेर बसेको मानिसले हतियार देखाएर ती अधबैंसेलाई आफ्नो कब्जामा लिन्छ, अनि मायासँग यौन क्रियाकलाप गर्न थाल्छ, जसमा पछि गएर ती अधबैंसेले पनि साथ दिन्छन् । मायाले ती दुवै पुरुषसँग प्राकृतिक-अप्राकृतिक यौनक्रीडा गर्छिन् । उनको पहिलो यौन चलचित्र निकै स्तरीय प्रविधिमा निर्माण भएको छ । उक्त भिडियो डाउनलोड गर्न cumeatingcuckolds.com /guest/galleries/ maya_ bazin मार्फत ३० देखि १ सय अमेरिकी डलर खर्चिनुपर्ने हुन्छ, यद्यपि भिडियोको ट्रेलर भने सित्तैँमा हेर्न पाइन्छ । मायाको पूरै अन्तवार्ता सुन्न बेब बारमा www.brotherlove.com/video-archive/maya-bazin टाइप गर्नुपर्छ ।

# वास्तविक नाम दीपशिखा नै

आफूलाई नेपाली बताउने अमेरिकी यौन चलचित्रकी स्टार माया बेजिनको वास्तविक नाम दीपशिखा नै हो । उनको एउटा अर्को अडिसनको भिडियो पोर्न साइट bangbros.com पनि फेला परेको छ । सेतो स्लिभलेस र जिन्स लगाएकी माया अर्थात् दीपशिखाको अडिसन कुनै रेकर्डिङ स्टुडियोजस्तै देखिने कोठामा लिइएको छ । भिडियोको सुरुवातमै माया भनिएकी उनले आफ्नो नाम दीपशिखा भएको र त्यो नाम नेपाली भएको बताएकी छिन् । भिडियोमा स्वर मात्र सुनिने अडिसन लिने व्यक्ति एक पोर्न स्टार भएको उनीहरूबीचको वार्तालापका क्रममा स्पष्ट हुन्छ । दिनको कम्तीमा दुई युवतीसाग यौनसम्पर्क राख्ने आफ्नो दिनचर्याका बारेमा ती व्यक्तिले हालसम्म ४ हजारजति युवतीसाग सम्पर्क राखेको बताउँदा दीपशिखा चकित परेकी छिन् । दीपशिखाले आफू हाल प्लस टु पढिरहेको र मोजमस्ती गर्न भन्दा पनि ग्र्याजुएसन गर्ने उद्देश्यले स्कुल जाने गरेको बताएकी छिन् । १४ वर्षको उमेरमा २१ वर्षका युवकसाग पहिलो पटक यौनसम्पर्क गरेको र ती युवकसाग लगातार दुई वर्ष सम्पर्क गरेको उनले बताइन् । उनले आफूलाई केटाहरूले 'युज एन्ड थ्रो' गरेका कारण केटासाग भन्दा केटीहरूसाग सम्बन्ध गाँसेको पनि बताएकी छिन् । दीपशिखाले आफू महिला समलिंगी भएको र ३० जना केटी साथीसाग सम्बन्ध राखेको बताएकी छिन् । एउटा केटासाग आफ्नो 'इन्गेज्मेन्ट' पनि भैसकेको र ऊसागको यौनसम्बन्ध राम्रै भए पनि चित्तबुझ्दो नभएकाले सम्बन्ध राम्रो नभएको उनले उक्त अडिसन भिडियोमा भनेकी छिन् । निकै उत्तेजक ढंगबाट लिइएको उक्त अडिसनलाई दीपशिखाले आफ्नो दोस्रो अडिसन भनेकी छिन् । अडिसनको अन्त्यमा ती पोर्न स्टारले दीपशिखासाग यौन सम्पर्क गरेका छन्, जसको भिडियो तथा ट्रेलर पनि वेबसाइटमा फेला पार्न सकिन्छ । अडिसनको 'फुल भर्सन' हेर्न भने पैसा तिर्नुपर्ने हुन्छ । उनका यौन भिडियोको थ्रिडी भर्सन पनि तयार भैसकेका छ । माया अर्थात् दीपशिखाको भिडियो खिच्ने क्यामरा तथा प्रविधिको प्रयोग गरिएको छ ।





**अन्तिम भर्ना ! अन्तिम भर्ना !!**
अब, केहि दिन मात्र बाँकी ।

**प्राईभेट Test/ SLC-067**
विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल ।
भर्खरै ९ तथा Test फेल भएका, कक्षा ८ पास भई, विविध कारणले पढाई रोकिएकाहरूले सिधै कक्षा १० मात्र पढि सजिलै SLC पास गर्ने सुवर्ण अवसर ।

**६ महिनामै +2**
कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने । (NIOS Board)
- Science, Management, Arts Faculty भएको ।
- +2, A-Level फेल भए पनि परीक्षा दिन पाईने ।
- TU, KU, HSEB तथा विश्व भरी मान्यता भएको
- जागिरे तथा गृहणीले घरैमा पढेर परीक्षा दिन पाईने ।
- नेपाली तथा अंग्रजी माध्यमवाट परीक्षा दिन पाईने ।

कक्षा समय: विहानी, दिउँसो र वेलुकी
Medium: English / Nepali

साथै, ✪English, Japanese, Korean Language Classes. (जान्दै नजान्नेलाई विशेष कक्षाको ब्यवस्था ।) ✪Basic to Advance Computer Courses, ✪Tuition for all level all subjects...
नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त ।

| सोह्रखुट्टे | चावहिल | लगनखेल |
|---|---|---|
| पिस भिजन | जेन्युईन | रियल भिजन |
| Ph.: 4389300, 016913286 | Ph.:4462184, 9841575318 | Ph.:2296449, 9841471537 |

**प्राईभेट Regular Test/SLC - 2067**
- भर्खरै कक्षा ९ तथा Test फेल भएका
- ८ पास ९,१०, Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
- उमेर नाघेका, जागिर गर्दै, घरमै बसि अध्ययन गर्न चाहानेहरु
- कक्षा ९ नपढी सिधै Test/SLC दिन पाईने

**भर्ना खुल्यो**
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने

**सजिलै ८ पास गरौं**
- कक्षा ५,६,७,८ पढ्दा पढ्दै विविध कारणले बिचैमा पढाई छाडेका विद्यार्थी, गृहणी,महिला, पुरुषहरुको लागी कक्षा ८ मा भर्ना भईरहेको छ ।
- यसै स्कुल बाट कक्षा ८ पास भएका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधैं १० पढ्न पाउने ।

**बाइरन मा. वि.**
बनस्थली,चोक, काठमाडौं
01-4364888, 9841700087

**RJ VJ MC उद्घोषण तालिम**
रेडियोकर्मीद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुंइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
रू १०००/ छुट
BIKALPA THE OPTION फोन: ०१–२२९०१६८, ०१–४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

**The Flying Institute**
announces Admission open for
**Airhostess Training**
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

**हाईट बढाउने ?**
३ महिनामा ४" उचाई बढाउने
- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)

**नेचुरल हेल्थ केयर**
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

# कुनै विषय कठिन हुँदैन



सबै छात्रछात्रालाई सबै विषयमा समान रुचि हुँदैन। उनीहरूलाई कतिपय विषय धेरै सजिलो लाग्छ भने कतिपय धेरै नै कठिन। जुन विषयमा उनीहरूको रुचि हुँदैन वा जुन विषय उनीहरूलाई कठिन लाग्छ, त्यसप्रति उनीहरू उदासीन हुन्छन्। यही उदासीनताले परीक्षामा कम अंक दिलाउँछ वा अनुत्तीर्ण गराउँछ।

स्कुल होस् वा कलेज, जुनसुकै कक्षामा अध्ययनरत होस्, विद्यार्थीले विभिन्न विषयको दुई वा त्योभन्दा बढी पेपरको परीक्षा दिनुपर्ने हुन्छ। उनीहरूमा सबै विषयमा समान रुचि हुँदैन, यद्यपि यी सबै विषयको महत्त्व समान छ। यी जम्मै विषयको अंक जोडेर मात्र परीक्षाफल तयार हुन्छ। कतिपय विद्यार्थी यस्ता पनि छन् जसले कोर्सको एक अथवा दुई पूरै इकाई छाडिदिन्छन्, किनभने त्यो उनीहरूलाई कठिन लाग्छ। जबकि परीक्षामा प्रत्येक इकाईबाट प्रश्न सोधिन्छ। परिणाम स्वरूप उनीहरू सबै प्रश्नको उत्तर दिने स्थितिमा हुँदैनन् र धोका खानुपर्छ।

कुनै पनि विषय कठिन हुँदैन। यदि एकपटकमा बुझ्न सकिएन भने त्यसलाई दोहोर्‍याएर पढ्नुपर्छ। फेरि पनि बुझ्न सकिएन भने शिक्षकसँग सोध्नुपर्छ, तर कठिन मानेर त्यसबाट भाग्ने प्रयास गर्नु हुँदैन। जो त्यसलाई पढ्न झर्को मान्छन्, उक्त विषयमा उनीहरूको आधार कमजोर हुन पुग्छ।

विद्यार्थी अंग्रेजी, गणित र विज्ञानसँग डराउँछन्। उनीहरूको मनमा यी विषयप्रति यति डर हुन्छ कि उनीहरू ती विषयबाट टाढा भाग्न थाल्छन्। यहाँसम्म कि कहिल्यै किताब-कापी खोलेर हेर्दैनन्। कतिपय विद्यार्थीले अर्को विषयमा ७५ प्रतिशत वा त्योभन्दा पनि बढी अंक ल्याइरहेको हुन्छ भने कुनै एउटा विषयमा उसको १० प्रतिशत अंक पनि आइरहेको हुँदैन। यो एउटा विषयले उसको सारा परीक्षा परिणामलाई प्रभावित गर्छ। अन्य विषयमा राम्रो विद्यार्थी कुनै एउटा विषयमा पिछडिएको वा कमजोर हुन सक्दैन। उसमा प्रतिभा त हुन्छ, तर आत्मविश्वासको कमी हुन्छ। यदि त्यस्ता छात्रले कुनै विषयलाई कठिन मान्ने डर आफ्नो मनबाट निकालिदिन्छ भने उसले परीक्षामा राम्रो गर्न सक्छन्।

यदि कुनै विद्यार्थीले कुनै विषय उसको समझभन्दा बाहिर छ भन्ने धारणा बनाउँछ भने साँच्चिकै उसले त्यो विषयलाई कहिल्यै बुझ्न सक्दैन। यसैगरी कुनै अर्को क्लासफेलो वा सिनियरको कुरा सुनेर कुनै एक विषयलाई कठिन मानिहाल्नु बुद्धिमानी होइन। कुनै पनि कठिन विषयलाई पढेर सरल बनाउन सकिन्छ।

जुन विषय कठिन लाग्छ, त्यसमा विशेष ध्यान पुर्‍याउनुपर्छ। उक्त विषयको क्लास कहिल्यै छोड्नुहुँदैन। कुनै कुरा बुझ्न सकिएन भने बिनाकुनै हिचकिचाहट शिक्षकसँग सोधिहाल्नुपर्छ। प्रश्न गर्दा नबुझेका कुरा स्पष्ट मात्र हुँदैन, यसले छात्रको सम्बन्ध त विषयमाथिको पकड बलियो बनाउँछ। घरमा पनि त्यो विषयलाई बढी समय दिनुपर्छ। यदि आवश्यकता महसुस भए सम्बन्धित विषयको ट्युसन पनि लिन सकिन्छ।

कतिपय विषयलाई याद गर्नु वा रट्नुपर्छ भने कतिलाई बुझ्नुपर्छ। कतिमा यी दुवैको आवश्कता पर्छ। गणित विषयलाई नै लिऊँ। यसको सूत्र रट्नुपर्छ, जबकि त्यसलाई हल गर्ने विधि बुझ्नुपर्छ। यदि कुनै छात्रले कुनै सूत्र बुझ्यो भने उसले कठिनभन्दा कठिन प्रश्न सजिलै हल गर्न सक्छ।

कुनै पनि विषय आफैँमा कठिन हुँदैन। यदि त्यस्तो हुन्थ्यो भने त्यस्तो विषयमा कतिपय छात्रले १०० मा ९९ अंक ल्याउने थिएनन्। स्पष्ट छ, विषय कठिन हुँदैन। आफ्नो सोचले त्यसलाई सरल वा कठिन बनाउँछ। छात्रछात्राले कठिन लाग्ने विषयमा बोलेर वा लेखेर अभ्यास गर्न सक्छन्। पटक-पटक अभ्यास गर्नाले कठिन विषय पनि सरल लाग्न थाल्छ।

# परीक्षाफल, विद्यार्थी र अभिभावक

परीक्षाको चिन्ता, राम्रो प्रदर्शनको दबाब एवं अभिभावकको उच्च अपेक्षा, तीनवटै कुराले विद्यार्थीको जीवन तनावपूर्ण हुन्छ। फलस्वरूप आजभोलि परीक्षासम्बन्धी तनावका कारण पीडित विद्यार्थीको सङ्ख्यामा निरन्तर वृद्धि भैरहेको छ। ८० प्रतिशतभन्दा बढी विद्यार्थी परीक्षाअगावै एक्जाइटीको सिकार हुन्छन् भने कतिपय मनोचिकित्सकको सल्लाह लिन पुग्छन्। यो तथ्यले एउटै कुरालाई सङ्केत गर्छ– यस दिशामा चाँडै कुनै ठोस कदम चाल्नुपर्ने आवश्यकता छ।



### कारण

परीक्षाफल बिग्रिएको खण्डमा विद्यार्थीमा स्वयंलाई असर पुर्‍याउने प्रवृत्ति किन जन्मन्छ ? परीक्षाफल बिग्रिएको खण्डमा विद्यार्थीको मनमा सबैभन्दा पहिले यही विचार आउँछ- बाँकी साथी त सफल भैहाले, म मात्र असफल भएँ। यस्तो स्थितिमा उसमा एक्लोपनको भावना उत्पन्न हुन्छ। उसलाई आफ्नो आत्मसम्मानमा कमी आए जस्तो लाग्छ। यस्तो स्थितिमा परिवारले पनि उसैलाई बलिको बोको बनाई उसको आलोचना गरिरह्यो भने स्थिति थप बिग्रन सक्छ।

### समाधान

यसप्रकारको समस्याबाट बच्न परीक्षाको परिणाम निस्कने बेलामा विद्यार्थीलाई काउन्सिलर उपलब्ध गराउनुपर्छ। जसको परीक्षाको परिणाम राम्रो छैन उसलाई काउन्सिलरले मानसिक रूपमा सान्त्वना दिन सक्छन् र भविष्यप्रति प्रेरित गरेर निराशाबाट बच्न सहयोग गर्छन्। यो कार्य सामूहिक वा आवश्यकताअनुसार व्यक्तिगत रूपमा पनि गर्न सकिन्छ। परीक्षाफल बिग्रिएको खण्डमा छात्रछात्राले आफ्नो आत्मसम्मानमा कमी आएको महसुस गर्छन्। यस्तो अवस्थामा उनीहरूको आत्मसम्मानलाई पुनः बहाली गर्नुपर्ने आवश्यकता हुन्छ। यस प्रकारको अवस्थाबाट जोगिन काउन्सिलरले अभिभावकहरूलाई पनि प्रशिक्षित गर्न सक्छन्।

### स्कुलको भूमिका

यस्तो परिस्थितिमा स्कुल-कलेजको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। स्कुल-कलेजले विद्यार्थीलाई भावनात्मक रूपमा सहयोग गर्न सक्छन्। विद्यालयमा छात्रछात्राको आलोचना गर्नुहुँदैन। यसबाहेक एक छात्रलाई अर्को छात्रसँग तुलना गर्नुहुँदैन। आवश्यकता महसुस भए स्कुल-कलेजद्वारा अतिरिक्त सहयोग वा गाइडेन्स दिन सकिन्छ। विद्यालयमा नियमित रूपमा करियर काउन्सिलिङको व्यवस्था गर्नुपर्छ।

### ध्यान दिनुपर्ने कुरा

अभिभावकले छात्रछात्रामा हुने निम्नलिखित परिवर्तनमाथि ध्यान दिनु आवश्यक छ :

- पटकपटक रुन्छ वा रुन मन लाग्छ।
- एक्लै बस्न रुचाउँछ।
- साथीभाइसँग बोलचाल गरिरहेको छैन।
- राम्रो निद्रा लागिरहेको छैन।
- भोक लागेको छैन।
- चिडचिडाहट बढेर गएको छ।
- कुनै पनि कुरामा रुचि लिइरहेको छैन।

उपरोक्त लक्षणहरू कुनै छात्रछात्रामा देखा परे अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। यस प्रकारको स्थितिमा अभिभावकले सतर्कता अपनाउनु बुद्धिमानी हुन्छ।

● श्यामकुमार सिंह

JOIN THE BRITISH ARMY & SINGAPORE POLICE

*We heartily congratulate the following candidates and all his family who have been selected in the British Army & Singapore Police for intake 2010*


Ashok Gurung | Dev Gurung | Milan Shrestha | Nabin Pun | Nirmal Gurung | Pasan D. Sherpa | Rakesh Lama | Roshan Khatri | Raja Chand | Suman Rana | Sanjiv Rai

Now ? Your ? Turn ? Hurry Up !

We announce new admission for intake 2011 (Physical & Education)

For Details:
BRITISH GURKHA RECRUITMENT INSTITUTE & TRAINING CENTRE

Contact:
01- 4008568, 01-6214244
Chabahil, Dhobikhola
(Near by Dhumbarahi Swimming Pool)
Oppisite Om Hospital

अर्जेन्ट आवश्यकता

International Company लाई विभिन्न पदमा कर्मचारीहरुको आवश्यकता Part time/Full time Job को व्यवस्था।
तलब: १६,०००/-
संख्या: १० महिला/१० पुरुष
योग्यता: Test, SLC +2 + above र Basic Computer जानेका
सम्पर्क: 01-2141688, 9751003929, 9803075981
बागबजार
नोट: SLC, +2 दिएका विद्यार्थीलाई प्राथमिकता
शनिबार अफिस खुल्ला हुनेछ।

रिचमण्ड कलेजको सूचना

यही २०६७ आषाढ १८ गते शनिवार बिहान ११ बजे यस कलेजका पूर्व विद्यार्थीहरुको बीचमा पुनर्मिलन तथा रक्तदान कार्यक्रम आयोजना गरिने भएको हुँदा सम्पूर्ण पूर्व विद्यार्थीहरु र इच्छुक रक्तदाताहरुलाई हार्दिक निमन्त्रणा गरिन्छ ।

स्थानः रिचमण्ड इन्टरनेशनल कलेज प्राङ्गण
कलंकी, काठमाडौं ।
फोन : ४२७५९२७, ४२७३६८१

Spa Therapist Training




Highly Job Oriented
Duration 3 month
Few Seat available
Class Starts from 1st Shrawan 2067
Wellness Hospital
alternative medicine
We Care!
Bansbari, Kathmandu
Tel: 4371877

Language & Computer



English: *Elementary, Intermediate & Advanced Courses*
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice & interactive method..)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/ Korean/German/Chinese French/ Spanish/ Italian.. classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
UNPOL SAT Preparation Classes are going on!
*Our Products: Language books/Cassettes/CDs/Video DVDs ....*
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way
Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
*(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)*

# इन्फोट्रेडको भव्य आयोजना



विदुर खतिवडा/शिव मुखिया

सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्बद्ध बृहत् मेला आईसीटी इन्फोट्रेड-२०१० हिजो बिहीबारदेखि प्रारम्भ भएको छ। आईसीटी एसोसिएसन अफ नेपालको आयोजनामा पाँच दिनसम्म चल्ने इन्फोट्रेडको यो तेस्रो संस्करण राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा चलिरहेको छ।

विकास नेपालीले रिबन काटेर उद्घाटन गरेको यो मेलामा सूचना तथा सञ्चार प्रविधिसम्बद्ध पछिल्ला उपकरणहरू प्रदर्शनमा छन्। विकास नेपाली रोबोटको नाम हो। यो स्वचालित रोबोटले उद्घाटनका क्रममा केही हिँडेर रिबन काटेको थियो। 'हामीले मन्त्री, प्रधानमन्त्रीबाट मेला उद्घाटन गर्ने ट्रेन्डलाई निरुत्साहित गर्ने उद्देश्यले नै रोबोटमार्फत उद्घाटनको कार्यक्रम राखेका हौं,' आईसीटी एसोसिएसन अफ नेपालका अध्यक्ष सागरदेव लाखेले भने- 'त्यसमा पनि यो प्राविधिक मेला भएकाले पहिलो पटक स्वचालित रोबोट विकास नेपालीलाई अवसर दिइएको हो।' विकास नेपालीलाई पुल्चोक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले मेलाका लागि तयार गरेका हुन्। विद्यार्थीहरू कपिल पुडासैनी, विशेष खनाल तथा दीपक गुरुङले तयार गरेको यो रोबोटले टेबलमा हिँड्दै रिबन काटेको थियो। उद्घाटन समारोहलाई भव्यता प्रदान गर्न आयोजकले सोही समयमा सिम्रिक एयरको हेलिकप्टरबाट पुष्पवृष्टि पनि गराएका थिए।

मेलामा सूचना तथा सञ्चार प्रविधिअन्तर्गत विभिन्न ब्रान्डका ल्यापटप, डेस्कटप कम्प्युटर, मोबाइल फोन सेट, आइपड, पेनड्राइभ, सिडि-डिभिडी, हुफरजस्ता उपकरण प्रदर्शनमा राखिएको छ।

'सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सँग आम उपभोक्ताको सम्बन्ध गाँसिएकाले यो क्षेत्रमा विकास भएका नयाँ प्रविधिहरूका बारेमा उपभोक्तालाई जानकारी गराउन इन्फोट्रेडको आयोजना गरिएको हो।' आयोजक आइसीटी एसोसिएसनका कोषाध्यक्ष तथा मेला संयोजक सिएन उपाध्यायले भने- 'विगतका दुई संस्करणका इन्फोट्रेड सफलताका साथ सम्पन्न भएकाले यसपटक पनि इन्फोट्रेडको आयोजनालाई निरन्तरता दिइएको हो।'

इन्फोट्रेडमा १० वटा प्याभिलियनअन्तर्गत ६२ वटा कम्पनीका १ सय १० वटा स्टल रहनेछन्। आईसीटी क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी व्यवसायी एवं संस्थाले इन्फोट्रेडमा आफ्ना पछिल्ला उपकरणहरू सार्वजनिक गर्ने मेला व्यवस्थापन समितिका संयोजक उपाध्यायले बताए। उपाध्यायका अनुसार अहिलेको युवा पुस्तालाई लक्षित गरेर कम्पनी तथा व्यवसायीहरूले उनीहरूले रुचाउने उत्पादन प्रदर्शनीमा प्रस्तुत गर्नेछन्। 'इन्फोट्रेडमा थुप्रै नयाँ कुरा देख्न पाइनेछ, अहिलेसम्मकै सबैभन्दा सस्तो ६ हजार ५ सय रुपैयाको ल्यापटपले मेलाको आकर्षण बढाउनेछ', संयोजक उपाध्यायले भने- 'मेला अवलोकन गर्नेहरूको संख्या ३ लाख नाघ्ने हाम्रो अनुमान छ।' मेलामा पुराना कम्प्युटरसँग नयाँ कम्प्युटर साट्ने तथा अहिलेसम्मकै सबैभन्दा सानो ल्यापटप बिक्रीमा राखिनेछ। मेलामा इन्टरनेट सेवाप्रदायक संस्थाहरू, क्याम्पस आदिका साथै सूचना प्रविधिसम्बन्धी तालिम उपलब्ध गराउने संस्थाहरूको पनि सहभागिता छ।

मेला अवलोकन गर्न विद्यार्थीले ५० रुपैयाँ तथा अरूले १ सय रुपैयाँ तिर्नुपर्छ। यस्तै असार १३ गतेसम्म एसोसिएसनको वेबसाइट आईसीटीडटओआरजीडटएनपीमा गएर आफ्नो नाम दर्ता गर्ने सबैलाई निःशुल्क प्रवेश दिइनेछ। एसोसिएसनका अध्यक्ष लाखेका अनुसार नाम दर्ता गराएकाहरूको लिस्ट बोकेर स्वयंसेवकहरू मेलाको गेटमा बसेका हुनेछन्।

प्रदर्शनीमा स्टल राखेका कम्पनी तथा व्यापारिक संस्थाहरूले इन्फोट्रेड अवधिभरका लागि विभिन्न स्कीम तथा अफरहरू सार्वजनिक गरेका छन्। 'हामीले देखेका ठुला उपकरणहरू खल्तीमा अट्ने आकारमा आइसकेका छन्, खल्तीमा अट्ने उच्च क्षमताका थुप्रै उपकरण यसपटकको इन्फोट्रेडमा देखिनेछन्,' अध्यक्ष लाखे भन्छन्- 'त्यस्ता उपकरण इन्फोट्रेड अवधिमा खरिद गर्दा उपभोक्ताले छुटका अतिरिक्त उपहार पनि पाउनेछन्।'

व्यवस्थित शैलीमा आयोजना गरिएको इन्फोट्रेडमा अवलोकनकर्ता मुल गेटबाट छिरेपछि प्रत्येक स्टल हेर्दै बाहिरिने गेटमा पुग्छन्। आयोजक आईसीटी एसोसिएसनले इन्फोट्रेड आयोजनाबाट संकलित रकम सूचना तथा सञ्चार प्रविधि विकासका निम्ति खर्चिने बताएको छ।

## मेलाको मूल आकर्षण

आइसिटि इन्फोट्रेडमा अहिलेसम्मकै सबैभन्दा कम मूल्यको नोटबुक देखिनेछ। सागर इन्टरनेसनलले ल्याएको भिटि ८५०५ प्रोसेसरको यो ल्यापटपको मूल्य ६ हजार ५ सय रुपैयाँ छ। यो नोटबुकमा १ सय २८ तथा ५ सय १२ एमबी मेमोरी र २ तथा ४ जीबी हार्डडिस्क (एनएएड फ्याक्स डिस्क) छ। यो चिनियाँ उत्पादनको नाम माइक्रो ल्यापटप हो, जसको स्क्रिन ७ इन्च छ। २ घण्टा ब्याट्री ब्याकअप भएको यो ल्यापटपमा २ सय ५० जीबीसम्म एडिसनल हार्डडिस्क तथा डिभिडी रोम राखेर काम गर्न सकिनेछ। विशेष गरी इन्टरनेट प्रयोगकर्ताका लागि तयार पारिएको यो ल्यापटपमा वर्ड, एक्सल तथा फोटोसप चलाउन सकिन्छ। स्कुले बालबालिका तथा वृद्धहरूका लागि यो ल्यापटप उपयोगी छ। यो ल्यापटप अन्य व्यवसायीले पनि भित्र्याउने भएका छन्। यो ल्यापटपमा वारेन्टी सुविधा दिइएको छ। हाल सीमित मात्रामा ल्याइएको यो ल्यापटप उपभोक्ताले रुचाए बुकिङ गरेर चाँडै नै उपलब्ध गराइने सागर इन्टरनेसनलका सागरदेव लाखेले बताए।


६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था छ।
प्राईभेट Test/SLC-2067
विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरु सहभागी गराँउदै पास गराउन सफल।
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरुका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC दिन पाइने एक वर्षे प्राईभेट Test/ SLC कक्षामा अन्तिम भर्ना लिईदै गरेको हुदाँ चाडै सम्पर्क गर्नुहोला। सिट सिमित।
माध्यम: अंग्रेजी, नेपाली दुवै। समय: बिहान, दिउँसो र साझ।
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437

होटल तालिम होटल खुम्जुङमा
Cook/ Waiter / House Keeping/ Bar-man/ Laundry /Caregiver /Bakery तथा अंग्रेजी/ जापानी/ नेपाली भाषा लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिईदैछ। विदेश गईहाल्नु पर्ने/हाउसवाइफ/कुकिङ र अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष व्यवस्था गरिएको छ। आजै सम्पर्क राख्नुहोस्।
Hotel Khumjung Pvt. Ltd.
फोन: 4016111 र 4016194
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व

100% फिटनेस
जाँड-रक्सीको कुलत छुटाउने "डिफयूज-एल" हर्वल चूर्ण
विशुद्ध किफायती ब्रान्डेड प्राडक्ट
स्तन घटाउन तथा बढाउन Elevation Bust Cream
गुप्ताङ्ग टाईट महिला यौन ईच्छाजागृत
शरीरको मोटोपना घटाउन/तौल बढाउन
ग्यारेण्टी कपाल झर्न रोक्ने SBL तेल
उत्तेजना तथा लिङ्गको विकास गर्न
Kirtipur 01-4336701 9803502259
Kalimati 01-4276068 9841981976
Free Home Delivery

बेदाग गोरो बनाउने आयुर्वेदिक रूपअमृत Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग धोया पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
No side effect 100% Garantee
जाँड-रक्सीको कुलत बाट छुटाउने सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, माशाला (द्वारिका हाटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

तु.आवश्यकता
International Project को URI कार्यालयलाई केही थप कर्मचारी आवश्यकता।
योग्यता - S.L.C. or +2 Above
सङ्ख्या - 7 Gents/5 Ladies
तलब - 10,500+ अन्य
(होस्टेलको सुविधा भएको)
Contact: 01-6637290, 9841680647, 9841574773
लोकेशन: नयाँठिमी शंखधरचोक, भक्तपुर
नोट: (बुझ्न आउँदा Document अनिवार्य हुनुपर्ने।

What after Exam ?
उद्घोषण/ANCHORING (RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount
Job opportunity for the best

सान्डा तेल
लिङ्ग मोटो लामो खडा गर्ने शीघ्रपतन रोक्ने No. 1 सान्डा तेल
चायाँ पोतो डण्डीफोर Wrinkle ग्यारेन्टी हटाउने क्रिम
स्तन सानो, ठुलो, टाईट गर्ने जेल -CAPSULE
गुप्ताङ्ग ग्यारेन्टी टाईट गर्ने -DROPS
मोटोपना घटाउने B-SLIM, बढाउने B.D.P.
H.T.H. -नयाँ बसपार्क
9721539235, 9803436438
जस्तो सुकै यौन दुर्बलताका लागि Herbal Levitra
खुनी/बादी पाईल्स ग्यारेन्टी निकोपार्ने जडिबुटि चूर्ण

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

तु-आवश्यकता
यस कम्पनीको चौथो ब्रान्च विस्तारको लागी विभिन्न पदमा कर्मचारी चाहियो।
संख्या :10 Ladies/11 Gents
योग्यता :SLC Avove
तलब :4,000 देखि 10,000 पद अनुसार
ACCESS Kalanki
9841887523
9803596158
नोट: पुरानो मकालु काउन्टर बाट ज्ञानोदय मार्ग १०० मिटर भित्र।

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाइनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*5 Star होटलका प्रशिक्षक बाट तालिम।
*बिदेश जानेहरुको लागि स्पेशल कोर्ष।
*Ex-practical को लागि होटलहरुमा पठाईने।
सक्षम नभएमा पुनः कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) संगै
फोन: 01-4384548

100% Guarantee
यौन यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन बढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन बढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम वाथ एलर्जी
सम्पर्क: महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

अनुहार को चायाँ, पोतो, डन्डिफोर, रिङ्कल
100% Guarantee का साथ हटाउन
हाइट बढाउन, ब्रेस्ट बढाउन/घटाउन
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि) (कुमारी बैंकको पछाडि)
फोन: 4168115
मो: 9851014602

# नयाँ प्रविधिका मोबाइल फोनहरु

कुराकानी एवं सञ्चार सम्बन्धका लागि हत्केलाभरिको मोबाइल अपरिहार्य बन्दै गएको छ। मोबाइल सेवा लिने उपभोक्ताको संख्या दिन-प्रतिदिन बढ्दो छ। यसले मोबाइल सेटको कारोबारलाई उचाइमा पुऱ्याएको छ। बढ्दो मागकै कारण विभिन्न ब्रान्डले प्रतिस्पर्धात्मक बजारमा थरी-थरीका मोबाइल सेट उतारेका छन्। यसै क्रममा न्यरोडको ताम्राकार कम्प्लेक्सस्थित **सिटिभी मोबाइल सेन्टरले** नोकिया, एचटिसी, सामसुङ, सोनी इरिक्सनजस्ता ब्रान्डका पछिल्ला उत्पादनलाई बजारमा ल्याएको छ। सिटिभी मोबाइल सेन्टरले सुपथ मूल्यमा मोबाइल सेट बिक्री गरिरहेको छ।

## नोकियाको एन-९००



नोकियाको एन-९०० सेटमा थुप्रै फिचर समेटिएका छन्। मोमोज ५ अपरेटिङ सिस्टमको यो सेटमा ३ दशमलव ५ इन्चको स्क्र्याचप्रुफ स्क्रिन छ। ३२ जीबी आन्तरिक मेमोरी क्षमतासहितको सेटले १६ जीबीसम्म मेमोरी सपोर्ट गर्छ। यसमा ५ मेगापिक्सेलको क्यामेरा छ। टचस्क्रिन, वाईफाई, ब्लुटथ यो सेटमा पाइने अन्य सुविधा हुन्।

**मूल्य : ५२ हजार ५ सय रुपैयाँ।**

## एचटिसी डिजायर



एचटिसी डिजायरमा एनोरोइड अपरेटिङ सिस्टम राखिएको छ। यसमा विन्डोज पनि अपलोड गर्न सकिन्छ। ५ सय ७८ एमबी ऱ्यामसहितको यो सेटमा १ गिगाहर्ज प्रोसेसर छ। १ जीबी आन्तरिक मेमोरी क्षमताको यो सेटले ३२ जीबी मेमोरी सपोर्ट गर्छ। यसमा ५ मेगापिक्सेलको क्यामेरा छ। यो सेटमा ३ दशमलव ७ इन्चको टचस्क्रिन छ।

**मूल्य : ४८ हजार ५ सय ५० रुपैयाँ।**

## सामसुङ वेभ

सामसुङ वेभमा थ्री जी सिस्टमको सुविधा छ। हाई डिफिनेसनको यो सेटमा ५ मेगापिक्सेल क्यामेरा जडान गरिएको छ। ३ दशमलव ५ इन्चको टचस्क्रिनले युक्त सामसुङ वेभमा वाइफाइ, ब्लुटुथजस्ता थुप्रै सुविधा छन्।

**मूल्य : ४० हजार रुपैयाँ।**



## सोनी इरिक्सन एक्स १०

एन्ड्रोएड अपरेटिङ सिस्टमको यो सेट थ्री जी सिस्टमले युक्त छ। १ जीबी आन्तरिक मेमोरी क्षमतासहित यसले ३२ जीबी मेमोरी सपोर्ट गर्छ। ८ दशमलव १ मेगापिक्सेल क्यामेराको सुविधाले युक्त यो सेटमा ४ इन्चको टचस्क्रिन छ।

**मूल्य : ५० हजार रुपैयाँ।**





## माइक्रोम्याक्स

डब्ल्यु ९०० मोडलको यो सेट विन्डोज ६ दशमलव ५ विन्डोज सिस्टमले युक्त छ। ३ मेगापिक्सेल क्यामेरा भएको यो सेटले १६ जिबी मेमोरी सपोर्ट गर्छ। यसमा ३ दशमलव २ इन्चको स्क्रिन छ।

**मूल्य : १२ हजार ९ सय रुपैयाँ।**



## स्पाइस एस-७००

मल्टिपल भिडियो सिस्टमको यो सेटले १६ बी मेमोरी सपोर्ट गर्छ। यसलाई वेभ क्यामका पमा पनि प्रयोग गर्न सकिन्छ। अनलिमिटेड नवुकयुक्त यो सेट ३ दशमलव २ मेगापिक्सेल ामेराले युक्त छ।

**मूल्य : ११ हजार ९ सय ९० रुपैयाँ।**



## एचटिसी एचडी-२

५ मेगापिक्सेल क्यामेराले युक्त यो सेटमा ४ दशमलव २ इन्चको फराकिलो स्क्रयाचप्रुफ स्क्रिन छ। ४ सय ७८ एमबी ऱ्यामको यो सेटमा १ गिगाहर्जको प्रोसेसर पनि छ। ५ दशमलव १२ आन्तरिक मेमोरी क्षमतासहितको यो सेटले ३२ जिबी मेमोरी सपोर्ट गर्छ। यो सेटलाई विन्डोजको ६ दशमलव ५ अपरेटिङ सिस्टमअन्तर्गत चलाउन सकिन्छ।

**मूल्य : ४८ हजार ८ सय रुपैयाँ।**



## आईफोन

म्याक अपरेटिङ सिस्टमको यो आईफोनमा स्क्रयाचप्रुफ स्क्रिन छ। ३२ जीबी मेमोरी क्षमतासहितको यो सेटमा भिडियो क्यामेरा अपलोडको सुविधा पनि छ। डिजिटल कम्पासयुक्त यो आइफोनमा २ दशमलव ५६ एमबी ऱ्याम छ।

**मूल्य : ७० हजार रुपैयाँ**



# ताइची गुरु हमाल



ज्याकी चयाङका पुराना चलचित्रमा झैं देखिएका छन्– राजेश हमाल । चाइनिज कुङ्फुका गुरुको अनौठो गेटअपमा राजेश हमाललाई झट्ट चिनिँदैनन् । चलचित्रका निर्माता तथा नायक भोजबहादुर गुरुङको भनाइमा राजेश हमाल चलचित्र साहसीका नायक होइनन्, महानायक हुन् । उनी कसरी महानायक भए भन्ने कुरा सार्वजनिक हुने तरखरमा रहेको चलचित्र हेरेपछि प्रस्ट हुने गुरुङ बताउँछन् । भोजबहादुर आफैं पनि मार्शल आर्टका खेलाडी हुन् । चलचित्रका खलनायक ज्याक गुरु मार्शल आर्टको एउटा विधा ताइचीका प्रशिक्षक भएकाले हमाललाई उनले नै खेलको काता सिकाएका छन् अनि त्यसलाई फिल्मी स्टाइल दिएका छन्– द्वन्द्वनिर्देशक योगेन्द्र श्रेष्ठले । गुरुङका अनुसार हमालले चलचित्रको छायांकनमा कमाल गरेछन् । उनले दत्तचित्त भएर ताइचीको काता सिकेछन् । राजेशले चलचित्रका द्वन्द्व दृश्यमा देखाएको काता ताइची खेलाडीले देखाएजत्तिकै स्पष्ट भएको दाबी गुरुङको छ । साँच्चै नै हमालले कमाल गरेछन् कि क्या हो ?

# विकासको डेब्यू



सन् २००२ मा सम्पन्न मिस्टर नेपाल प्रतियोगितामा सेकेन्ड रनर्स–अप विकास चापागाईं अब चलचित्र नायकका रूपमा चिनिनेछन् । विराटनगरका स्थायी बासिन्दा विकासले भर्खरै निर्माण सम्पन्न भएको चलचित्र 'देशले रगत मागे' मार्फत डेब्यू गरेका हुन् । बद्री अधिकारीद्वारा निर्देशित यो चलचित्रमा विकासले राजेश हमालसँगै काम गरेका छन् । मिस्टर कोसी, म्यानहन्टजस्ता प्रतिस्पर्धामा विभिन्न उपाधि जितिसकेका विकास ५ फिट ११ इन्च अग्ला छन् । दुबईमा तीन वर्ष र्‍याम्प मोडलिङको प्रशिक्षण लिएका विकास नेपाली चलचित्रमा चकलेटी नायकका रूपमा स्थापित हुने सम्भावना छ । 'पहिलो चलचित्रको छायांकन पूरा नहुँदै थप केही चलचित्रबाट प्रस्ताव आइरहेको छ,' विकास भन्छन्– 'निर्देशकहरू मलाई राष्ट्रियता झल्कने चलचित्रमा अफर गर्दै हुनुहुन्छ, तर मचाहिं रोमान्टिक चलचित्रको खोजीमा छु ।'

# विल्सन-बोकेदाह्रीको जोडी



बिर्तामोड- गायक श्रीकृष्ण लुइँटेल (बोकेदाह्री) र हास्यकलाकार विल्सनविक्रम राईको जोडीलाई यतिबेला झापा, मोरङका विभिन्न कार्यक्रममा भ्याई-नभ्याई हुन्छ । 'अधिकांश कार्यक्रममा दुईमध्ये एक जनामात्र भए पनि दुवै भएको अनुमान दर्शकले लगाइसकेका हुन्छन्,' राई भन्छन् । क्षेत्रीय स्तरमा हुने सांगीतिक कार्यक्रममा यो जोडीलाई समय-तालिका मिलाउनै फुर्सद हुँदैन । गायक लुइँटेलले भने, 'कहिलेकाहीँ एकै दिन चारवटासम्म कार्यक्रम भैदिन्छन् ।' आफ्नो व्यस्तता सँगै लोकप्रियता पनि उच्च हुँदै गएको उनीहरूको भनाइ छ ।

'कार्यक्रममा राई र लुइँटेलको प्रस्तुति पनि साह्रै मिलेको हुन्छ,' यी दुईको अधिकांश कार्यक्रमको व्यवस्थापनमा सहयोग पुर्‍याउँदै आएका समाजसेवी बलदेव गोम्देन भन्छन्, 'उनीहरूको लोकप्रियता सांगीतिक ड्रग्सका रूपमा दर्शकमा गाडिइसकेको छ ।' कार्यक्रमहरूमा लुइँटेलले आफ्ना लोकप्रिय गीत 'ए बाउ किन्देऊ न भटभटे, मिट मसला मलाई नचला, साली कमला...' आदि प्रस्तुत गर्ने गरेका छन् । राई भने पूरै कार्यक्रम अवधिभर दर्शकलाई हँसाएर हुरुक्कै पार्न व्यस्त हुन्छन् । यी दुईका अधिकांश प्रशंसक भने बालबालिका हुन् । गोम्देनले भने, 'जहाँ गयो, त्यहीँ केटाकेटीले घेरिहाल्छन् ।' अहिले लुइँटेल नयाँ एल्बमको निर्माणमा व्यस्त छन् भने राईले हालै लक्ष्मीनाथ शर्माद्वारा निर्देशित चलचित्र 'सुनको बिहानी'को छायांकन सकेका छन् ।

–हिमाल खरेल

# दिलीपको चलचित्रमा नम्रता



तस्बिर : मेरोसिनेमाडटकम

मंगलबार नायिकाको नम्रता श्रेष्ठको रेस्टुराँ एटिकमा नायक दिलीप रायमाझी तथा निर्देशक सुरेशदर्पण उत्साहका साथ पुगे । एकैछिनपछि नम्रता पनि त्यस्तै उत्साह बोकेर आइन् । मौखिक कुराकानी पहिल्यै नै भए पनि कागजी अनुबन्ध हुन बाँकी थियो । दिलीपले निर्माण तथा सुरेशले निर्देशन गर्ने चलचित्रकी एकमात्र नायिकाको भूमिकामा नम्रता राजी भएकी थिइन्, अनुबन्ध पनि भयो । साउन महिनाको तेस्रो सातादेखि मलेसिया र सिंगापुरमा छायांकन गरिने चलचित्र 'मिस यू'की नायिका हुने भइन्, नम्रता श्रेष्ठ । त्यसो त नम्रता यसअघि नै प्रभुशम्सेर राणाले निर्माण गर्ने चलचित्र 'पर्पल डेज'का लागि अनुबन्ध भैसकेकी छिन् । उक्त चलचित्रको छायांकन भदौ महिनाको अन्त्यतिर हुने भएकाले त्योभन्दा पहिले दिलीपको चलचित्रमा अभिनय गर्न राजी भएको नम्रताले बताइन् ।

गत वर्षको सफल चलचित्र 'मेरो एउटा साथी छ' पछि नम्रताले कुनै पनि चलचित्रमा अभिनय गरेकी छैनन् । चलचित्र 'मिस यु'मा आर्यन सिग्देल पनि नायक रहने बताइए पनि आर्यनको व्यस्तताका कारण अब उक्त चलचित्रमा म्युजिक भिडियोका मोडल वरुण राणा नायक रहनेछन् । पेसाले आर्टिटेक्ट वरुण आगामी दिनमा चलचित्रको अभिनयलाई निरन्तरता दिने बताउँछन् । नम्रता र वरुणले गायिका मल्लिका कार्कीको म्युजिक भिडियो 'यति धेरै मान्छेहरूको भीडमा..' मा सँगै अभिनय गरेका थिए । आफ्नो पहिलो चलचित्रमा नम्रता नै नायिका हुने कुरामा वरुणले खुसी व्यक्त गरेका छन् । नायक तथा निर्माता दिलीपका अनुसार चलचित्रको केन्द्रीय भूमिकाका लागि नम्रता नै सुहाउने भएकाले उनलाई नै नायिका बन्न आग्रह गरिएको हो ।

नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र
दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER द्वारा कक्षा सञ्चालन हुने
कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिईने

| | | |
|---|---|---|
| FM Radio Technician - | (Job Guarrantee) | 45 days |
| General Editing & Mixing - | | 30 days |
| Audio Library Management - | | 15 days |
| Audio/Video Program Producer - | | 60 days |

Echo Media
Adwait Marg, Bagbazar
Phone : 01-2296457
तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ ।

कस्मेटिक सर्जरी
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी

नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

Nepal's No.1 Leading & Pioneering Pre-Gurkha Army Training Center
SALUTE GORKH Training Center Pvt. Ltd.
के तपाईं पनि ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसमा भर्ती हुन चाहनुहुन्छ ?
Rahul Pandey, Chairperson — 9846219177, 9849585703
Bibek Thapa, Managing Director — 9846262455, 9847061236
Congratulations
You are ?
Admission Open for Intake 2010/11
Contact Address
Head office : Amarsingh Chowk, Pokhara, Phone : 061-524851
Branches :
UK : 39 Ceres Road, Plumstead, London, SE 18 1HR, Mo: 00447792586113
Kathmandu : Balaju Chakrapath, Ph: 01-4385975
Dang : Ghorahi, Ph : 9847831552, 082-563278
Dharan : Acharya Line, Ph : 025-696513, 9804007669
Info Centers:
Baglung, Ph : 068-522413, 522017, Mo. : 9847620398 | Nepalgunj, Ph : 081-560249, Mo : 9848029953 | Butwal, Mo. : 9804409768 | Myagdi, Mo. : 9847703205, 9847627817

९ महिना मै +2/SLC
- कक्षा ७,८,९, १० फेल भएपनि Math / Science / Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहनुहुन्छ ?
- + 2 / A level फेल भएपनि ५ बिषय मात्र पढेर + 2 पास गर्न चाहनु हुन्छ ?
- विश्वभर मान्यता प्राप्त- गृहिणी /जागिरे/व्यवसायीले घरमै बसी पढ्न सक्ने ।
- पास गर्न सक्ने ।

बिगत १० बर्ष देखि संचालित
बिशेष छुटमा सिमित सिटमा धमाधम भर्ना भईरहेको छ।
पाथ फाइन्डर ग्लोबल एजुकेशन
पुतलीसडक (रिपोटर्स क्लवको अगाडि)
२००५०७७, ९८४१७८७६०२



## ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १९ वर्षीय अविवाहित युवक हुँ । हाल म कक्षा १२ मा अध्ययनरत छु । २ वर्ष अघिदेखि म नचाहँदा-नचाहदै पनि आफूसँगै पढ्ने युवतीको प्रेममा परेको छु । उनी मभन्दा ४-५ वर्षले जेठी छिन् र त्यति राम्री पनि छैनन्। विवाह भयो भने पनि हाम्रो जोडी मिल्दैन, तर उनी नराम्री भए पनि मलाई राम्रो मनले धेरै माया गर्छिन् । म पनि उनलाई थोरै भए पनि माया गर्छु । बितेको दुई वर्षको अवधिमा हामीबीच आपसी सहमतिमा पटक-पटक शारीरिक सम्बन्ध कायम भएको छ । भविष्यमा म उनीसँग विवाह गर्न नसक्ने अवस्थामा पनि हुन सक्छु । त्यसैले अहिले नै हामीहरू अलग हुनुपर्छ भन्ने मेरो प्रस्तावलाई उनी ठाडै अस्वीकार गर्छिन् । म जसरी भए पनि उनीबाट टाढा हुन चाहन्छु, मेरो यस्तो विचार देखेर उनले मसँग कुनै किसिमको गलत व्यवहार गर्छिन् कि भन्ने डर पनि छ । त्यसैले यो समयमा म उनीबाट न टाढा हुन सकेको छु न उनलाई पूर्ण माया दिन सकेको छु, म दोधारमा छु ।**

-अ.

पत्रअनुसार तपाईं स्वार्थी देखिनुभएको छ। मायामा परेको मानिसले आफ्नो प्रेम (पुरुष वा माहिला) लाई कुरूप देख्दैन, त्यहाँ केवल मायामात्र हुन्छ। मायाले जात-पात, रुप-रंग, उँच-नीच, सानो-ठूलो, जेठो-कान्छो, धनी-गरीब केही पनि देख्दैन भन्ने कुरा तपाईंलाई अवगत भएकै हुनुपर्छ। यति कुरा अवगत भैसकेपछि पनि तपाईं आफ्नी प्रेयसीलाई आफूभन्दा जेठी भएको, नराम्री भएको (तपाईं आफैं कति राम्रो हुनुहुन्छ ?) अवगुणहरूका कारण त्याग्न चाहनुहुन्छ भने त्यो तपाईंको स्वार्थीपन हो। मलाई के लाग्छ भने तपाईं ती युवतीलाई केवल शारीरिक सम्पर्कका लागि आफ्नो खेलौनाका रूपमा प्रयोग गरिरहनुभएको छ। तपाईंले बुझ्नुपर्ने कुरा के हो भने यो संसारमा सबै मानिसको जोडी नापेर, जोखेर, जाँचेर बनाइएको हुँदैन। त्यस्ता जोडीहरू आपसी विश्वास र सहमतिका आधारमा बनेका हुन्छन्। तपाईंले भनेजस्तै कतिपय काला मानिसका गोरी श्रीमती र कतिपय गोरा मानिसका काली श्रीमती छन्। कसैका आफूभन्दा जेठी त कसैका आधा उमेरका जोडी छन्। कसैका अग्ला, कसैका होचा जोडी छन्। त्यस्तो अवस्थामा पनि ती जोडीहरु सुखपूर्वक जीवनयापन गरिरहेका छन् भने त्यहाँ विश्वास र एक-अर्काप्रतिको प्रेमले ठूलो भूमिका निर्वाह गरेको हुन्छ। त्यस्तै विश्वास र प्रेमको उदाहरण बन्ने प्रयत्न गर्नुहोस्, तपाईंको जीवन सुखमय हुनेछ।

### पहिलो पटक समुन्द्रपारि रेगुलर

झन्डै ७० हजार नेपाली बसोबास गर्ने अस्ट्रेलियामा पहिलो पटक नेपाली चलचित्रको 'रेगुलर सो' हुने भएको छ। विकास आचार्यको निर्देशनमा रमेशजंग रायमाझीले निर्माण गरेको प्रेमकथात्मक चलचित्र 'नाइँ नभन्नु ल'को रेगुलर सो अस्ट्रेलियाका सिड्नी, ब्रिसबेन, मेलबर्न तथा पर्थ सहरका चलचित्र भवनहरूमा नियमित हुन लागेको हो। 'अस्ट्रेलियामा चलचित्रको प्रदर्शन सफल रहे, न्यूजिल्यान्डलगायत अन्य युरोपियन राष्ट्रमा पनि यसलाई प्रदर्शन गरिनेछ,' निर्देशक आचार्यले मेरो सिनेमाडटकमलाई बताए। यो चलचित्रमा जीवन लुइँटेल, सुमन सिंह तथा ऋचा सिंह ठकुरीले मुख्य भूमिका निर्वाह गरेका छन्।

### अस्ट्रेलियामा वीरताको चिनो

अगस्त १ तारिखका दिन अस्ट्रेलियाको सिड्नीमा चलचित्र 'वीरताको चिनो'को प्रथम प्रदर्शन हुने भएको छ। जीवनलाई मोजमज्जा मान्ने युवापुस्ता अन्ततः देशका लागि बलिदान दिन तयार हुने कथामा निर्माण भएको यो चलचित्रका निर्देशक शंकर घिमिरे हुन्। विराज भट्ट, सुमन सिंह, ऋचा घिमिरे, रेजिना उप्रेती, रञ्जना शर्मा, सोभिता सिम्खडा, ध्रुव दत्त, कल्याण घिमिरे, सुशील पोखरेल आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रको निर्माण श्याम सुवेदी र श्याम अर्यालले संयुक्त रूपमा गरेका हुन्।

### हङकङमा चल्यो साहसी

गएको आइतबार हङकङको याउमातेइस्थित कम्युनिटी हलमा चलचित्र 'साहसी'को प्रथम प्रदर्शन सम्पन्न भएको छ। चलचित्र हेर्न हल खचाखच भरिएको चलचित्रका निर्माता झमबहादुर गुरुङले बताए। मार्शल आर्टमा आधारित यो चलचित्रमा राजेश हमाल, गणेश उप्रेती, भोजबहादुर गुरुङ, स्नेहा शर्मा, ज्याक गुरु आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रका निर्देशक वासुदेव घिमिरे हुन्।

### चाँडै आऊ है

बिदेसिएका युवालाई स्वदेश फर्कन आग्रह गर्दै निर्देशक दीपक रायमाझीले चलचित्र 'चाँडै आऊ है'को निर्देशन गर्दैछन्। मोहम्मद अकबरले निर्माण गर्न लागेको यो चलचित्रको गत शुक्रबार एक समारोहबीच मुहूर्त गरियो। सुमन सिंह, आरपी पन्त तथा नीता ढुंगानाले मुहुर्त सट दिएको यो

## ● फिल्मी खबर ●



चलचित्रमा अयुब केसी, गणेश उप्रेती, नेहा निरौला, राधा लम्साल, गणेश मुनाल आदि कलाकारको पनि महत्त्वपूर्ण भूमिका छ। चलचित्रमा चेतन सापकोटाको संगीत, राजु शाहको नृत्य निर्देशन, हिमाल केसीको द्वन्द्व तथा कृष्ण श्रेष्ठको छायांकन रहनेछ।

### असोजमा पर्खिराख है

निर्देशक बाबुराम ढकालको निर्देशनमा निर्माण भएको चलचित्र 'पर्खिराख है' आगामी असोज महिनामा सार्वजनिक हुने भएको छ। चलचित्रमा दिल श्रेष्ठका अतिरिक्त मुकेश ढकाल, मेलिना मानन्धर तथा सञ्चिता लुइँटेलको मुख्य भूमिका छ। सुरेश अधिकारीको संगीत, दीपक बज्राचार्यको छायांकन, कविराज गहतराज, वसन्त श्रेष्ठ तथा शिव शर्माको नृत्य निर्देशनमा निर्माण भएको यो चलचित्रका केही द्वन्द्व दृश्यको निर्देशन हिमाल केसीले गरेका हुन्।

### साउनमा दीपशिखा

नरेश पौड्यालको निर्देशनमा निर्माण सम्पन्न भैसकेको चलचित्र 'दीपशिखा'को प्रदर्शन आउँदो साउन महिनातिर प्रारम्भ हुनेछ। दीपशिखामा त्रिकोणात्मक प्रेमकथालाई फरक ढंगले प्रस्तुत गरिएको दाबी निर्माता तथा निर्देशक पौड्यालको छ। नायिका अरुणिमा लम्सालले लेखेको यो चलचित्रकी केन्द्रिय नायिका लम्साल आफैं हुन् भने नायक नीरज बराल र जीवन लुइँटेल हुन्।

### फेरि सिन्दूर

प्रकाश थापाको निर्देशनको सफल चलचित्र 'सिन्दूर' शीर्षकमै गोविन्द गौतमले निर्देशन गरेको चलचित्र 'सिन्दूर' प्रदर्शनको अन्तिम तयारीमा पुगेको छ। विराज भट्ट, जेनिशा केसी, तृप्ति नाडकर, लक्ष्मी गिरी, स्नेहा शर्मा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रमा रोशन श्रेष्ठको द्वन्द्व, गोविन्द राईको नृत्य तथा विकास चौधरीको संगीत हेर्न-सुन्न पाइन्छ।

### भदौमा आत्मघात

रौता दर्शन फिल्म्सको प्रस्तुतिमा जय लिम्बूले निर्माण गरेको चलचित्र 'आत्मघात'को छायाङ्कन अन्तिम चरणमा पुगेको छ। राजु सुन्दासले निर्देशन गरेको आत्मघात जलवायु परिवर्तन, प्रेम तथा पारिवारिक कथालाई समेटेर निर्माण गरिएको छ। पत्रकारिता क्षेत्रमा समेत सक्रिय गीता अधिकारी, विजय रोक्का, सुष्मा सिंह, मनोज लिम्बू आदिले अभिनय गरेको चलचित्र 'आत्मघात' मा कथा उद्धव घिमिरेको छ भने पटकथा-संवाद प्रह्लाद खरेलको छ। शङ्कर महर्जनले द्वन्द्व निर्देशन गरेको यो चलचित्रको छायांकन उदयपुर, गाईघाटका रमणीय स्थलहरूमा गरिएको छ। 'आत्मघात' भदौको दोस्रो सातापछि प्रदर्शनमा आउने जानकारी निर्माणपक्षले दिएको छ।


+2/SLC ९ महिनामै



८,९, १० फेल भएपनी, पांच बिषयमात्र दिई Math,Sci, Sent Up नदिई ९ महिनामै SLC

A level फेल वा SLC/O level/CBSE X पास भई कम्तीमा १ बर्ष ग्याप भए ९ महिनामै +2

भारतको सरकारी NIOS Delhi Board को शिक्षण कक्षामा भर्ना

६ महिनामै American +2

नेपालीमा Exam दिन पाइने

KANTIPUR INTL OPEN EDUCATION

NECA

New Baneshwor Ph:2044082

Bagbazar: 4265891

ADMISSION OPEN FOR PRE BRITISH ARMY & SINGAPORE POLICE

FOR 2010/2011

Lincoln Sports Pvt. Ltd.



Gongabu Tel: 01-4354576, 9849130340

Jawalakhel Tel: 01-5008571, 9851119134

प्राईभेट Test/SLC पढे

ग्यारेन्टि पास

८ पास, ९ /१० पास वा फेल

बिहान/बेलुकी

अंग्रेजी/नेपाली

कोटेश्वर

4601878/4600335

कामना स्कुल

के तपाईं Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?

यदि चाहनु हुन्छ भने NIOS Board मा April 2011 को लागि Admission खुल्यो !

- 5 Subjects पढे पुग्ने ।
- Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
- नेपाल तथा world wide equivalent
- नेपालीबाट पनि Exam दिन पाईने ।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
- 6/6 महिनामा Exam दिन पाईने ।



Prashiddha Adhikari 97 Marks in Commerce

बिदेश पढ्न जान सजिलो ।

WISDOM EDUCATION FOUNDATION

PH. 4238086

Baglung, Mobile No: 9847-631582

Miracle Pam



तपाईंको SLC को परीक्षाफल तपाइँकै मोबाइलमा

Wishing you all the best for your upcoming SLC Result

Miracle Pam Result Service for SLC Result 2066

Registration is open. The result of register subscriber will be sent first after published result by SLC Board.

SLC Result को लागि Message Box मा जानुहोस् र SLC <space> symbol no. टाइप गरि 7373 मा पठाई Result प्राप्त गर्नुहोस् ।

Example: SLC 012345A

The service is available at Ncell UTL

The charges for above mentioned services will be Nrs. 3/- exclusive of all applicable taxes.

Website बाट थाहा पाउन www.nationwidescholarship.com मा जानुहोस् ।



## बेड सिनमा फ्रिडा पिन्टो

वर्ल्डवाइड हिट 'स्लमडग मिलेनियर' की नायिका अभिनेत्री फ्रिडा पिन्टोले निर्देशक तारसेम सिंहको निर्देशनमा बनेको चलचित्र 'इमोटल' मा बेड सिन दिएकी छिन् । स्रोतका अनुसार पहिलो पटक बेड सीन दिएकी अभिनेत्री फ्रिडाले उक्त सीनको छायांकनका बेला निकै असहज महसुस गरेकी थिइन् । फ्रिडालाई सहज अनुभव गर्न सेटको लाइट अफ गरिएको र आवश्यक छायांकन टोलीबाहेक सेटमा अरू कसैलाई पनि नराखिएको निर्देशक तारसेमले बताएका छन् । चलचित्र 'इमोर्टल' मा अभिनेत्री फ्रिडाले आ रा क ल राजकुमारीको भूमिका निर्वाह गरेकी छिन् ।



## विवाहलाई हतार छैन

अस्ट्रेलियन पप गायिका काइली मिनोगले साधारण तरिकाले विवाह गर्ने योजना बनाएकी छिन् । एउटा वेबसाइटमा प्रकाशित समाचारअनुसार काइलीलाई विवाहप्रति अत्यन्त विश्वास छ । 'विवाहका क्रममा आवश्यकताभन्दा बढी देखावटीपन मलाई मन पर्दैन, उनी भन्छिन्- 'मैले जहिले विवाह गरे पनि त्यो अत्यन्त सरल र साधारण हुनेछ ।' उनले तत्काल विवाह नगर्ने योजनाप्रति आफू अडिग रहेको स्पष्ट पारेकी छिन् । काइली अचेल स्पेनिस मोडल एन्ड्रेस वेलेन्कोसोसँग डेटिङ गरिरहेकी छिन् ।




## एक्लै बस्नुको मजा

रियालिट टेलिभिजन स्टार किम कार्दशियाँ एक्लो जीवन मन पराउने सेलिब्रेटी हुन् । उनलाई भीडभाड मन पर्दैन । 'एनएफएल' का कलाकार रेगी बुससँग वर्ष २०१० को प्रारम्भमै अलग भएकी किमले टिनएजदेखि नै रमाइलो गरिरहेकाले अहिले एक्लै बस्न मन लागेको बताएकी छिन् । किम भन्छिन्- 'म प्रायः सधैं कुनै एक जना पुरुषसँगको सम्बन्धमा रहँदै आएकी महिला हुँ । मैले जोसँग सम्बन्ध राखेँ, त्यो दीर्घकालीन नै रह्यो ।' किमका अनुसार उनको परिवारका सदस्यहरू पनि उनलाई आगामी एक वर्ष एक्लै बसेर जिन्दगीका सबै सुख हासिल गरून् भन्ने चाहेका छन् । २९ वर्षीया किम जिन्दगीमा आफूले पाएको उपलब्धिप्रति सन्तुष्ट छिन् ।

## मिस्टर राइटको प्रतीक्षामा

चलचित्र किडन्यापमा ग्यामरस तथा वेल डन् अब्बामा गाउँकी युवतीको भूमिकामा देखिएकी अभिनेत्री मिनिशा लाम्बाको नाम अभिनेताद्वय आफताब शिवदशानी एवं अभय देवलसँग गासिएको थियो, तर ती चर्चा झूटो भएको कुरा मिनिशा स्वयंले बताइसकेकी छिन् । २५ वर्षीया यी बलिउड बाला विवाह गरिहाल्ने मूडमा त छैनन्, तर पनि उनी आफ्नो मिस्टर राइट कस्तो हुनुपर्छ भन्ने विषयमा स्पष्ट छिन् । स्रोतका अनुसार मिनिशाको विचारमा उनको मिस्टर राइट सेल्फ मेड म्यान हुनुपर्छ । आत्मविश्वासी, धेरै नबोल्ने र केटीहरूको पछाडि नलाग्ने गुणलाई मिनिशाले आफ्नो मिस्टर राइटमा खोजेकी छिन् ।




भर्ना खुल्यो भर्ना खुल्यो जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त

प्राईभेट TEST/SLC 2067

दक्ष तथा अनुभवी शिक्षकहरु द्वारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस

TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली

मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।

पुनश्च: कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गारिएको छ ।

सौन्दर्यका सामान

- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।

Free Home Delivery / 100% Guaranteed

Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

ब्युटीसियन कोर्स
नि:शुल्क

- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class

SLC दिएर बसेकाहरुलाई विशेष छुट ।

कोर्सः बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस

ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

Achieve your dream...Make your career
Being
BRITISH ARMY & SINGAPORE POLICE
ARMY

ADMISSION OPEN
No.Lic No.44948/063-64
British Army & singapore police preparation classes
for intake 2010/11

Educational & Physical Classes अनुभवी र दक्ष प्रशिक्षकद्धारा लिईने साथै अन्य आकर्षक Packege का साथमा धमाधम भर्ना लिईदैछ ।

For Further Details
Free Swimming & Diet Available
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P.) LTD.
Shankhapark-4, Dhumbarahi, Ktm, Nepal
contact:- 01-4007538, 9851002703, 9841344404, 9841306113, 9849145319

Branch Office
DHARAN-9
Acharya Line
Ph:- 025-696513, 9804007669
9842021640, 9842195609

नेपालको पहिलो र एक मात्र अनुमति प्राप्त open School
S.L.C/+2, A level फेल? Tension छैन
कक्षा ८,९,१० Test पास/फेल, S.L.C फेलहरुले तथा घर वा अफिसमै पढेर पास गर्न सकिने
Math/Sci नपढी, Test नदिई
९ महिनामै S.L.C / +2 पास गर्न चाहानु हुन्छ ?
NIOS X & XII मा भर्ना खुल्यो
मात्र ५ विषय पढे पुग्ने
- परिक्षा नेपालीमा दिन पाईने • पास गर्न सजिलो
- Nepal gov., HSEB र TU द्वारा Equivalent
- Free Tuition classes
- Books are available on Admission
केही सिट मात्र बाँकी

अन्तिम भर्ना 100% पास अन्तिम भर्ना
कक्षा शुरु भैसक्यो
Test S.L.C 2067 मा निशुल्क भर्ना
जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त
- Math/Sci/Eng को निशुल्क Tuition
- Eng कमजोर हुनेहरुलाई Eng Lang. Free
- दक्ष शिक्षक तथा शिक्षिकाबाट पढाईने
- मनोवैज्ञानिक ढङ्गले १ वर्षमै पढाईने
- आउनुहोस् हाम्रो अघिल्ला वर्षहरुको रेकर्ड हेनुहोस
- कमजोर विद्यार्थीको लागि विशेष व्यवस्था

कक्षा बिहानी र दिवा
Paragon: 014421390
putalisadak
भर्ना हुनु पुर्व १ पटक अवश्य सम्पर्क गर्नुहोस

चाहियो
RJ/VJ चाहियो तालिम सहित Radio/TV मा कार्यक्रम चलाउने ग्यारेण्टी अवसर ।
साथै मञ्चीय उद्घोषण, व्यक्तित्व विकास र भाषणकलाका कक्षाहरु सञ्चालन भइरहेका छन् ।
सम्पर्कः Rejoice Media Pvt. Ltd.
Maitighar (way to Thapathali)
01-4241371/9841566568

## केवल एक प्रश्न

# तपाईंले कहिले कसैको केही चोर्नुभएको छ ?

पर्खनुहोस् है, सम्झनैपर्छ। अँ...दिल चोरेको छु। लाखौं दर्शकको दिल चोरेको छु अनि एउटीको मन पनि चोरेको छु, जसको मन चोरेको छु, उनी मेरै वरिपरि छिन्।

**श्रीकृष्ण श्रेष्ठ (नायक)**

चोरेको छु नि किन नचोर्नु ? सानो छँदा दिदीका सामानहरू खुबै चोर्थें। ठूली भएपछि चाहिं कसैको मन चोरेकी छु। कसको भनेर नसोध्नु है !

**निता ढुंगाना (नायिका)**

जिन्दगीमा पहिलो पटक एउटा कुरा चोरेको छु। एक वर्षअघि पकनाजोलमा भाइको घरबाट एउटा सानो लाफिङ बुद्धको मूर्ति चोरेको थिएँ। त्यो मूर्ति चोरेरै घरमा राख्नुपर्छ भन्ने मान्यताका कारण भाइको घरबाट चोरेको हुँ।

**प्रवीण बज्राचार्य (गायक)**

बुबा-आमाले कसैको केही पनि चोर्नु हुँदैन भनेर सिकाउनुभएकाले अहिलेसम्म कुनै पनि कुरा चोरेकी छैन। अँ...केही वर्षअघि गायक धीरज राईको मन भने चोरेकी थिएँ। त्यही मीठो चोरीका कारण अहिले म उहाँकी श्रीमती भएकी छु।

**छुल्ठिम डोल्मा गुरुङ (भिजे)**

हाँसो...तपाईंले सोध्नुभएको जस्तो त केही चोरकी छैन। अँ...सानोमा ममीले पकाएर राखेका मीठा-मीठा खानेकुराचाहिं चोरी-चोरी खान्थें। ठूली भएपछि त त्यो पनि चोर्न छाडें।

**श्रेया सोताङ (गायिका)**



# ओलम्पिक डेमा सांगीतिक कार्यक्रम

धरान- संगीतबिनाको जीवन कल्पना गर्न गाह्रो हुन्छ। नेपालमा कुनै पनि काम गर्दा सांगीतिक कार्यक्रम गरी सुरुवात गर्ने चलन बढ्दो छ। कुनै सामाजिक कामका लागि पनि सांगीतिक कार्यक्रम गर्ने चलन बसिसकेको छ। ओलम्पिक दिवसको अवसरमा बुधबार प्रस्तावित क्षेत्रीय रंगशाला धरानमा भन्ने नारासहित बृहत् सांगीतिक कार्यक्रम सम्पन्न भएको छ।



सप्ताहव्यापी रूपमा सञ्चालन भएको ओलम्पिक डेको समापन कार्यक्रमका अवसरमा आयोजित सांगीतिक कार्यक्रममा धरानका डान्स सेन्टर कलाकारहरूले एक दर्जनभन्दा बढी नृत्य तथा गीत प्रस्तुत गरेका थिए। गरिमा डान्स सेन्टर र युनाइटेड मल्टि आर्ट्सका कलाकारको नृत्य जमेको थियो।

उक्त अवसरमा मारुनी, तामाङसेलो, सेब्रोलगायत अन्य विभिन्न आकर्षक सांस्कृतिक नृत्य प्रस्तुत भएका थिए। कार्यक्रममा नव-गायिका अन्जु राईले 'पलपल बिताउन हरपल सम्झिरन्छु तिमीलाई' गीत गाउँदा तालीको कमी देखिएन। अर्का नव-गायक नवराज बस्नेतले 'हिउँभन्दा चिसो' गीत गाउँदा दर्शकले वान्स मोर नै मागे।

**-भीषण राई**



## • मेरो अनुभव •

## विनोद खरेल

(पूर्वफुटबल खेलाडी/पूर्वचलचित्र नायक/प्रहरी निरीक्षक)

**मलाई जर्मन टिम मनपर्छ, किनभने यो टिम निकै "ब्यालेन्स"मा खेल्छ। बुन्डेस लिगामा खेलेका खेलाडीहरू पनि भएकाले मलाई पहिलेदेखि नै यो टिम मनपर्थ्यो। दक्षिण अमेरिकी देश ब्राजिल तथा पाराग्वेको खेल टेक्निकल हुन्छ।**

१९८२-८६ को विश्वकपमा हामी सानै थियौं। काठमाडौंको पुतलीसडकस्थित घरमा साना केटाकेटीलाई रातपरेपछि टेलिभिजन हेर्ने अनुमति थिएन। 'भोलि स्कुल जानुपर्छ, कहाँ टेलिभिजन हेर्ने ?' भन्ने हप्काइ खाइन्थ्यो। त्यसमाथि सबैको घरमा टेलिभिजन सेट हुँदैन थियो। हाम्रो घरमा पनि टेलिभिजन थिएन। अर्काको घरमा गएर हेर्नुपर्थ्यो। तै पनि राति बसेर विश्वकप हेर्न नपाइने भएपछि छिमेकी साथीसंग मिलेर उसको घरको टेलिभिजन भएको कोठाको पर्दा दिउँसै च्यात्यौं र खुल्लै राख्यौं। राति उसका बुबा तथा उहाँका साथीहरू बसेर विश्वकप लाइभ हेर्दा हामीले घर बाहिर लुकेर झ्यालबाट हेरेको सम्झना छ। म सानैदेखि फुटबल भनेपछि हुरुक्क हुन्थे। त्यसैले होला, पछि गएर राष्ट्रिय फुटबल खेलाडी भएँ। अहिले त फुटबल हेर्नका लागि विभिन्न कम्पनीहरूले अनेकौं डिजाइनका टेलिभिजन सेट बनाएका छन्। प्रत्येक घरमा टेलिभिजन छ। कसै-कसैको घरमा त कोठैपिच्छे टेलिभिजन छन्। अहिलेका केटा-केटीले हामीले जस्तो टेलिभिजनमा विश्वकपको लाइभ हेर्न घर बाहिर जानु पर्दैन।

मलाई जर्मन टिम मनपर्छ, किनभने यो टिम निकै 'ब्यालेन्स'मा खेल्छ। बुन्डेस लिगामा खेलेका खेलाडीहरू पनि भएकाले मलाई पहिलेदेखि नै यो टिम मनपर्थ्यो। दक्षिण अमेरिकी देश ब्राजिल तथा पाराग्वेको खेल टेक्निकल हुन्छ, तर खेल हेर्न रमाइलो त इंग्ल्यान्डकै टिमको हुन्छ। तर के गर्ने, क्वाटरफाइनलमा इंग्ल्यान्ड जर्मनीसँग नै हारेको छ। इंग्ल्यान्डको हारपछि म जर्मनीको सपोर्टमा छु। हाल मेरो पोस्टिङ्ग किर्तिपुरमा छ। स्थानीय युवा क्लबले खुला चौरमा प्रोजेक्सन गरेर विश्वकप लाइभ हेर्न मलाई पनि निम्तो गरेका छन्। म भ्याएसम्म त्यहीँ गएर यसपटकको विश्वकपको मज्जा लिइरहेको छु।





तस्बिर : राजीव श्रेष्ठ

## ● तीन प्रश्न ●

टेलिभिजनबाट प्रसारण भएका अधिकांश टेलिश्रृंखलामा सोझी बुहारीको भूमिकामा प्रस्तुत भएर दर्शकको मन जित्ने कलाकार हुन् सिरु विष्ट। झन्डै १० वर्षअघि सन्तोष पन्तको हास्यश्रृंखला 'हिजोआजका कुरा' मा अभिनय गर्दै कलाकारिता क्षेत्रमा आएकी सिरुले त्यो श्रृंखलामा मात्र झन्डै चार वर्ष बिताइन्। चरित्र अभिनेत्री रमा थपलियामार्फत उक्त श्रृंखलामा अभिनय गर्ने अवसर पाएकी सिरु यतिबेला पारिवारिक कथामा आधारित टेलिश्रृंखलाकी नायिका बनेकी छिन्। यो अवधिमा सिरुले झन्डै २ सयभन्दा बढि टेलिश्रृंखलामा अभिनय गरिसकेकी छिन्। सन्तोष पन्तको श्रृंखलाको प्रसारण बन्द भएपछि उनले चलचित्र निर्देशक दीपक रायमाझीको 'वंश' मा मुख्य भूमिका निर्वाह गरिन्। उमेशनाथ अर्यालको 'अचानक', शम्भु प्रधानको 'गंगा जमुना' र 'तिमी पुरुष', लक्ष्मीनाथ शर्माको 'मोड', रमेश कोइरालाको 'भाग्य आ-आफ्नो', ओम प्रतीकको 'पथभ्रष्ट', मह जोडीको 'मदनबहादुर-हरिबहादुर' जस्ता श्रृंखलाका कारण आफ्नो पहिचान बनेको सिरु बताउँछिन्। पुरुषोत्तम न्यौपानेको 'पानीघट्टमा' शीर्षकको म्युजिक भिडियोमा अभिनय गरेर नयाँ विधामा प्रवेश गरेकी सिरुले झन्डै दुई सयवटा म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। 'अवरोध', 'आँधी' तथा 'सिसा' उनले अभिनय गरेका प्रसारणको तयारीमा रहेका श्रृंखला हुन्। 'कुरुक्षेत्र' तथा 'मानिस' जस्ता दुई चलचित्रमा नायिकाको समेत भूमिका निर्वाह गरिसकेकी सिरुसँग साप्ताहिकको तीन प्रश्न :

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

अहिले पनि म म्युजिक भिडियो तथा टेलिश्रृंखलाको छायांकनमा व्यस्त छु। मैले अभिनय गरेका तीनवटा नयाँ श्रृंखला प्रसारणको क्रममा छन्।

**आगामी श्रृंखलामा कस्तो भूमिका छ ?**

यसअघि म प्रायः सोझी बुहारीका रूपमा प्रस्तुत भएकी थिएँ, तर यी तीन श्रृंखलामा केही भिन्न चरित्रमा प्रस्तुत हुँदैछु। 'अवरोध' मा प्रेमिका बनेकी छु, 'आँधी' मा प्रोफेसरका रूपमा प्रस्तुत भएकी छु भने 'सिसा' मा दोहोरो भूमिकामा छु।

**ठूलो पर्दाको चलचित्रमा नफर्कने ?**

कलाकार भएपछि सानो पर्दामा मात्र काम गर्छु भन्न मिल्दैन। आफू सुहाउँदो राम्रो भूमिका भएको चलचित्र पाएँ भने अहिले पनि काम गर्न तयार छु।

## ● सानो पर्दा ●

### इमेजमा युगान्तर

इमेज च्यानलबाट नयाँ कार्यक्रम 'युगान्तर' को प्रसारण प्रारम्भ भएको छ। 'सम्मान, समावेशी र समानताउन्मुख नेपाली समाजमा युग परिवर्तनको उद्घोष' भन्ने नारासहितको यो कार्यक्रम प्रत्येक बिहीबार राति ८:३० बजे प्रसारण हुन्छ। यो टक शो हो। पूर्व मिस नेपाल सुगरिका केसीले सञ्चालन गर्ने यो कार्यक्रम महिलाकेन्द्रित छ। अघिल्लो बिहीबारदेखि प्रसारण प्रारम्भ भएको यो कार्यक्रममा विभिन्न क्षेत्रका महिला व्यक्तित्वहरू भेला भएर कुनै एउटा विषयमा छलफल गर्छन्। कार्यक्रमको पहिलो भागमा नायिका करिश्मा मानन्धर, गायिका नलिना चित्रकार तथा पूर्व मिस नेपाल माल्भिका सुब्बा सहभागी थिए। यो कार्यक्रमको परिकल्पनाकार तथा श्रृंखला निर्देशक जय निशान्त हुन्।

### सरापेको लोकप्रियता

तराई टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'गाई कि त्रिशूल' मार्फत एक जना कलाकार लोकप्रिय हुने क्रममा छन्। कलाकार यादव देवकोटा अहिले 'सरापे' को भूमिका निर्वाह गरेर लोकप्रिय भएका हुन्। हास्यकलाकारका रूपमा विगत लामो समयदेखि काम गर्दै आएका यादवलाई 'गाई कि त्रिशूल' ले स्थापित गराएको छ। प्रकाश ओझाद्वारा निर्देशित यो श्रृंखलामा रमाइलो गेटअपमा प्रस्तुत भएका यादवले राम्रो काम गर्नेलाई आशीर्वाद दिने तथा नराम्रो काम गर्नेलाई धारे हात लगाएर सराप्ने पात्रको अभिनय गरेका छन्। ३१ भागसम्म प्रसारण भैसकेको यो श्रृंखलामा यादव ११ औं भागदेखि सहभागी छन्। यादवले यसअघि



'गोर्खे लौरी' शीर्षकको हास्यश्रृंखलामा अभिनय गरेका थिए। शुक्रबार राति ८:३० बजे प्रसारण हुने 'गाई कि त्रिशूल' मा यादवका अतिरिक्त खेम शर्मा, सुरज चापागाईं बान्द्रे, आरपी भट्टराई, राजु कमेडी, सुरेन्द्र केसी मुलासाग आदि कलाकारले पनि अभिनय गरिरहेका छन्।

### एट थर्टी अब मुभी टाइम

नेपाल टेलिभिजन टुबाट प्रसारण भैरहेको नेपाली चलचित्रसम्बन्धी कार्यक्रम 'एट थर्टी' को शीर्षक परिवर्तन गरिएको छ। कार्यक्रमका निर्माता, निर्देशक तथा सञ्चालक राम पाण्डेका अनुसार हरेक मंगलबार राती ८:३० बजे प्रसारण हुने भएकाले प्रारम्भमा यो कार्यक्रमको शीर्षक 'एट थर्टी' राखिएको थियो। दर्शकमाझ शीर्षककै कारण अन्यौल भएकाले अहिले यो कार्यक्रमको शीर्षक 'मुभि टाइम एट थर्टी' राखिएको छ। आधा घण्टा लामो यो कार्यक्रममा चलचित्र समाचार, कलाकारहरूसँगको अन्तवार्ता, चलचित्र समीक्षाजस्ता सेग्मेन्ट समावेश छन्।

### फिल्मी चार्ट बस्टर

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको नेपाली चलचित्रका प्रोमोहरू मात्र प्रसारण हुने कार्यक्रम 'चार्ट बस्टर' दैनिक २४ पटक प्रसारण हुन थालेको छ। कार्यक्रमका संयोजकले दिएको जानकारीअनुसार हरेक घण्टाको एक-दुई मिनेट यो कार्यक्रम प्रसारण भैरहेको छ। चलचित्रको प्रचार-प्रसारमा ठूलो भूमिका निर्वाह गरिरहेको यही शैलीको अर्को कार्यक्रम 'रिल' इमेज च्यानलबाट पनि प्रसारण हुन्छ।

## ● विदेशबाट ●

### बलिउड जाँदैछिन् रागिनी

स्टार प्लसबाट प्रसारण भैरहेको लोकप्रिय धारावाहिक 'ससुराल गेन्दा फूल' मा कान्छी बुहारी सुहानाको भूमिका निर्वाह गरिरहेकी कलाकार रागिनी खन्ना अब बलिउडका चलचित्रमा देखिने छिन्। त्यसअघि 'भास्कर भारती' शीर्षकको धारावाहिकमा भारतीको भूमिका निर्वाह गरेर चर्चामा आएकी रागिनीले 'दिल्ली सिक्स' का निर्देशक राकेश ओमप्रकाश मेहराको नयाँ चलचित्रमा नायिकाको भूमिका निर्वाह गरेकी छिन्। 'ससुराल गेन्दा फूल' लाई पूरा समय दिनुपर्ने भए पनि उनले मेहराको चलचित्रका लागि १५ दिनको समय दिएकी थिइन्। 'चलचित्रको छायांकन सम्पन्न भैसकेको छ, रागिनी भन्छिन्- 'यति बेला म पुनः ससुराल गेन्दा फूल मै व्यस्त छु।' चलचित्रमा आफ्नो भूमिकाका बारेमा भने रागिनीले केही बताएकी छैनन्।






## जम्का भेट

सुजाता सिटौला आफूलाई नायिका वा मोडलभन्दा पनि नृत्यांगना र गायिका भन्न रुचाउँछिन्। सुजाताले अभिनय गरेको चलचित्र 'पलपलमा' चाँडै सार्वजनिक हुँदैछ। यो उनको दोस्रो चलचित्र हो। पहिलो चलचित्र 'पागलपन' ले त्यति चर्चा नपाए पनि चलचित्र 'पलपलमा' सार्वजनिक हुनु अगावै चर्चामा छ। केन्द्रीय चलचित्र जाँचपास समितिले 'वयस्क चलचित्र' को सर्टिफिकेट दिएपछि यो चलचित्रको चर्चा चुलिएको हो। उकेश दाहालले निर्देशन गरेको चलचित्र पलपलमा रमित ढुंगाना र दिलीप रायमाझी 'गिगलो' अर्थात् पुरुष यौनकर्मीको भूमिकामा छन्। चलचित्रमा सुजाता नायिका छिन्। चलचित्रमा उनले रमितलाई आफ्नो पुरुष मित्र बनाउँछिन्। चलचित्रका प्रचार सामग्रीमा सुजाता र रमितका तस्बिर बढी प्रयोग भएका छन्। सुजाताको नग्न पिँठ्युको चर्चा त्यसैले पनि भैरहेको छ। यिनै कुरामा केन्द्रित रहेर सुव्रत आचार्यले सुजातासँग गरेको कुराकानी :

**'पलपलमा'मा निकै 'बोल्ड' चरित्र निर्वाह गर्नु भएछ ?**

हाम्रो समाजमा महिलाले चाहे घर सपार्न वा बिगार्न सक्छे भन्ने मान्यता छ। आफ्नो व्यक्तिगत काम थाँती राखेर भए पनि महिलाले घर सम्हाल्ने र बच्चा जन्माउने कार्य गर्नै पर्ने हुन्छ। यदि कुनै महिलाले आफ्नो शारीरिक इच्छा पूरा गर्न कुनै परपुरुषसँग सम्बन्ध बढाए केसम्म हुन सक्छ भन्ने सन्देश चलचित्रमा मेरो चरित्रले दिएको छ। यस अर्थमा त्यो तपाईंले भने जस्तो 'बोल्ड' चरित्र होइन।

**प्रचार सामग्री हेर्दा त त्यस्तै देखिन्छ नि ?**

मैले यो चलचित्रको स्टोरी राम्रो लागेर काम गरेकी हुँ, 'बोल्ड' बन्नका लागि होइन। यसरी चलचित्रलाई 'कन्ट्रभर्सी' बनाइन्छ भन्ने पहिल्यै चाल पाएकी भए, म यो चलचित्रमा संलग्न हुन्नथे। 'बोल्ड' बन्नकै लागि भए म अरू चलचित्रमा पनि काम गर्थे होला। चलचित्रको प्रचारमा 'सेक्सी', 'बोल्ड' जस्ता शब्दको प्रयोग भएको छ। वास्तवमा पर्दामा त्यस्तो 'कन्ट्रभर्सी' बनाउनुपर्ने कुनै दृश्य छैन, त्यो त रिलिजपछि दर्शकले हेरिहाल्छन्। मलाई भने अनाहकका यस्ता 'कन्ट्रभर्सी' नराम्रो लागेको छ। चलचित्र चलाउनकै लागि यसो गर्नु हुँदैनथ्यो।

**तै पनि तपाईं नायिका भएको चलचित्र सार्वजनिक हुँदैछ, उत्सुकता त होला नि ?**

छैन, खासै छैन। त्यसरी प्रचार नगरेको भए रुचि हुन्थ्यो होला। अब त मलाई भविष्यमा नायिका नै बन्नुछैन, किन रुचि वा उत्सुकता बढाउनु ?

**किन अब नायिका नहुने ?**

खासमा म कुशल नृत्याङ्गना अनि गायिका हुँ र म यही कार्यबाट नाम कमाउन चाहन्छु। म कुनै 'हिरोइन मटिरियल' होइन।

**त्यसो भए चलचित्रबाट मनै मरिसक्यो ?**

अभियनमा रुचि छैन, हेर्न निकै रुचि छ। त्यसैले म अब शुद्ध दर्शक मात्र हुँ।

**अनि गायन नि ?**

एउटा एकल एल्बम 'घुमाइदेऊ' निकाले। एल्बमको शीर्ष गीत चर्चामा आयो। अब म अर्को एल्बमको तयारीमा छु। म गायन र नृत्यलाई छाड्न सक्दिनँ।

● चलचित्र ●



# द ट्वि‍लाइट साागा : इक्लिप्स

ड्रामा, रोमान्स, थ्रिलर, एडभ्सन, सिक्वेल तथा टीन श्रेणीमा राखिएको हलिउडको नयाँ चलचित्र 'द टिउलाइट सागाः एक्लिप्स' को सार्वजनिक प्रदर्शन यसै सातादेखि प्रारम्भ भएको छ। गत बुधबारदेखि प्रदर्शनमा आएको यो चलचित्र दुई घन्टा चार मिनेट लामो छ। १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न नमिल्ने यो चलचित्रमा क्रिष्टेन स्टेवार्ट, रोबर्ट पाट्टिसन, टेलर लुन्टर, जेभियर स्यामुयल, ब्रिस डल्लास होवार्ड, जोडेल फर्ल्यान्ड, ज्याक हस्टन आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। समिट इन्टरटेन्मेन्टले विश्वव्यापी वितरण गरेको यो चलचित्रको छायांकन क्यानाडाका आकर्षक लोकेशनमा गरिएको छ। डेबिड स्लेटद्वारा निर्देशित यो चलचित्रको निर्माण मार्टि बोयेनले गरेका हुन्। चलचित्रमा त्रिकोणात्मक प्रेम कथा समेटिएको छ। चलचित्रमा हत्याका शृंखलाहरूबीच नायिका दोधारमा परेको कथावस्तु छ। चलचित्रको कथा त्यसबेला रोमाञ्चक मोडमा पुग्छ जब नायिका आफ्ना प्रेमि तथा मिल्ने साथी मध्ये एक जनालाई मात्र छान्नुपर्ने स्थितिमा आइपुग्छिन्। टेलिभिजन च्यानलमा प्रसारण भैरहेको प्रोमोलाई आधार मान्ने हो भने यो चलचित्रले हलिउडलगायत विश्वभरि नै राम्रो व्यापार गर्ने सम्भावना छ।

# आई हेट लभ स्टोरिज



युवापुस्ताले प्रतीक्षा गरिरहेको बलिउड चलचित्र 'आइ हेट लभ स्टोरिज' को सार्वजनिक प्रदर्शन आज शुक्रबार हुँदैछ। यो रोमान्टिक चलचित्रमा चकलेटी नायक इमरान खान तथा सुन्दर नायिका सोनम कपुरले मुख्य भूमिका निर्वाह गरेका छन्। पुनित मल्होत्राद्वारा निर्देशित तथा करण जौहरद्वारा निर्मित यो चलचित्रमा समीर दत्तानी, समीर सोनी, ब्रुना अब्दुल्ला, केतकी दवे, अञ्जु महेन्द्रु, अमिल अलि मलिक, पूजा घई, खुश्बु श्राफ आदि कलाकारले पनि अभिनय गरेका छन्। विशाल–शेखरद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरू विशाल डाड्लानी, सुनिधि चौहान, श्रेया घोषाल, राहत फतेह अलि खान आदि गायक-गायिकाले गाएका छन्। चलचित्रका लक्षित दर्शक टिनएर्जस हुन् जो अधिकांश समय नेट सर्फिङ गरेर बिताउँछन्। त्यसैले पनि चलचित्रको फस्ट लुक ट्वीटरमार्फत जारी गरिएको थियो। इमरान खान युवतीहरूमाझ रुचाइएका नायक हुन् भने सोनम कपुर पनि युवाहरूमाझ उत्तिकै लोकप्रिय छिन्। सोनम-इमरानको यो जोडी चलचित्रको सबैभन्दा आकर्षक पक्ष हो। चलचित्रमा इमरानले जयको भूमिका निर्वाह गरेका छन् जसलाई लभ स्टोरी मन पर्दैन। सोनम कपुर सिमरनको रूपमा देखिँदैछिन् जो प्रेमबिनाको जीवनलाई पातबिनाको रूख मान्छिन्। यी दुई भिन्न विचारका पात्रबीचको रमाइलो प्रेम कथा चलचित्रको अर्को रोचक पक्ष हो। चलचित्रमा इमरानले बलिउडका चलचित्र निर्देशकको सहायकको भूमिका निर्वाह गरेका छन् भने सोनमले चलचित्रमा प्रोडक्सन डिजाइनरको भूमिका निर्वाह गरेकी छिन्।

# रियालको खोजी...

**माधव अर्याल**

वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ? यदि हो भने यो वृत्तचित्र हेरेर मात्र आफ्नो निर्णय लिनुहोला। साउदी अरब, कतारलगायत खाडी मुलुकमा जाँदा एकपटक सोच्नैपर्छ। प्रहरी नायब उपरीक्षक पवन गिरीले यसो भनिरहँदा पाल्पाको सदरमुकामबाट ३५ किलोमिटर दुर्गमको झडेवाका बासिन्दा झस्किए। 'किन यसो भनेको ? एकपटक त हेर्नैपर्‍यो,' झडेवाका बासु रानाले भने, 'कस्तो रहेछ साउदी अरब र कतारको काम भन्ने लाग्यो।'

वृत्तचित्र हेरिसकेपछि भने रानाको प्रतिक्रिया थियो, 'हत्तेरिका ! अब त साथीभाइलाई पनि यतै दुःख-सुःख गर भन्नुपर्ला जस्तो छ। त्यहाँ पुगेका नेपालीको अवस्था निकै दर्दनाक लाग्यो।' उनी सोध्दै थिए, 'यो साँच्चै त हो नि ?' केसाङ छेतेनद्वारा निर्देशित वृत्तचित्र 'रियालको खोजीमा' हेरेका जो-कोहीले पनि एकपटक वैदेशिक रोजगारमा जानुअघि सोच्नैपर्ने प्रतिक्रिया झडेवा उच्च माविका प्राचार्य शेषनारायण चालिसेले दिए।

'काठमाडौंको एयरपोर्टबाट उडेपछि बिदेसिनासाथ सबै समस्या सुल्झन्छ भन्ने भ्रम राख्नु हुँदैन' रियालको खोजीमा हेरेर निस्किएका



शिक्षक दिनेश रेग्मीले भने, 'हामी र हाम्रा दाजुभाइले सपना र सम्भावनाका कुरामा बिदेसिनबाहेक कुनै विकल्प देखेनौं।'

विदेश गयो भने सुःख-सुविधा पाइन्छ भन्ने सोचलाई यो वृत्तचित्रले राम्रोसँग तोड्ने प्रयास गरेको छ। केही नेपाली युवा बिदेसिने कारण पहिल्याउँदै गाउँठाउँ पुगेको र त्यहाँबाट साउदी अरबको मरुभूमिसम्म उनीहरूको दैनिकी पहिल्याइएको दृश्य वृत्तचित्रमा छ। रामेछाप, तेह्रथुम, दमक आदि स्थानका साथै कतारका विभिन्न भागमा छायांकन गरिएको यो वृत्तचित्रमा खाडी मुलुकमा पुगेका युवाहरूको वेदना देखिन्छ। 'मलाई त रुनै मन लाग्यो', तानसेनमा वृत्तचित्र हेरेकी विद्यार्थी दीपकला पाठकले भनिन्, 'हाम्रा दाजुभाइ यसैगरी दुःख गरेर आउने त हो, तर यहाँ भने छोरा विदेश गएको छ भनेर सबै मख्ख हुन्छन्।'



## वृत्तचित्रमा दुर्लभ दृश्य

नेपाली राजनीतिका दुर्लभ दृश्यहरू यो वृत्तचित्रमा समेटिएका छन्। गत सोमबार राजधानीमा 'प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेस' शीर्षकको वृत्तचित्रको विशेष प्रदर्शन गरियो। कांग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेलको विशेष आतिथ्यमा नेपाल पर्यटन बोर्डमा वृत्तचित्रको प्रदर्शन सम्पन्न भएको थियो। 'नेपाली कांग्रेसको इतिहास खोतल्ने क्रममा राजनीतिक घटनाक्रमका दुर्लभ दृश्यहरू राखिएको छ,' वृत्तचित्रका परिकल्पनाकार एवं निर्देशक भूपेन्द्र जंग शाहीले साप्ताहिकसँग भने, 'नेपाली राजनीतिमा घटेका मुख्य घटना यो वृत्तचित्रमा हेर्न पाइन्छ।' भारतको स्वतन्त्रता आन्दोलनदेखि २००७ साल, २०४६ साल र २०६२/०६३ का राजनीतिक घटना वृत्तचित्रमा अटाएका छन्। एक घण्टा लामो यो वृत्तचित्रमा बीपी कोइराला, गणेशमान सिंह तथा गिरिजाप्रसाद कोइरालाजस्ता नेताको महत्त्वपूर्ण राजनीतिक उपलब्धिलाई पनि चित्रित गरिएको छ।




सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : साइबरसंसार डटकम
SOUTH
AFRICA
2010
adidas
JABULANI



सुष्मा
कार्की
SOUTH AFRICA 2010

# एञ्जल २०१० का प्रतिस्पर्धीहरू

आगामी साउन ९ गते राजधानीको सोल्टी होटलमा आयोजना हुने एञ्जल-२०१० मा २१ सुन्दरीबीच प्रतिस्पर्धा हुने भएको छ। उनीहरू विगत एक सातादेखि प्रशिक्षणमा व्यस्त छन्। ह्वाइट हर्स मेडियाले आयोजना गर्न लागेको यो प्रतियोगिताको कोरियोग्राफी प्रभा अमात्यले गरिरहेकी छिन्। कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने यो प्रतियोगितामा *साप्ताहिक*को समेत सहभागिता छ। आफूलाई मन परेका सुन्दरीहरूलाई एसएमएसबाट भोटिङ गर्न सकिने आयोजक संस्थाले जनाएको छ। जसका लागि एञ्जल टाइप गरी स्पेस छोडेर सहभागिताको कोड नम्बर टाइप गरी २०६६ मा एसएमएस गर्न सकिन्छ।




सबीना लिम्बू (१८)
ठेगाना : बाँसबारी, काठमाडौं
कलेज : मल्पी इन्टरनेसनल




अभिलाषा रायमाझी (१६)
ठेगाना : डिल्लीबजार, काठमाडौं
कलेज : एस इन्स्टिच्युट अफ म्यानेज्मेन्ट










सोनी राई (१८)
ठेगाना : उर्लाबारी
(हाल : बसुन्धरा, काठमाडौं)
कलेज : काठमाडौं भ्याली

मन्दिता चौलागाई (१७)
ठेगाना : दमक
(हाल : खुमलटार, ललितपुर)
कलेज : ह्वाइट हाउस

बबिता सुब्बा (२४)
ठेगाना : पाँचथर
(हाल : मैतीदेवी, काठमाडौं)
कलेज : पद्मकन्या क्याम्पस




रस्मिता जोशी (१७)
ठेगाना : कलंकी, काठमाडौं
कलेज : नेक्स्ट जेनेरेसन बोर्डिङ स्कुल







मलिना जोशी (२२)
ठेगाना: धरान
(हाल: बानेश्वर, काठमाडौं)
कलेज: एस इन्स्टिच्युट अफ म्यानेज्मेन्ट




रुबिना महत (१७)
ठेगाना: ढोलाहिटी, ललितपुर
कलेज: नेशनल क्याम्पस







विद्या खरेल (१९)
ठेगाना : काठमाडौं
कलेज : किङ्स बानेश्वर

नेहा तन्डुकार (२०)
ठेगाना : भोटेबहाल, काठमाडौं
कलेज : आईएसटी

रुमी गुरुङ (१७)
ठेगाना : रोल्पा
(हाल : हाँडीगाउँ, काठमाडौं)
कलेज : सेन्ट लरेन्स

# सांस्कृतिक निरन्तरताको सन्देश दिँदै

**मनोज बस्नेत**

पनौती क्षेत्रकै सबैभन्दा ठूलो र धार्मिक रूपमा अत्यन्त महत्वपूर्ण पनौती जात्रा शुक्रबार सुरु भै आइतबार सम्पन्न भएको छ। पनौतीको जात्रा जेठ शुक्ल दशमीदेखि आषाढ तृतीयसम्म ९ दिन लामो भए पनि जेठ पूर्णिमाको अघिल्लो तीन दिनदेखि पूर्णिमासम्म महत्त्वपूर्ण हुन्छ। विशेष गरी जेठ शुक्ल पूर्णिमा (ज्या पुन्ही) लाई प्रमुख रूपमा लिइन्छ।

जात्राको महत्त्वपूर्ण तीन दिनमध्ये पहिलो दिन अर्थात जेठ शुक्ल त्रयोदशीका दिन बजारभित्र सोह्रखुट्टे पाटीसँगैको ब्रह्मायणी देउता, घरभित्रको गणेश र भैरवको पूजा गरिसकेपछि निमन्त्रणा पूजा भनी त्रिवेणी घाटमा अवस्थित ब्रह्मायणीमा बोकाको बली चढाई पूजा गरिन्छ। सरकारको प्रतिनिधिका रूपमा न.पा.ले खटाएको व्यक्ति (जसलाई द्वारे भनिन्छ) ले खड्ग समाई नगर परिक्रमा गर्छ। द्वारे लायकुको प्राङ्गणमा आई कसाईहरूलाई राँगो प्रदान गरिन्छ, तत्पश्चात् ब्रह्मायणी देउताको घरमा देउता लिई बाजागाजासहित ब्रह्मायणीको मूर्ति खट जात्रा गरी त्रिवेणी घाटमा लगी शिलावती यज्ञका लागि आवश्यक पूजा सरसामान लिई ब्रह्मायणी जाने पुण्यमातामाथिको झोलुङ्गे पुल पार गराइन्छ।



नाग-नागिनीको प्रतीकस्वरूप २ वटा बाँस बोकेर बासुकी नागको पूजा धूमधामसँग हुन्छ।

त्यसपछि भद्रकाली देउताघरमा आई पहिले नै पूजाआजा गरिसकेको भद्रकालीको मूर्ति रथमा राखिन्छ। भद्रकालीको रथ यात्रा तानेर त्रिवेणी घाटमा पुऱ्याई भद्रकालीको मूर्ति त्रिवेणी घाटस्थित ब्रह्मायणीमा लगिन्छ।

जात्राको दोस्रो दिन जेठ शुक्ल चतुर्दशी जसलाई मू:जात्रा भनिन्छ। त्रिवेणीघाटस्थित ब्रह्मायणी मन्दिरमा अघिल्लो राति पुऱ्याइएका ब्रह्मायणी र भद्रकालीको हेरविचार गर्ने भनी २ वटा बोकाको बलि चढाई पूजाआजा गरिन्छ।

जात्राको अन्तिम र महत्त्वपूर्ण दिन जेठ शुक्ल पूर्णिमा (ज्या पुन्ही) हो, यस दिन सुरमा ब्रह्मायणीलाई रथजात्रा गरी नगर परिक्रमा गराई लायकु दरबारको प्राङ्गणस्थित पुलिस पार्टीमा पुऱ्याइन्छ। त्यसपछि बाजागाजासाथ द्वारे, भद्रकालीभैरव तथा महादेवको मूर्ति रथमा राखिन्छ। महादेवको रथ चाहिँ बोक्नुपर्ने हुन्छ। महादेवको रथ प्रजापतिहरूले बोकी भद्रकालीको रथ र उन्मत्त भैरवको रथ पनौतीका बासिन्दाहरूद्वारा तानी नगर परिक्रमा गराई लायकु दरबारमा लगी भैरव र भद्रकालीबीच तथा महादेव र भद्रकालीबीच तीन-तीन पटक रथ जुधाइन्छ, रथ जुधाउनुलाई देवी-देवताबीचको सम्भोगका रूपमा लिइन्छ।

'गौतम ऋषीकी पत्नी अहल्यासँग अनैतिक सम्बन्ध राख्ने इन्द्रको श्रापमोचन पुण्य माता र रोसीको संगम त्रिवेणी घाटमा पूर्णिमाको दिन बिहान सबेरै नुहाउनाले भएको भन्ने किंवदन्ती छ।' पनौतीका बुद्धिजीवी एवं इतिहासविद् डा. सुमन ताम्राकारले बताए।

यो जात्रा हेर्न काठमाडौं, भक्तपुर, दोलखा, सिन्धुपाल्चोक, रामेछाप आदि जिल्लाका मानिसहरू आउँछन्। पनौतीको नेवारी समुदायले आफ्नो क्षमता र गच्छेअनुसार आफन्तहरूलाई बोलाई भोज ख्वाउने चलन छ।

यो जात्राको निरन्तरताले देशको ऐतिहासिक एवं धार्मिक कला-संस्कृति र परम्पराको जगेर्ना हुने डा. ताम्राकारले बताए।

## • साताको स्वर •



### धीरज राई

**'दोधारमा छु...' कस्तो शैलीको गीत हो ?**
यो पप शैलीमा आधारित गीत हो, जुन स्लो बिटमा तयार पारिएको छ ।

**गीत, संगीत तथा गायन एक्लै गर्दा गाह्रो भएन ?**
म आफ्ना गीत प्रायः आफैं कम्पोज गर्न रुचाउँछु । गीतको तीनै विधामा आफैंले काम गर्दा राम्रो परिणाम प्राप्त हुन्छ ।

**नृत्यपरक गीत गाउने गायकले स्लो बिटमा गाउनुको कारण ?**
श्रोतालाई केही भिन्न स्वाद दिने उद्देश्यले यो गीतलाई स्लो बिटमा गाएको हुँ ।

**गीतका लक्षित श्रोता को हुन् ?**
नेपाली संगीत मन पराउने प्रायः सबै उमेरका श्रोता नै लक्षित वर्ग हुन् । टिनएजरले बढी मन पराएका छन् ।

**म्युजिक भिडियोमा स्लिम देखिनुभएको रहेछ नि ?**
यही भिडियोमा मोडलिङ गर्न मैले आफ्नो सात किलोग्राम तौल घटाएको थिएँ । निर्देशक प्रसन्न पौडेलले पातलो हुनुपर्छ भनेपछि स्लिम बनेको हुँ ।

## • म्युजिक अपडेट •

### सात संगीतकर्मी सम्मानित

पोखरामा सात जना संगीतकर्मीलाई सम्मानित गरिएको छ । पोखरा लोक-संगीत समूहद्वारा आयोजित कार्यक्रममा संगीतकार पूर्ण नेपाली, लोकगायक नरबहादुर परियार, दोहोरी गायक प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, राजु परियार, नृत्य निर्देशक रूपेनबाबु थापा तथा मरणोपान्त सम्मानबाट स्व.झलकमान गन्धर्वलाई सम्मानित गरिएको हो । कला एवं संगीतमा विशेष योगदान पुऱ्याएकाले ती संगीतकर्मीहरूलाई सम्मानित गरिएको आयोजकहरूले बताएका छन् ।

### महेशसँग राजेश

संगीतकार महेश खड्काले गायक राजेशपायल राईका लागि एउटा गीत संगीतबद्ध गरिदिएका छन् । राजेशपायलका लागि संगीतकार खड्काले 'राई इज किङ' शीर्षकको गीत तयार पारिदिएका हुन् । 'सबैको माया पाउने पनि आउँदो रै'छ दिन, माया गरि सबले भन्छन् राई इज किङ...' गीत सञ्जय बरालले रचना गरेका हुन् । चाँडै नै यो गीत श्रोतामाझ आउने गायक राई बताउँछन् ।

### पर्लैटीमा महाकविका गीत

भयाउरे लोकभाकालाई मुनामदनमार्फत लोकप्रिय बनाउन सफल महाकवि लक्ष्मीप्रसाद देवकोटाका दर्जनौं गीत शुक्रबार साँझ नेपालयको 'आर'शाला गुञ्जायमान भयो । देवकोटाका गहन शब्दमा पुराना र नयाँ पुस्ताका दस जना संगीतकारका धुन कार्यक्रममा प्रस्तुत भएका थिए । महाकविको प्रसिद्ध रचना 'कुन मन्दिरमा जान्छौ यात्री' बाट सुरु भएको करीब २ घण्टाको कार्यक्रममा देवकोटाका विद्यार्थीहरू, निबन्धकार कमलमणि दीक्षित र गीतकार रत्नशमशेर थापाले देवकोटासितका दिनको सम्झना गरेका थिए ।

### कपिल आउँदैछन् आइडलका साथ

जीवन शाहीको लगानीमा चौथो इन्डियन आइडलका फस्ट रनर्सअप कपिल थापा नेपाली श्रोतामाझ आउने भएका छन् । थापालाई नेपाली सङ्गीतमा उदाउने वातावरण नवसंगीतकार टंक बुढाथोकीले मिलाएका छन् । बुढाथोकीको एकल संगीतमा प्राइम म्युजिकले बजारमा ल्याउन लागेको 'आइडल' का सबै गीत फिल्मी शैलीमा छन् । सबै गीतको म्युजिक भिडियो बनाइने यो एल्बमको एउटा गीतमा भने कपिल थापा मोडलका रूपमा पनि प्रस्तुत हुनेछन् । एल्बमको दुईवटा गीतमा कपिललाई मुम्बई आइडल सोभना खेतानले साथ दिएकी छिन् ।

### म्युजिक भिडियोको प्रथम प्रदर्शन

गीतकारका रूपमा मात्र परिचित डा. भोला रिजाल गत शनिबार राजधानीमा आयोजित एउटा सांगीतिक समारोहपछि संगीतकारका रूपमा समेत चिनिएका छन् । कार्यक्रममा डा. रिजालको शब्द तथा संगीतमा तयार पारिएको 'सुन सुन साथी...' गीतको म्युजिक भिडियोको प्रथम प्रदर्शन गरिएको थियो । मदन गोपाल, झुमा निरौला तथा मनीषा पोखरेलको स्वर समेटिएको यो गीतको म्युजिक भिडियोको निर्देशन संगीता श्रेष्ठले गरेकी हुन् । विमोचन समारोहमा गीतकार डा.रिजालले देशमा विद्यमान राजनैतिक तथा आर्थिक गतिरोधले आफूलाई उक्त गीत लेख्न तथा जनतासामु पुऱ्याई राजनैतिक सद्भाव तथा सचेतना छर्ने चेतना दिएको बताए । उक्त भिडियोमा भिजे सरोज केसी, विनोद श्रेष्ठ आदिले अभिनय गरेका छन् ।

### चाँदनीको विमोचन

पाँचथरका टीकेन्द्र शिवाकोटी गायक बनेका छन् । आफ्ना एकल गीतहरूको पहिलो गीतिसंग्रह 'चाँदनी' को शिवाकोटी स्वयंले विमोचन गरेका थिए । कमलादीस्थित गणेशस्थानमा केही संगीतकर्मीको उपस्थितीमा गायक शिवाकोटीले संग्रह सार्वजनिक गरेका हुन् । लामो समयदेखि मंगलबारको व्रत बसिरहेका गायक शिवाकोटीले व्रतकै दिन पारेर गीतिसंग्रहको पूजा गर्दै त्यसलाई सार्वजनिक गरेका हुन् । अनुराग म्युजिकको यो पहिलो उत्पादनमा आधुनिक शैलीमा गीत समेटिएका छन् ।

### रेकर्डिङ प्रारम्भ

चलचित्र 'चन्द्रावती' का गीतहरूको रेकर्डिङ शुभमुहूर्त कार्यक्रम गरेर प्रारम्भ गरिएको छ । संगीतकार अर्जुन पोखरेलले पहिलो पटक यो चलचित्रमा संगीत दिएका छन् । कमलादीस्थित ड्रिम्स स्टुडियोमा चलचित्रका गीतहरूको रेकर्डिङ प्रारम्भ गरिएको हो । चलचित्रमा राजेशपायल राई, दीपक लिम्बु, दुर्गा खरेल आदि गायक-गायिकाको पार्श्व गायन रहनेछ ।

### क्याप्टेन गायक

सैनिक सेवामा कार्यरत भेषबहादुर थापा अब गायकका रूपमा समेत चिनिनेछन् । क्याप्टेन थापा अहिले आफ्नो पहिलो एकल गीतिसंग्रहका गीतहरू रेकर्डिङ गराइरहेका छन् । किरण माइकलका शब्द तथा संगीत रहेका गीतहरू अल्टर रेकर्डिङ स्टुडियोमा रेकर्ड भैरहेका छन् ।

### पालो श्लोक दोहोरीको

लोकदोहोरी सुनिरहेका श्रोताहरूले चाँडै नै श्लोक दोहोरी गीतका गीतिसंग्रह सुन्न पाए भने आश्चर्य नमाने हुन्छ । राजधानीमा पहिलो पटक श्लोक दोहोरी प्रतियोगिता सञ्चालन गरिएको छ । बानेश्वर सर्जक समाजको आयोजनामा अविरल साहित्य समाज सिन्धुपाल्चोकले संयोजन गरेको श्लोक दोहोरी प्रतियोगिता तथा श्लोक अन्ताक्षरीमा दुई समूहबीच प्रतिस्पर्धा गराइएको थियो । शान्तिनगरस्थित बानेश्वर क्याम्पसमा आयोजित यो रमाइलो प्रतियोगितामा सिन्धुपाल्चोकबाटै आएका श्लोक वाचकहरू सहभागी थिए । बानेश्वर सर्जक समाजको दोस्रो वार्षिकोत्सवको अवसर पारेर आयोजित पृथक् शैलीको उक्त सांगीतिक कार्यक्रममा खैंजडी नृत्यसमेत प्रदर्शन गरिएको थियो ।

### उपाधिको तयारी

सत्यराज आचार्य तथा स्वरूपराज आचार्यका प्रशंसकहरूलाई खुसीको खबर ! यी दाजुभाइ गायकको नयाँ गीतिसंग्रह 'उपाधि' चाँडै बजारमा आउँदैछ । गीतकार भूपेन्द्र खड्काको शब्द रहने यो संग्रहका सबै गीत स्वर तथा संगीत सत्य-स्वरूपले नै तयार पारेका हुन् । संग्रहलाई विन्ध्यवासिनी म्युजिकले बजारमा ल्याउँदैछ ।

### मोफसलका व्यस्त संगीतकर्मी

बुटवलका तेजप्रसाद पाण्डेले रचना तथा संगीतबद्ध गरेका गीत-संगीत देशैभरि बजेका छन् ।यसअघि आफ्नै शब्द तथा संगीतमा 'छल', 'थाहा पाएँ' जस्ता गीतिसंग्रह तयार पारिसकेका तेजप्रसादले 'थाहा पाएँ...' गीतबाट सर्वोत्कृष्ट संगीतकारको कालिका एवार्डसमेत पाइसकेका छन् । यति बेला उनी आफ्नै शब्द तथा संगीतको 'दुईटा औंठी' शीर्षकको नयाँ गीतिसंग्रहमार्फत श्रोतामाझ आउँदैछन् । असारको अन्तिम साता सार्वजनिक हुने यो संग्रहका लागि गायिका अञ्जु पन्तले तीनवटा गीत गाएकी छिन् भने स्वरूपराज आचार्यले शीर्षक गीत गाएका छन् । राजेशपायल राई, विरेन्द्र अग्रहरि तथा मीना केसीले पनि यो संग्रहका लागि स्वर दिएका छन् ।

### कोरियामा सबिन राई

गायक सबिन राई यति बेला विदेश यात्रामा छन् । सांगीतिक यात्राका क्रममा उनी अहिले कोरियाको राजधानी सोल पुगेका छन् । सोलस्थित नेपाल कोरिया सांस्कृतिक मञ्चले आयोजना गरेको सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गर्न उनी त्यहाँ पुगेका हुन् । सोल सिटीले प्रत्येक वर्ष आयोजना गर्ने एसियन कल्चर फेस्टिवलमा नेपालको प्रतिनिधित्व गर्दै गायक राई त्यहाँ पुगेका हुन् । सांगीतिक कार्यक्रममा गायक राईले आफ्ना रक शैलीका गीत त गाए नै, कोरियन भाषाका एक-दुईवटा गीत गाएर वातावरणलाई रोमाञ्चक बनाए ।

## • विदेशबाट •

### साकीराको विवाह नगर्ने घोषणा

पपगायिका साकीराले विवाह नै नगर्ने घोषणा गरेकी छिन् । साकीरा भन्छिन्– 'म कसैकी श्रीमती हुनुभन्दा कसैकी गर्लफ्रेन्ड भनिन मन पराउँछु ।' हालै प्रकाशित एउटा समाचारअनुसार लामो समयदेखि एन्टोनियाकी प्रेमिकाका रूपमा परिचित तथा हालै 'वाका-वाका...' गीतका कारण चर्चित भएकी साकीराले स्पष्ट पारेकी छिन्, म कहिल्यै पनि विवाह बन्धनमा बाँधिनेछैन । 'विवाह गर्ने मेरो कुनै उद्देश्य छैन, सकीरा भन्छिन्– 'मलाई सधैंका लागि कसैको गर्लफ्रेन्ड हुन बढी रोमान्टिक लाग्छ । म अहिले जस्ती छु, सधैं त्यस्तै रहन चाहन्छु ।' अर्जेन्टिनाका पूर्वराष्ट्रपति फर्नान्डो डे ला रुका वकिलका छोरा एन्टोनियोसंग ३३ वर्षीया साकीराको लामो समयदेखि प्रेमसम्बन्ध छ । दुवैले हालसम्म विवाह गरेका छैनन् ।




अर्जेन्ट आवश्यकता
NGO अफिसलाई लेखपढ भएका नभएका महिला, पुरुष, गृहेणी Test/ SLC +2 दिएर बसेका विद्यार्थी अर्जेन्ट
१४५००+ ३५००+ भाडा सुविधा
सम्पर्क
चावेल 0१२२९१0४७ ९८0८३२२२३१ ९७२१५२९८0५
भक्तपुर ६६३0९९३
तिनकुने 0१४१११७0७
९७४११४८0५४
शनिबार पनि अफिस खुल्ला रहनेछ ।

VISIT www.gargacharya.com Win Rs. 5000/-

LANGUAGE & COMPUTER
Basic to Advanced
Courses:
English: Special, Speaking, writing class
Japanese, German, Korea, French, Spanish, Chinese
IELTS, JOB, VISA, Pre.
Computer: Basic, Office, Graphic, Web, Tally, Hardware
OASIS LANGUAGE & COMPUTER INSTITUTE
OLIC – Thamel, Galkopakha
01-4359170

फ्रि ! फ्रि !! फ्रि !!!
ब्यूटिसियन कोर्ष

Advance सिक्दा Basic फ्रिमा
वेसिक, एडभान्स, डिप्लोमा, स्पेशल सर्टकोर्ष
विदेशजानेहरूलाई Special Class
उत्कृष्टलाई रोजगार
N.B.T.C. Gaushala
Ph: 016914439 / 9851116915

तु-आवश्यकता
International Project को लागि कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 9 Ladies/ 9 Gents
सुविधा: 10500 + Bonus
USI
9803437476
9849195511
कलंकी खसिबजार Orbit College पछाडी
Note: Office Visit गर्दा Document अनिवार्य छ

6+2 महिने ब्युटिसियन ग्रेजुएट कोर्ष
(बेसिक + डिप्लोमा + एड्भान्स)
●नेपालमै पहिलो पटक इन्टरनेशनल स्टेण्डर्डको ब्युटिसियन करिकुलम र कोर्ष भएको । ● सम्पूर्ण थ्योरी र प्राक्टिकल सहित । ● यो भन्दा सस्तो र यो भन्दा स्तरीय कहीं छैन ।
सम्पूर्ण र सफल ब्युटिसियन बन्नु छ??? अवश्य सम्पर्क गर्नुहोला ।
थ्योरी : डी.बी. गुरुङ्ग/ प्राक्टिकल : जानकी श्रेष्ठ
Professional Beauty & Cosmetology Academy
Kupondole-1, Lalitpur Ph-01-5555698
NEPAL'S BEST THEORY & PRACTICAL BEAUTY ACADEMY
नोट : ● स्पेशल सर्ट स्कीन ट्रिटमेन्ट कोर्ष र स्पेशल सर्ट हेयर कटिङ्ग एण्ड ट्रिटमेन्ट कोर्ष सञ्चालन भैरहेछ ।
● एक हप्ता भित्रमै एड्मिसन गर्नुहुनेलाई भारी छुट ।

www.stven.com.np
STVEN Offers Professional Development Courses
• Personality Development
• Public Speaking
• Leadership Quality
• Marketing and PR Development
• Business Communication
• Business Writing

Invest in Yourself
groom your personality with STVEN
STVEN
Contact:
Tel: +977-1-4001526, 4001507
Nursery Galli
Lazimpat-2, Kathmandu
info@stven.com.np

# हामी विद्यार्थीको जीवनमाथि खेलबाड गर्दैछौं

पृष्ठ ५ बाट जारी

नसघाउने हो भने त्यो घरको दानापानी बन्द हुन्छ। यस अर्थमा विद्यालय छाड्नै नपाउने नियमले गरिबलाई अप्ठ्यारोमा पार्छ, तर त्यसको समाधान सरकारले दिनुपर्छ। हामीले त्यो कसरी गर्न सकिन्छ भनेर बृहत् नीति बनाएका छौं, त्यसलाई लागू गर्ने हो भने यो समस्या सजिलै सामाधान हुन्छ।

**देशमा धेरै राम्रा नीति बनेका छन्, लागू भएका छैनन्, विद्यालय क्षेत्र सुधार कार्यक्रम तपाईंले बनाएकै अवस्थामा लागू हुन्छ भन्ने विश्वास छ ?**

देशलाई अघि लाने हो भने अर्को विकल्प छैन। शिक्षामा सुधार नआई अरू कुरामा सुधार हुन्छ भन्नु मुर्खता हो। हामी विशेषज्ञ हौं, हामीलाई थाहा छ, देशमा कुन कुराको आवश्यकता छ। राजनीतिक दल वा प्रशासनसँग विशेषज्ञता छैन। यी दुवै मिलेरै देशको विकास हुन्छ। यो कुरा हामीले सबैलाई बुझाउन सक्नुपर्छ। देशमा राम्रा नीति बनेर पनि लागू नहुनु दुर्भाग्य हो। विद्यालय क्षेत्र सुधार कार्यक्रम २०१५ सम्ममा लागू हुन्छ भन्ने विश्वासकै आधारमा हाम्रो विशेषज्ञको टोलीले काम गरिरहेको छ।

**तपाईंहरूको योजनाको सबैजसो शिक्षक संगठनले विरोध गरिरहेका छन्। शिक्षकले नै विरोध गरेपछि यो कार्यक्रम कसरी लागू होला ?**

सबै दलमा आबद्ध शिक्षक संगठनहरूले विरोध गर्नुभएको छ। ऐनमा पनि सुधार गर्नुपर्ने आवश्यकता छ। यद्यपि शिक्षकहरूको विरोध भने आश्चर्यजनक छ। उहाँहरू शिक्षामा आमूल परिवर्तन हुनुपर्छ भन्ने कुरामा सहमत हुनुहुन्छ, तर आमूल परिवर्तनका लागि काम गर्दा विरोध गर्नुहुन्छ। हामीले शिक्षालाई गाउँ वा क्षेत्रमा जवाफदेही बनाउने नीति ल्याएका छौं। उहाँहरू लोक सेवाजस्तै केन्द्रीकृत हुन चाहनुहुन्छ। शिक्षा केन्द्रीकृत भएकै कारण समस्यामा परेको हो। यसलाई ठाउँअनुरूपको शिक्षामा विशेष गरी त्यही स्थानमा गरी खाने अवस्थाको नबनाउने हो भने हाम्रो शिक्षाले राम्रो परिणाम दिन सक्दैन। यो कुरा उहाँहरू बुझ्न चाहनुहुन्न।

**किन चाहनुहुन्न ?**

किनभने एकपटक शिक्षक भएपछि उहाँहरूको दायित्व विद्यार्थी वा विद्यालयप्रति होइन, केन्द्र वा जिल्लातर्फ हुन्छ। जसरी लोकसेवा उत्तीर्ण गरेपछि कर्मचारी जनतासँग होइन, केन्द्रप्रति उत्तरदायी हुने व्यवस्था छ, शिक्षकहरू पनि त्यही चाहन्छन्। शिक्षकको काम विद्यार्थी पढाउने र समाजमा आफ्नो प्रभाव पार्ने कि केन्द्र वा नेताको चाकडी गर्ने ? अधिकांश शिक्षक, जो राजनीतिक दलको झन्डा बोक्छन्, उनीहरू केन्द्र वा जिल्लाप्रति अनि आफ्ना नेताहरूप्रति लोयल छन्। विद्यार्थी र समाज उनीहरूको चिन्तनमै छैन। विद्यालय क्षेत्र सुधारले यो कुरा तोड्ने प्रयास गरेको छ। यो कुरा कतिपय शिक्षक साथीहरू चाहनुहुन्न।

**शिक्षक नेताहरू सेवा-सुविधाको कुरामा हाम्रो विरोध हो भन्छन् नि ?**

सेवा-सुविधाको कुरा गर्नुहुन्छ भने २०४८ सालयता शिक्षकको तलब एवं सुविधा १ हजार प्रतिशतभन्दा बढी बढेको छ। पहिले कर्मचारीले पाउने सबै सेवा-सुविधा शिक्षकले पाउँदैनथे। बर्खे र जाडो बिदा नै उनीहरूको बिदा थियो। अहिले बर्खे र जाडो बिदाका साथमा बिरामी, घर, चाडपर्व सबै बिदा थपिएको छ। तलब पनि लोकसेवा आयोगको स्केलअनुरूप नै छ। अब मेरो प्रश्न छ, यो २० वर्षमा शिक्षकको तलब सुविधा यति धेरै बढ्यो, शिक्षाको स्तर कति बढ्यो ? बढेन, झन् तल गयो। यो बारम्बार गरिएको सर्वेक्षणले देखाएको तथ्य हो। अब हामीले तलब-सुविधा बढायौं, शिक्षाको स्तर बढाउन केही काम गरौं न त भन्दा किन विरोध ? हामीले उहाँहरूको सेवा-सुविधा बढाउँदैनौं, त्यसलाई रोक्छौं त भनेका छैनौ ? वास्तविकता के हो भने उहाँहरू विद्यार्थीको भविष्यप्रति चिन्तित हुनुहुन्न। केवल जागिर एवं सुविधालाई ध्यानमा राखेर समाज र विद्यार्थीप्रति उत्तरदायी हुन नचाहेको भन्ने मात्र देखिन्छ।

**योजना बनाउँदा यी समस्या राजनीतिक दलका नेताहरूसमक्ष व्यक्त गर्नुभयो ?**

हामीले शिक्षकहरूसँग अन्तर्क्रिया गर्दा शिक्षकहरूको विरोधको सामना गर्नुपर्‍यो। त्यसपछि बल्ल यो कुरा सबै राजनीतिक दलसँग बृहत् छलफल गर्नुपर्छ भन्ने लागेको छ। यद्यपि योजना बनाउँदा हामीले सबै दलका घोषणापत्रमा उल्लेख भएका कुरालाई आफ्नो योजनामा समेटेका छौं। सबै दलको घोषणापत्रले शिक्षालाई अनिवार्य एवं प्राविधिक हुनुपर्छ भनेका छन्। यद्यपि अचम्म लाग्ने कुराचाहिँ के छ भने सबै दलले आफ्नो घोषणापत्रमा शिक्षाका सम्बन्धमा दुई-चार लाइन मात्र बोलेका छन्। दलहरूका घोषणापत्रको सारभन्दा धेरै गम्भीर रूपमा हाम्रो योजना बाहिर आएको छ।

**प्रवेशिका परीक्षाको नतिजा सार्वजनिक हुँदैछ, के आशा राख्नुभएको छ ?**

म निराश छु। सत्य भन्ने हो भने गाउँ-गाउँबाट हामीले जसलाई पास गर्दैछौं, केही अपवादबाहेक ऊ गुणस्तरीय व्यक्ति हुनेछैन। सर्टिफिकेट त दिन्छौ तर त्यसको गरिमा हामी दिन सक्दैनौ। हामीले गुणस्तरीय शिक्षा दिन नसकेपछि उनीहरूबाट क्वालिटी खोज्नु पनि मुर्खता हो। अहिले एसएलसी उत्तीर्ण गर्नु भनेको कलेज पढ्न पाउने, दहेज बढ्ने, वैदेशिक रोजगारीमा योग्यता पुग्नेबाहेक अन्य कुनै गुणस्तरीय काम हुनेछैन।

**निराश हुने कुरा गर्नुभयो, देशलाई केही फाइदा छैन ?**

छ, प्राइभेट कलेजहरूको राम्रो बिजनेस हुनेवाला छ। कतिपयले 'ब्रिजकोर्स' को नाममा ट्युसन पढाउने अवसर पाएका छन्। केही आर्थिक गतिविधि बढ्नेछ। त्यसबाहेक यस्ता विद्यार्थीहरू निकट भविष्यमा राजनीतिक दलका सक्रिय कार्यकर्ता हुनेछन्। उनीहरूमध्ये केहिले कार्यालयहरूमा तल्लो स्तरका कर्मचारीका रूपमा सेवा गर्नेछन् वा विदेश जानेछन्। सत्य कुरा गर्ने हो भने १० वर्ष वास्ता नगर्ने तर एसएलसीमा अभिभावक र शिक्षक मिलेर चिट चोराएर उत्तीर्ण गराएका विद्यार्थीबाट देशलाई ठूलो घाटा छ। बाँधेर पालेको बाघले मृग मार्दैन।

**प्लस टु पढेपछि ती विद्यार्थीको क्षमता अभिवृद्धि होला नि ?**

जग नै कमजोर भएपछि विद्यार्थीले पछि प्रगति गर्न गाह्रो हुन्छ। दुःखसुख पास गर्लान्, तर उनीहरू दुःखी, जति संघर्ष गरे पनि राम्रो स्थानमा नपुग्ने, क्षमताको कमीका कारण ठाउँ-ठाउँमा अपमानित हुने वर्गमै पर्छन्। यस्ता व्यक्तिलाई राजनीतिक दलले हिंसा एवं आन्दोलनमा प्रयोग गर्छन्। कतिपय गलत काममा लाग्छन्। आज राजनीति, अर्थनीति एवं समाज किन दूषित छ ? किनभने हामीले यस्तै शिक्षा दियौं। शिक्षा नसुध्री समाज सुध्रन्छ, देश सुध्रन्छ भन्नु हास्यास्पद हो।

**आफ्नो आँखाबाट तपाईं जुन संसार देखिरहनुभएको छ, त्यसले दिएको तत्त्व ज्ञान के हो ?**

जतिखेर मैले विद्यालय क्षेत्र सुधार कार्यक्रममा काम गर्न थालें, मलाई लागेको थियो, तलबाट सुधार गर्ने हो भने देश २० वर्षमा आफ्नो ट्र्याकमा आइसक्छ। अहिले लाग्दैछ, सुधार तलबाट होइन, माथिबाटै आवश्यक छ। किनभने मुहान नै धमिलो भएपछि खोला सफा हुन निकै गाह्रो हुन्छ। केन्द्रमा भएका सबैका लागि विद्यालय क्षेत्र सुधारजस्तो कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ।

–अश्विनी कोइराला




# रमझम सुन्दरता र प्रतिभाको



**रोजिन शाक्य**

त्यसो त अहिले १९ औं संस्करणको विश्वकप फुटबलको रमझम छ। विश्वका प्रसिद्ध फुटबल खेलाडीहरू अहिले आ-आफ्नो राष्ट्रलाई फुटबलमा शक्तिशाली राष्ट्रका रूपमा उभ्याउन कसरत गरिरहेका छन्। यता मनसुनको प्रारम्भसँगै राजधानी सहर काठमाडौँमा भने यौवनाहरूको एउटा जमात आ-आफ्नो सुन्दरता, प्रतिभा, आत्मविश्वास, बौद्धिकता र व्यक्तित्वलाई प्रतिस्पर्धामा उतारेर आफूलाई उत्कृष्ट सावित गर्ने कसरतमा जुटेको छ। यतिबेला कोही मिस तामाङको उपाधिका लागि आफ्नो दावेदारी प्रस्तुत गर्दैछन् भने कोही मिस ई-कलेजको उपाधिको दौडमा छन्, कोही मिस एन्जेलको ताज पहिरिने प्रयासमा छन् भने कोही मिस नेपालको गौरव हासिल गर्ने तयारीमा छन्। उपाधि र प्रतियोगिताको कुरा उल्लेखित शीर्षकका प्रतिस्पर्धात्मक कार्यक्रममा मात्र सीमित छैन, अहिले राजधानीमा एकसाथ करिब एक दर्जन सुन्दरता र प्रतिभा मापनका कार्यक्रम फ्लोरमा छन्। महिला सहभागितामा मात्र केन्द्रित प्रतियोगिताबाहेक बालबालिकासम्बन्धी र पुरुष तथा महिला दुवैको सहभागिता रहने आयोजनाहरू पनि यही समयमा अघि बढेका छन्।

३२ जना तामाङ युवती अहिले प्रतियोतिगात्मक कार्यक्रमका आधारभूत दक्षता हासिल गर्दैछन्। उनीहरू नृत्य प्रशिक्षक आमिर दोङको निर्देशनमा स्वागत नृत्यको तयारीमा पनि उत्तिकै समय दिइरहेका छन्। अर्की नृत्य निर्देशक भावना कार्की पनि उनीहरूलाई अर्को आकर्षक नृत्यको तयारी गराइरहेकी छिन्। नेपाल तामाङ कला तथा संस्कृति केन्द्र र एभरेस्ट फेसन होमको संयुक्त आयोजनामा सम्पन्न हुने मिस तामाङ प्रतियोगिता आधुनिक प्लेटफर्ममा मौलिक पहिचानको जगेर्ना र प्रवर्द्धन गर्ने माध्यम भएको आयोजकमध्येका एक मिलन मोक्तान बताउँछन्। मिलनका अनुसार पब्लिक भोटिङ पनि समावेश गरिएको यो प्रतिस्पर्धामा आफ्नो छनौटको प्रतियोगीलाई ४३२१ मा एसएमएस गरी भोटिङ गर्न सकिनेछ। नयाँ मिस तामाङको चयन भोलि असार १९ गते राष्ट्रिय नाचघर जमलमा हुादैछ। यसैबीच गत मंगलबार मिस ट्यालेन्ट उपाधिका लागि तामाङ सुन्दरीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए।

उता सिजन मिडिया प्रा.लि.का प्रदीपराज वन्त आफ्नो ब्रान्ड ई-कलेज मोडल्स डटकमको प्रवर्द्धन गर्न चाहन्छन्। शिक्षाक्षेत्रमा आफ्नै तरिकाले योगदान पुऱ्याउने र त्यसका लागि ई-जेनेरेसनलाई बढीभन्दा बढी सहभागी गराउने मनसाय पनि छ उनको। यसका लागि उनले 'मिस ई-कलेज- २०१०' शीर्षकको प्रतियोगितालाई उत्तम उपायका रूपमा अघि सारेका छन्। २८ वटा कलेजमा अध्ययनरत १६ देखि २४ वर्ष उमेर समूहका ३० जना छात्रा सिजन मिडिया प्रा.लि.ले अघि बढाएको 'मिस ई-कलेज-२०१०' शीर्षकको प्रतियोगितामा आ-आफ्नो खुबीमार्फत उपाधिका लागि आ-आफ्नो दाबेदारी प्रस्तुत गरिरहेका छन्। मिस ई-कलेजको उपाधिसहित स्कुटर उपहारले उनीहरूको प्रयासमा थप ऊर्जा सञ्चार गरेको छ। यो प्रतियोगिताकी उपाधि विजेताको निक्र्यौल असार २५ गते प्रज्ञाभवन कमलादीमा हुादैछ।

उल्लेखित दुई प्रतियोगिता सकिएलगत्तै आगामी साउन १ तर्फ सबैको ध्यान केन्द्रित हुनेछ। कारण उक्त दिन अर्को महत्त्वपूर्ण उपाधिको घोषणा हुनेछ। ह्वाइट हर्स मिडिया प्रा.लि.ले पहिलो पटक आयोजना गर्न लागेको यो प्रतिस्पर्धा 'होम टिभी एञ्जल-२०१०' शीर्षकमा सञ्चालन हुनेछ। प्रतियोगिताको मुख्य विजेताले १ लाख नगद पुरस्कारसहित काइनेटिक स्कुटर पनि पुरस्कारस्वरूप प्राप्त गर्नेछिन्। विजेताले आफ्ना लागि बैंकको राउन्ट ट्रिप टुर प्याकेज, नेपाली चलचित्रमा नायिकाका रूपमा अभिनय गर्ने अवसर आदि पनि जुराउनेछिन्। १७ देखि २५ वर्ष उमेर समूहका युवतीहरूको सहभागितामा सम्पन्न हुने यो प्रतियोगिताको फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअप विजेताले क्रमशः ५० हजार र ३० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। होटल सोल्टी क्राउन प्लाजामा सम्पन्न हुने यो प्रतियोगिताको प्रत्यक्ष अनुभव कान्तिपुर टेलिभिजनमार्फत गर्न पाइने आयोजक संस्थाका नवराज आचार्यले बताएका छन्।

वर्षकै बृहत् र महत्त्वपूर्ण प्रतियोगिता मिस नेपालको उपाधि विजेताको खोजी पनि अघि बढेको छ। असार २० गतेसम्ममा सहभागिताका लागि आवेदन दिइसक्नुपर्ने मिस नेपाल प्रतियोगिताका लागि अविवाहित १९ देखि २५ वर्ष उमेर समूहका नेपाली युवतीले आवेदन दिन सक्छन्। आवेदक दस जोड दुई वा सो सरहको अध्ययन पूरा गरेको हुनुपर्ने, कम्तीमा ५ फिट ४ इन्च अग्ली र आकर्षक व्यक्तित्व, स्वस्थ शरीर तथा असल चरित्रको हुनुपर्ने प्रावधान पनि छ। आगामी अगस्त महिनाको मध्यतिर सम्पन्न गर्ने लक्ष्य राखिएको मिस नेपाल प्रतियोगिताको तयारीसागै साधना म्युजिक नेटवर्कको आर्यन समुदायका युवतीहरूमा लक्षित मिस आर्यन-२०१० प्रतियोगिताको प्रारम्भिक तयारी पनि अघि बढेको छ। मिस आर्यन प्रतियोगिताका सहभागीले पनि लगभग मिस नेपाल प्रतियोतिगाका लागि आवेदन दिँदा पालना गर्नुपर्ने प्रावधानहरूलाई नै आगाल्नुपर्नेछ। सहभागिताका लागि आवेदन फारम भर्नेहरूको संख्या उत्साहजनक रहेको आयोजक संस्थाका कमल उप्रेतीको दाबी छ। उप्रेतीका अनुसार बहुसांस्कृतिक र बहुजातीय हाम्रो समाजमा रहेको आर्यन समुदायको मौलिक पहिचानका सम्बन्धमा आधुनिक पुस्तामा सचेतता जगाउन र त्यसको प्रबर्द्धन गर्ने उद्देश्यले मिस आर्यन प्रतियोगिताको कन्सेप्टलाई कार्यान्वयनमा ल्याइएको हो। मुलुकमै पहिलो पटक आयोजना हुन लागेको मिस आर्यन प्रतियोगिताका विजेताले उपाधिसहित २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछिन्। प्रतियोगिताको मिति भने भदौ महिनालाई लक्षित गरेर अघि बढेको छ।

आफूभित्रको खुबी, आत्मविश्वास, व्यक्तित्व एवं सुन्दरता प्रयोग गरी मोडलिङ क्षेत्रमा अवसर सिर्जना गर्न चाहने युवतीहरूका लागि सञ्चालित सौन्दर्य प्रतियोगिताको यो वातावरणमा टेलिभिजनको पर्दामा मेगा मोडल छान्ने तयारीले पनि गति पाएको छ। मोडलिङको सबै विधाका लागि योग्य महिला मोडल छनौट गर्ने उद्देश्यले रियालटी शोको अवधारणामा झन्डै दुई वर्षअघि इमेज च्यानलले अघि बढाएको मेगा मोडल प्रतिस्पर्धाको दोस्रो संस्करणको प्रारम्भिक तयारीस्वरूप इच्छुक सहभागीहरूबाट आवेदन आह्वान गरिएको छ। अडिसन राउन्ड हुादै कम्तीमा १६ जना सम्भावित मेगा मोडलबीचको प्रतिस्पर्धाबाट विजेता घोषित गरिने मेगा मोडल प्रतियोगिता इमेज च्यानलको पर्दामा रियालिटी शोका रूपमा शृङ्खलाबद्ध प्रसारण हुनेछ। मेगा मोडलको पहिलो संस्करणको उपाधि स्वस्तिका राजभण्डारीले जितेकी थिइन्।

सुन्दरता र प्रतिभा मापनको प्रतिस्पर्धात्मक कार्यक्रमकै क्रममा अन्य केही प्रतियोगिता पनि हुादैछन्। जसमध्ये नेवार समुदायका युवायुवतीमा लक्षित नेवाः भाजु-मय्जु ११३० शीर्षकअन्तर्गतको प्रतियोगिता आउादो साउन १५ गते सञ्चालन हुादैछ। जी. नेक्स्ट एजेन्सीको आयोजनामा सम्पन्न हुने यो प्रतियोगितामा १५ जना युवक तथा १५ जना युवतीबीच नेवा भाजु-मय्जु उपाधिका लागि अन्तिम प्रतिस्पर्धाको हाल तयारी भैरहेको छ। यसैगरी पुरुष तथा महिला सहभागीहरूबीचको प्रतिस्पर्धा मिस्टर एन्ड मिस काठमाडौा-२०१० को तयारी पनि अघि बढेको छ। दिनेश शाही र चाादनी लामिछानेको कोरियोग्राफीमा आउादो भदौ २५ गते मिस्टर एन्ड मिस काठमाडौाका विजेता चयन हुनेछन्। एक्सपोज नेपाल डटकमको आयोजनामा हुने यो प्रतियोगिताका लागि हाल सहभागीहरूबाट आवेदन लिने कार्य भैरहेको छ।

नेपालकै जेठो मोडलिङ एजेन्सी द च्याम्प, स्टाइल आइकन-२०१० शीर्षकको प्रतियोगिताको तयारीमा जुटेको छ। ब्युटी विथ ब्रेनको अवधारणाभन्दा फरक हुादै मात्र फेसन मोडलिङका आधारभूत कुरामा लक्षित रही प्रतियोगिता सञ्चालन गरिने द च्याम्पकी प्रमुख कार्यकारी अधिकृत जयन सुब्बा मानन्धरले बताइन्। जयनका अनुसार स्टाइल आइकनको उपाधि विजेता पुरुष तथा माहिला सहभागीले मोडलिङसम्बन्धी अनेकन अवसर प्राप्त गर्नेछन्।

मिस, मिस्टर एन्ड मिस शीर्षकमा सुन्दरता र प्रतिभा मापनको प्रतियोगिता आयोजना गर्ने होड नै चलेको यो बेला बालसुन्दरी छनौट गर्ने प्रतियोगिताहरूको तयारी पनि उस्तै गतिले अघि बढेको छ। नेवार समुदायका बालिकाहरूको प्रतिभा प्रस्फुटन, आत्मविश्वास र व्यक्तित्व-विकासका साथै नेवार समुदायको मौलिक परिचयका सम्बन्धमा जानकारी गराउने, नेवार भाषा, कला-संस्कृतिका बारेमा सचेतना विकास गर्ने उद्देश्यले नेप्लिज फेसन होमले आयोजना गर्दै आएको मिस लिटिल नेवाः शीर्षकअन्तर्गतका पााचौ संस्करणको प्रतियोगिताको तयारी प्रारम्भ भएको छ।

आयोजक संस्थाका प्रबन्ध निर्देशक तेन्जिङ शेर्पाका अनुसार यस पटकको प्रतियोगितामा ९ देखि १३ वर्ष उमेर समूहका ४० जना बालिकाबीच मुख्य उपाधिका लागि भिडन्त हुनेछ। प्रतियोगिता आगामी भदौ ५ गते प्रज्ञाभवनमा आयोजित हुनेछ। यसैगरी गतवर्ष मंगोलियन किड शीर्षकको बालप्रतिस्पर्धा सञ्चालन गरेको एक्सन इन्टरटेनमेन्टले यसपटक 'मिस लिटिल आइडल-२०१०' शीर्षकमा बाल प्रतियोगिता सञ्चालन गर्ने भएको छ। मंगोल समुदायका बालबालिकामा मात्र सीमित नराखी सबै समुदायका बालिकाहरूमा लक्षित गरी अझ बृहत् कार्यक्रम मिस लिटिल आइकन गर्न लागिएको आयोजक संस्थाका अशोक प्यासी राईले जानकारी दिए। आगामी साउन २९ गते अन्तिम प्रतियोगिता हुने यो कार्यक्रममा ९ देखि १३ वर्षका ४० जना बालिकाबीच अन्तिम प्रतिस्पर्धा हुनेछ। अर्कातिर लिटिल मिस काठमाडौा शीर्षकको बालिकाहरू सम्बन्धित प्रतियोगिता पनि फ्लोरमा छ। आयोजक संस्था मुभी हाउसका सन्तोष सापकोटाका अनुसार चौथो संस्करणको यो प्रतियोगितालाई अघिल्लो प्रस्तुतिभन्दा अझ बृहत्, स्तरीय र दर्शनीय बनाइनेछ। ९ देखि १३ वर्ष उमेर समूहका बालिकाहरूमा लक्षित मिस लिटिल काठमाडौा प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा आगामी साउन महिनाभित्र आयोजना गर्ने लक्ष्य राखिएको छ।

NEW ADMISSION OPEN !




ELIGIBILITY
Qualification : +2 Pass or appeared
Height : 5'2"
Weight : According to height
Eye sight : Corrective vision

FEATURES
- Book, Stationary & handsout
- Special swimming lesson
- Scraf
- Int'l & domestic airport familiarization
- Excursion by plane
- Highly experienced instructor (National & international airlines)
- International course of study
- 100% placement assistance in National & int'l airlines.
- Basic & diploma course available.

AMI International Education Pvt. Ltd.
Putalisadak New Plaza (opposite side of Kumari bank), Kathmandu, Nepal
Tel: 01-2003633, URL: amiedu.com.np, email: informi@com.np
Pokhara: Chipledhunga-4, Pokhara, Nepal, Tel: 061-540494

# रेड डे डान्स पार्टी



बुटवल- स्कुल अफ आर्ट एन्ड फेसन टेक्नोलोजी (आईईसी) बुटवलले शनिबार यहाँ अलिक फरक खालको डान्स पार्टी सम्पन्न गऱ्यो। झन्डै वर्ष दिनसम्म बुटवलमा डान्स पार्टी हुन नसकेको परिवेशमा 'रेड डे' शीर्षकमा आयोजित पार्टीमा यहाँका डान्सपारखीहरू संगीतको आनन्दसँगै फेसन डिजाइनरको क्याटवाकमा रमाउन पाए। सिटीभ्यू रेस्टुरेन्टको हलमा आयोजित पार्टीमा बुटवलका डीजे वसन्त श्रेष्ठले नेपाली, हिन्दी तथा अंग्रेजीका दुई दर्जन बढी गीतमार्फत सहभागीलाई पर्याप्त मनोरञ्जन प्रदान गर्दै झन्डै ३ घन्टा नचाएका थिए।

आँखै तिरमिराउने रेजर लाइटबीच रातो रंगका वान पिस पहिरिएका फेसन डिजाइनरसँगै रातै पहिरनमा उपस्थित सहभागीहरू गर्मीको पर्वाह नगरी अबेरसम्म झुमेका थिए। पार्टीमा आईईसीका २० जना विद्यार्थीले क्रिएसन गरेको वान पिस पहिरनमा क्याटवाक गर्दै ऱ्याम्पमा उत्रिएका थिए। 'डान्स पार्टी र फेसन डिजाइनको मजा एक साथ लिन पाउँदा औधी रमाइलो भयो,' पार्टीमा सरिक मोडल अजिमा राईले भनिन्, 'पार्टी हुनु त यस्तो पिसफुल र जेन्टल।'

बुटवलमा विगत तीन वर्षदेखि फेसन डिजाइनिङ तथा इन्टेरियर डिजाइनिङमा डिप्लोमा तहको कक्षा सञ्चालन गर्दै आएको आईईसीले आफ्ना विद्यार्थीबीच वर्षभरि सिकेको फेसन कलाको आन्तरिक प्रतिस्पर्धा गराउन हरेक वर्ष रेड डे पार्टी आयोजना गर्ने गरेको आईईसी बुटवलकी सञ्चालिका जमुना पुनले बताइन्। प्रतिस्पर्धामा सहभागीको रोजाइका आधारमा डिजाइनर अनुपमा श्रेष्ठ तथा हीरा पेग्मी प्रथम र द्वितीय भए। उनीहरूलाई संगीतकार हितान शुक्रले विभिन्न उपहार दिएर पुरस्कृत गरेका थिए।

**–टोपराज शर्मा**

# अस्ट्रेलियामा लेट्स डान्स



**साप्ताहिक समाचार**

काठमाडौं– खुसीयालीमा नृत्य गर्नु नेपालीहरूको पुरानो बानी हो। अध्ययन तथा रोजगारीका लागि देशबाट टाढा पुगे पनि नेपालीहरू नृत्य गर्न पछि पर्दैनन्। अघिल्लो साता अस्ट्रेलियामा आयोजित 'लेट्स डान्स' शीर्षकको डान्स पार्टीको उद्देश्य पनि त्यहाँ बसोबास गरिरहेका नेपालीहरूलाई धीत मरुञ्जेल नचाउनु नै थियो।

गुठी अस्ट्रेलियाले पहिलो पटक आयोजना गरेको डान्स पार्टी सफलतापूर्वक सम्पन्न भएको थियो। अस्ट्रेलियामै स्थापना भएको गणेश मन्दिर तथा शब्दमाला-नेपाली भाषाको स्कुललाई आर्थिक सहयोग संकलन गर्ने उद्देश्यले आयोजित डान्सपार्टीमा युवापुस्ताको उल्लेख्य सहभागिता रह्यो। राति आठ बजे प्रारम्भ भएको डान्सपार्टी मध्यरातसम्म जारी थियो। झन्डै ४ सय जना नेपाली भेला भएको डान्सपार्टीमा युवा-युवतीलाई नचाउने जिम्मा नेपाली डिजे प्रवीणले लिएका थिए।

उनले छनौट गरेका नेपाली रिमिक्स गीतमा अत्याधुनिक पहिरनमा सजिएका युवतीहरूसहित युवाहरू पनि रमाइरहेका देखिन्थे। डान्सपार्टीमा डिजे प्रवीणले नृत्यपरक अंग्रेजी गीत पनि बजाए। उक्त अवसरमा नक्षत्र समूहका संगीतकर्मीले डान्स पार्टीको रौनक बढाउने प्रस्तुति दिएका थिए। आयोजक गुठी अस्ट्रेलियाका अनुसार डान्सपार्टीबाट ७ हजार १ सय ५ अस्ट्रेलियन डलर संकलन भएको थियो।

# धर्मश्रीका विजेता दुई वर्ष प्रतिबन्धित

**निर्मल श्रेष्ठ**

करिब १५ वर्ष शारीरिक सुगठनमा खर्चिएका सानु गुरुङ दुई वर्षका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनबाट प्रतिबन्धित भएका छन्। हङकङ बडी बिल्डिङ च्याम्पिएनसिपमा सहभागी गुरुङ डोपिङ टेस्टका लागि गरिएको अनुरोध अस्वीकार गरी खेल मर्यादा पालना नगरेको आरोपमा उक्त कारबाहीमा परेका हुन। एन्टी डोपिङ अनुशासन कमिटीले कारबाहीका लागि गरेको सिफारिसमा खेलकुद परिषद् तथा ओलम्पिक कमिटी हङकङले उक्त निर्णय सुनाएको हो। जेठ २३ गते वानचाइस्थित क्वीन एलिजावेथ स्टेडियममा आयोजित प्रतियोगितामा उनी हङकङ नेपाली बडी बिल्डिङ एसोसिएसनका तर्फबाट सहभागी थिए। पचहत्तर केजी र मास्टर्स समूहमा सहभागी गुरुङले दुवै विधामा फस्ट रनरलगायत बेस्ट पोजिङसहित चार उपाधि त जिते, तर शीर्ष उपाधिको हकदार गुरुङलाई दोस्रो बनाइएको भन्दै उनका समर्थकले विरोध जनाएपछि खेलमा



केही बेर तनाव उत्पन्न भएको थियो। खेलपूर्व डोपिङको अनिवार्यता नभए पनि होहल्लापछि आयोजकको सिफारिसमा कमिटीले उनलाई डोपिङका लागि दबाब दिएको थियो। अनुशासनको कारबाहीपछि अगस्टमा इरानको तेहरानमा हुने एसियाली शारीरिक सुगठन प्रतियोगितामा भिड्ने गुरुङको सपना पनि तुहिएको छ। प्रतियोगितामा गुरुङले नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुने पक्का थियो। खेल प्रतिबन्धकै कारण उनी काठमाडौंमा आयोजित हुने दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगितामा समेत सहभागी हुनबाट वञ्चित भएका छन्।

सानुले हङकङ खेलकुद परिषद्को निर्णयलाई पूर्ण पूर्वाग्रही बताएका छन्। आफूले डोपिङका लागि अस्वीकार गरेको नभै उपाधि जित्नेमा पनि यो नियम लागू हुनुपर्ने भनाइ मात्र राखेको गुरुङले बताए। खेल मर्यादा उल्लंघन हुने कुनै किसिमको काम नगरेको समेत उनले ठोकुवा गरे। कतिपय चिनियाँ दर्शकसमेत समर्थनमा बोलेकाले आयोजकले ले आफूलाई फसाउन डोपिङको बहाना बनाएको सानुको दाबी थियो।

हङकङ नेपाली बडी बिल्डिङ एसोसिएसनका अध्यक्ष मेख गुरुङले निलम्बनका विषयमा अपिल गर्न आफूहरूले कानुनी सल्लाह गरिरहेको बताएका छन्। सामान्य कुरामा खेलाडीको भविष्य नै विगार्ने गरी निर्णय आउनु अत्यन्त दुःखद भएको धारणा उनको थियो।

# कन्सर्ट, बी-बोइङ र डान्सपार्टी

धरान- कन्सर्टको तिर्खा, बी-बोइङको स्वाद र डान्सपार्टीको मजा वाह कस्तो मजा अल इन वन। शनिबार दिउँसो एकै ठाउँमा धरानमा कन्सर्ट, बी-बोइङ र डान्सपार्टी सम्पन्न भयो। युवा समूह द पेस युनियनले यस्तो अवसर जुटाएको थियो। ब्रिटिस सामुदायिक भवनमा आयोजित म्युजिकल इन फ्युजन प्रोग्रामको पहिलो प्रस्तुति लाइभ हेबी मेटल कन्सर्ट थियो। स्थानीय साहसी ब्यान्ड, तपस्वी ब्यान्ड, प्रतिविम्ब तथा त्रिनेत्र ब्यान्डले ह्याब्बी मेटल, रक एवं पप गीत लगातार प्रस्तुत गरेर वातावरणलाई तताएका थिए।

दोस्रो प्रस्तुतिमा दक्षिण अफ्रिका र अमेरिकामा प्रसिद्ध बी-बोइङ नृत्य प्रस्तुत भयो। जसमा



अनवान्टेड, युनिटी, कलेक्सन, युनिक, बिलिङ इन भिजिबल तथा आयोजक द पेस युनियन बी-बोइङ ग्रुप गरी छ समूहले नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरे। बालकदेखि तन्नेरीका साथै सबै उमेर समूहका व्यक्तिको प्रस्तुति रहन सक्ने उक्त नृत्य अत्यन्तै आकर्षक ढंगबाट प्रस्तुत भएको थियो। कन्सर्ट र बी-बोइङ लगत्तै डिजेद्वय टेक्नो र पेसले पनि रिमिक्स प्रस्तुत गर्दै डान्स पार्टीका लागि खाता खोले। युवाहरू जोसिँदै अंग्रेजी, हिन्दी तथा रिमिक्स गीतमा नृत्य गरिरहेका देखिन्थे। वर्षाको झरीका कारण निर्धारित समयभन्दा ढिलो सुरु भए पनि निकै उत्साहजनक रूपमा चलेको डान्सपार्टी राति १० बजेपछिसम्म जारी थियो।

# सिटी सेन्टरमा नृत्य प्रतियोगिता



**साप्ताहिक समाचार**

काठमाडौं– कमलपोखरीमा सञ्चालित सिटी सेन्टरले एक वर्ष पूरा गरेको उपलक्ष्यमा नृत्य प्रतियोगिता सम्पन्न भएको छ। गत शनिबार सम्पन्न 'सिटी सेन्टर मेगा डान्स कम्पिटिसन-२०१०' शीर्षकको प्रतियोगिताका लागि अडिसन चरणबाट छनौट भएका नृत्यांगनाहरूले आफ्ना कला प्रदर्शन गरे। निर्णायक प्रतियोगितामा सातवटा एकल तथा छवटा सामूहिक नृत्य प्रस्तुत भयो। प्रतियोगितामा विभिक्षा भण्डारी, अवन्तिका गुरुङ तथा वर्षा रानी गुरुङको समूहले प्रस्तुत गरेको सामूहिक नृत्य सर्वोत्कृष्ट घोषित भयो। एकल नृत्यतर्फ कृष्ण धमलाले बाजी मारे। विनायक श्रेष्ठ, रिनाशा राई तथा कातिया भेरेउल्ट निर्णायक रहेको प्रतियोगिताका प्रतिस्पर्धीहरूले नेपाली, हिन्दी तथा अंग्रेजी गीतमा आकर्षक नृत्य प्रस्तुत गरेका थिए। नायिका निशा अधिकारी विशेष अतिथिका रूपमा सहभागी यो प्रतियोगितामा समूहगत विजेताले नगद १० हजार तथा एकल नृत्यांगनाले नगद ५ हजार रुपैयाँ पुरस्कार पाएका थिए।

# सम्पन्न भयो आदिवासी चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं– तीन दिन चलेको चौथो नेपाल अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव-२०१० मा मेक्सिकन वृत्तचित्र 'एन्ड द रिभर्स फ्लोज अन' ले बाजी मारेको छ। गत शुक्रबार प्रारम्भ भएको चलचित्र महोत्सव आइतबार सम्पन्न भएको थियो। प्रदर्शनीमार्गस्थित पर्यटन सेवा केन्द्रमा सञ्चालन भएको महोत्सवमा सर्वोत्कृष्ट चलचित्रको एवार्ड विजेता उक्त चलचित्रलाई गोल्डेन ड्रम पुरस्कार प्रदान गरियो। मेक्सिकन सरकारको जलविद्युत् परियोजनाबाट मारमा नपर्न नदीकिनारमा पुस्तौंदेखि बसोबास गर्ने आदिवासीले अस्तित्व रक्षाका लागि गरेको सफल संघर्षको कथा यो वृत्तचित्रमा समेटिएको छ।

प्रतियोगितामा भारतमा निर्मित दुई वृत्तचित्रले दोस्रो तथा तेस्रो स्थान हासिल गरे। 'नागा स्टोरी : द अदर साइड अफ साइलेन्स' तथा 'यारङ रुट' ले क्रमशः सिल्भर ड्रम तथा ब्रोन्ज ड्रम पाए। 'नागा स्टोरी' मा भारतको उत्तर-पूर्वी सिमानामा स्वतन्त्र राज्य माग गर्दै आधा शताब्दीदेखि संघर्षरत आदिवासी नागा जातिलाई समेटिएको छ। तेस्रो पुरस्कार जित्ने 'यारङ रुट' मा बाँध निर्माणले उठीबास लागेको आदिवासी बस्तीको मार्मिक चित्र प्रस्तुत गरिएको छ।



निर्णायक मण्डलीले स्पेसल मेन्सन एवार्डका लागि चारवटा नेपाली मातृभाषी चलचित्र सालीज्यू (मगर), पहिचानको खोजीमा धिमाल (धिमाल), पोङ (तामाङ) तथा सँगै (गुरुङ) लाई चुनेको थियो। महोत्सवमा लिम्बू चलचित्र 'फुङवामा' ले पब्लिक च्वाइस एवार्ड जित्यो। प्रतियोगितात्मक महोत्सवमा प्रदर्शन गरिएका वृत्तचित्रको मूल्यांकन विषयगत तथा प्राविधिक पक्षमा आधारित रहेर गरिएको थियो। महोत्सवमा आदिवासीका एजेन्डा स्थापित गर्न सहयोग पुऱ्याउने राजनैतिक महत्त्व बोकेका चलचित्रले प्राथमिकता पाएका थिए। महोत्सवमा प्रदर्शित विदेशी चलचित्रले आदिवासी मुद्दालाई सही रूपमा स्थापित गरेका थिए भने नेपाली चलचित्रले समग्रमा विषयवस्तु राम्रोसँग उठाएको भए पनि ती सबै प्राविधिक पक्षमा कमजोर थिए।

महोत्सवमा १२ देशका १९ विदेशी तथा १४ स्वदेशी मातृभाषीसहित ३३ चलचित्र तथा वृत्तचित्र सहभागी थिए। महोत्सवको अन्तिम दिनको अन्तिम शोका रूपमा निर्देशक नवीन सुब्बा तथा छिरिङ रितार शेर्पाले संयुक्त निर्देशन गरेको नृत्यनाटिका 'डाँफेचरी' प्रदर्शन गरियो। ४५ मिनेट लामो नृत्यनाटिकाका गीत तथा संगीत ३७ वर्षअघि नै संगीतकार गोपाल योञ्जनले रेकर्ड गराएका हुन्। इन्डिजिनियस फिल्म अर्काइभले आयोजना गरेको यो महोत्सवको दोस्रो चरणअन्तर्गत सहभागी वृत्तचित्रहरूलाई देशका प्रमुख नौ सहरमा केही समयपछि प्रदर्शन गरिनेछ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एकराज सुन्निएको अनुहार अनि चोटपटक लागेको शरीर लिएर आउँदै थियो, कालुदादाले भेट्यो- 'के भयो एकराज ?'

'सिनामंगलका केटाहरूले कुटे कालुदादा !'

'सिनामंगल त मेरो एरिया हो, तैले मेरो नाम लिनु पर्दैनथ्यो ?'

'सुरुमा त थोरै कुटेका थिए, तपाईंको नाम लिएपछि झन् बढी कुटे ।'

०००

एउटाको ५ को नोट ट्वाइलेटको फोहोरमा खस्यो । उसले गोजीबाट १ सयको नोट झिक्यो र आफैं फोहोरमा फ्याँक्यो अनि १ सय ५ रुपैयाँ टिप्दै भन्यो– '१ सय ५ को सवाल छ, ५ रुपैयाँ त म फोहोरबाट के टिप्थें ?'

०००

डाक्टर सा'ब, म १ सय वर्ष बाँच्छु होला ?'

'भाइ, यो तिम्रो लाइफ स्टाइलमा भर पर्ने कुरा हो....जस्तो कि रक्सी, चुरोट खान्छौं ? बजारको खाना खान्छौ ? बजारिया महिलाहरूसँग सम्पर्क राख्दै हिँड्छौ ? तास जुवा खेल्छौ ? घन्टौं घन्टा टिभी-भिडियो हेर्छौ ?'

'अहँ डाक्टर सा'ब, केही पनि गर्दिनँ ।'

'त्यसो भए भाइ जिन्दगी बोर भएर मरेनौ भने सय त के एक सय पाँच वर्ष पनि बाँच्छौ ।'

०००

'हजुरले मलाई ३ हजार सापटी दिनुभयो भने म जीवनभर तपाईंको ऋणी रहने थिएँ ।'

'त्यही कुराको त डर छ नि भाइ !'

०००

युवक आफ्नी प्रेमिकासँग :

'तिमीबाहेक मेरो अरू कोही छैन, कुनै बार, कुनै दिन पनि छैन ।

बुधबारको कुरामा त कसम पनि खान सक्छु ।'

०००

जमुनादाइ बाटोमा हिँड्दै थिए । कसैले ढाडमा यति साह्रो मुक्का हान्यो कि उनी झन्डै-झन्डै ढले । साह्रै पीडा भयो । आँखाबाट आँसु आयो । बल्ल-बल्ल आफूलाई कन्ट्रोल गरे अनि बिस्तारै पछाडि हेर्दा भीमकाय अग्लो व्यक्ति उभिइरहेको पाए ।

'माफ गर्नुहोला', उक्त व्यक्तिले भन्यो– 'मैले त मेरो साथी चन्द्रे भनेर धाप मारेको ।'

'हजुर,' जमुनादाइ रुन्चे पारामा बोले– 'यदि म तपाईंको साथी चन्द्रे नै भएको भए पनि यति साह्रो धाप मार्नुहुन्थ्यो त ?'

'ओइ चुप लाग' व्यक्तिको भाव परिवर्तन भयो– 'आफ्नो साथीलाई म साह्रो धाप मारौं कि बिस्तारै तँलाई के मतलब ?'

## ● कविता ●



### सबै उस्तै

उदाई जाने बिहानीको संघारको घाम उस्तै
मायाको नाममा छरिएका ती बदनाम उस्तै
यो दुनियाँमा जिन्दगीको हिसाब किता कति
जोड घटाउमा निक्ली आउने ती दाम उस्तै
को आउँछन्, को जान्छन् यात्रामा पल पल
आउने जाने यात्रुहरूको देख्छु लाम उस्तै
कति सम्झिएँ, कति बिर्सिएँ समयका स्वरहरू
रेशमलाई लाग्छ कि सबैको नाम उस्तै ।

**रेशमकुमार सुनुवार**

### आगमनको प्रतीक्षामा

तिम्रो आगमनको प्रतीक्षामा पर्खिएर बसेँ
अञ्जुलीभरि फूलको गुच्छा लिएर बसेँ
तिमी त छौ आफ्नो भन्ने केवल जिन्दगीमा
आउने पक्कै विश्वासमा लेठन दिएर बसेँ
कताकता छातीभित्र कौतूहल जाग्दा
मीठो मीठो सपनाको संसार कल्पिएर बसेँ
भञ्ज्याङको चौतारीमा वर-पीपल साक्षी राखी
भेट्ने कसम खाएको सम्झिएर बसेँ
मिलनको आशामा कुर्नु पनि कति मजा
त्यसैले त खुसीको आभासमा मडारिएर बसेँ
सात दिनसम्म कुर्नुपर्दा महिनौं जस्तो लाग्दा
कहिले आउला शुक्रबार भनी हतासिएर बसेँ
विश्वास नभए सोध साक्षी छ हरियाली वसन्त
र त तिम्रै प्राप्तिको खातिर भक्कानिएर बसेँ
दुःख-कटको के कुरा र हो कि होइन विन्दु
साँच्चै आफैले आफैलाई नै बिर्सिएर बसेँ ।

**विन्दु लामा**

### म यतै छु

हराएको छैन कंक्रिटको सहरमा छु
मानिसलाई मानिस नगन्ने निच नगरमा छु
नियतिले निर्मम ठग्न छोड्या छैन
हिजो जस्तै अझै कष्टको कहरमा छु
मेरो छाती टेकेर शिखर पुगे कति
आफू उही पुरानै नालीकै नहरमा छु
छाल बनी समयले हुत्याइरहे मलाई
वल्लो तिर पल्लो तिर समुद्री लहरमा छु
न मनसुन आयो न बहार नै आयो
हरियालीबिनाको सुख्खा डगरमा छु ।

**सुवास लामा**

### रै'छन्

मेरो दुःखमा पछाडिबाट खुसी मनाउँदा रै'छन्
अगाडि भने चिप्लो घस्दै कुरा बनाउँदा रै'छन्
उज्यालो खोज्दै अघि बढ्न सलाई कोर्दा मैले
मलाई जलाउन मट्टितेल खन्याउँदा रै'छन्
खै के गर्नु सबैको हो कि मेरो मात्र यस्तै
खुट्टा तान्ने नै आफन्त भनाउँदा रै'छन्
पराई नै बरु स्वच्छ मनका होलान् यहाँ
आफन्त भन्ने जातै गन्हाउँदा रै'छन् ।

**आगत के.सी.**

### धेरै देखेँ

निश्चल प्रेम बन्धनहरू मेटिएको धेरै देखेँ
दुई मुटु प्रेमको निसान रेटिएको धेरै देखेँ
निश्चल प्रेम आँसु यहाँ आँसु आँसु सागरको भो
खुसीहरूमा आँसु बोकी भेटिएको धेरै देखेँ
माया अविश्वासले ढलेको हुँदा आज
फूल जस्तै चोखो जीवन बेचिएको धेरै देखेँ
मायामा विश्वास अनि आस्था नहुनाले कति
सम्बन्धको नाता साइनो ठोसिएको धेरै देखेँ
मायाको परिचय बुझेपछि
समयभन्दा माया फेरिएको धेरै देखेँ ।

**विशाल चाम्लिङ**

## ● लघुकथा ●



### नामकरण

हामी जन्म, मृत्युको चलखेलभित्रको जीवनमा पौडिरहेका छौं । माया, प्रेम, दया, घृणा आदि । यसका पाटाहरू हुन् । यही क्रममा चिनिया युवा-युवतीबीच प्रेम बसेछ । उनीहरू हाँसखेल गर्दै जीवन बिताइरहेका थिए । घुम्नु, उनीहरूको रुचीको विषय थियो । यही क्रममा नेपाल आएछन् । उनीहरूमात्र प्रेमी-पेमिका थिए न कि श्रीमान्-श्रीमती । यहीं नेपालमा आएर उनीहरूको शिशु भएछ । त्यो पनि जुम्ल्याहा । उनीहरूले नेपाली रीतिरिवाज, चालचलन अलिअलि भए पनि थाहा पाएका थिए । त्यही भएर पण्डित खोजी नामकरण गर्ने विचार गरे । पण्डित आए सबै कुरा बुझे, विवाह नगरी शिशु भएको थाहा पाए । त्यसपछि पण्डितलाई अफठ्यारो पनि थियो किनभने चिनियाँ नाम जुराउनु थियो । अब, उनले नामकरण गरिदिए: पहिलोको नाम- 'जो हुवा' दोस्रोको नाम 'सो हुवा ।'

**–विनोद खतिवडा**



## ● सन्देश ●

मधु, सुरेश, हस्तकला, देवी, टीकाराम, पूर्ण, बाबुराम, कमला, अम्वीर, कामना, बरिमाया, मैना, कान्छी, इन्दिरा तथा सानुमा हार्दिक शुभकामना । खुसीका पाइलाले सगरमाथाको शिखर चुमून्, फलोस्-फुलोस् जीवन– यही नै शुभकामना ।

**चन्धोज तमु**

कान्छु, बर्थ डेको दिन एक थुगा गुलाफको फूल मात्र भए पनि दिन सकिन, भ्यालेन्टाइन डेको दिन प्रेमको चिनो पनि केही दिन सकिन, त्यसैगरी नयाा वर्ष आउँछ, शुभकामना भनेर भन्न पाउँदिन् । तिमी हास्दा तिम्रो हाासोमा हाँसो थप्न सक्दिनँ, रुँदा नरोऊ भन्न सक्दिन् । सञ्चो नहुादा तिमीले माया गरेका छौं, तिम्रो साथ पाएको छु बेला-बेलामा कस्तो छ तपाईंलाई कहाा हुनुहुन्छ भनेर सोध्दा संसार जितेको छु जस्तो लाग्छ, यसैगरी भए पनि माया गरिरहने छु जुनी-जुनी सम्म ।

**एन.आर.**

वसन्तजीको साहित्य क्षेत्रमा कलम चलिरहोस्, छेक्ने घाम नलागोस झलमल्ल उदाइरहोस्, सफलताको मुहान खुलिरहोस्, पाइलाहरूले प्रगति उन्नतिको शिखर चुमुन् ।

**अमर सिलवाल**

रवि, तिमी आजकल कीन मसाग टाढिदैछौं न फोन उठाउाछौं न भेट्न मान्छौं ? म साग टाढिए पनि तिम्रो जीवन खुसीले सम्पन्न होस्, सधैं प्रगतिले पाइला चुमोस् ।

**प्रहलाद**

फूलमाया, फलोस फुलोस तिम्रो जीवन, सदैव उज्ज्वल होस् मुहार, पाइलाहरू हरबखत सत्मार्गमा अघि बढून् । मनमा कुनै खराबी, कुचेष्टा नहोस् । उन्नति, प्रगति र सफलताको मुहान खुलिरहोस् प्रतिष्ठा इज्जतको जुन उदाइरहोस् ।

**लोसे**



कमलाजी, सुर्खेतमा हुादा फोनमै कुरा हुन्थ्यो तर अहिले यति नजिकै हुादा पनि फोन गर्नु हुन्न । तपाईंको मोबाइलमा फोन गर्दा स्वीचअफ छ भन्छ । कृपया जसरी भए पनि कल गर्नु ।

**दुर्गा**

+२ को परीक्षा दिएर बसेका सबैलाई शैक्षिक प्रगतिको धेरै-धेरै शुभकामना ।

**विनोद खतिवडा**

प्यारी कान्छु, खै कुन शब्दले व्यक्त गरूँ ? जति भने पनि कमै हुन्छ । जहाा जाउ जे गरुँ तिमीलाई नसम्झिएको कुनै पल छैन । तिमीलाई हेर्नका लागि तड्पिरहेको हुन्छु, छटपटि रहेको हुन्छु । जीवनभर सुख दिन नसके पनि, छातीमा अँगालेर राख्न नसके पनि यसैगरी माया गरिरहनेछु ।

**एन.आर.**

हिंसाआबद्ध नहौं, कोही नेपाली अब नेपालीबाटै विक्षिप्त नहौं कोही नेपाली अब नेपाली हुनुको सर्थकता नेपाली बनेर देखाऊँ, नेपालीपन र नेपाली मनले नेपाली भएर देखाऔं ।

**वसन्त खत्री**

मेरो दिल दुखाएर के भो निष्ठुरी ? तिम्रो दिल अरूले नदुखाओस् ।

**अलकेश**

आत्मीय साथीहरू देवी, रोजिना, सिर्जना, विशाल, सञ्जय, दिनेश एवं प्रतीकमा सफलता र प्रगतिको धेरै धेरै शुभकामना साथै मीठो सम्झना ।

**रूपा**

लाम्घारे लक्स, गल्ती हाम्रो अनियन्त्रित भावनाको हो । हुन त आज प्रेम र मित्रतालाई एउटै मान्नेहरूको कमी छैन, त्यसकारण म भन्छु– प्रेम गर्नु माया गर्नुमा र मन पराउनुमा एकदमै ठूलो फरक छ । हाम्रो मित्रता सफल एवं प्रबल बनोस् ।

**एस. गुरास**

शारदा, जन्मदिनको धेरै-धेरै शुभकामना, साथै हरेक क्षेत्रमा प्रगतिको कामना ।

**गुगल**

## ● जीवनको गोरेटोमा ●

### यस्तो नाटक

कुरा सात वर्षअघिको हो, घर हेटौंडा भए पनि म मामाको घर बसेर पढ्थें । विद्यालय जीवनका दिन बित्दै जाँदा ९ कक्षा पनि कति चाँडो सकिएछ, थाहै भएन, कक्षा ९ को वार्षिक परीक्षाको नतिजा निस्कँदा म चौथो भएँ ।

कक्षा १० को प्रारम्भसँगै हामीसँगै पढ्ने युवतीले मेरासामु प्रेम प्रस्ताव राखिन्, मैले नकार्न सकिनँ, म तिमीलाई माया गर्छु भन्न नसके पनि म पनि उनलाई भित्रभित्रै मन पराउन थालिसकेको थिएँ, हामी सँगै घुम्न जान्थ्यौं । दिन रमाइलैसँग बितिरहेका थिए ।

एसएलसी आयो । हामी दुवैले परीक्षा दियौं । म द्वितीय श्रेणीमा उत्तीर्ण भएँ भने उनी अनुत्तीर्ण भइन् । म हेटौंडामै बसेर पत्रकारिता विषय लिई अध्ययन गर्न थालें भने उनी पाँचौ पटक बल्ल एसएलसीमा उत्तीर्ण भइन् । त्यसपछि उनी राजधानीमा शिक्षा संकायमा पढ्न थालिन् । फोनमा हाम्रो दैनिक तीन-चार पटकसम्म कुरा हुन्थ्यो । बेला-बेलामा म उनलाई भेट्न काठमाडौं नै आउँथें ।

बीए तेस्रो वर्ष सकेर म जागिरका लागि काठमाडौंमा आएँ, उनी काठमाडौंमै भएका कारण मलाई यहाँ आउन मन लागिरहेको थियो । उनी पनि आईएड सकेर बीएडका लागि भर्ना भएकी थिइन् ।

काठमाडौं बसाइका क्रममा उनी मकहाँ आउँथिन् । एक दिन हामी पशुपति मन्दिर घुम्ने क्रममा एक युवकसँग परिचय भयो । एक्कासि उनको मोबाइलमा म्यासेज आयो, अर्थात् केही बेरअघि भेटिएका ती मित्रको । म्यासेजमा लेखिएको थियो, 'म फुटबल हुँ र ? जसले पनि किक हान्ने, तिम्रो ब्याइफ्रेन्ड रहेछ, किन मसँग मायाको नाटक गर्‍यौ ?' म आत्तिएँ अनि सोधें– 'के हो यो ? उनले भनिन्– 'ऊ मलाई मन पराउँछ तर म त्यसलाई बाल दिन्नँ, यो एकोहोरो प्रेम हो ।'

विश्वास नगर्नु पनि कसरी ? त्यसपछि हामी त्यहाँबाट बिदा भयौं । छुट्टिन नपाउँदै उनको म्यासेज आयो, 'म तँलाई माया गर्न सक्दिनँ, म उसलाई माया गर्छु ।'



म झसंग भएँ । कुरा बुझ्दा थाहा भयो, उनीहरू कुमारीपाटीस्थित एक घरमा छुट्टा-छुट्टै कोठा लिएर बस्दा रहेछन् । मलाई उनले भनिन्, 'सँगै बस्दा हामीहरूबीच माया बस्यो ।

मलाई छोड्नुको कारण उनलाई धेरै पटक सोधें तर जवाफ आएन । फोन गर्छ भनेर नै उनले मोबाइलको सिम परिवर्तन गर्दै आएकी छिन् । कुरा नभएको झन्डै १० महिना हुन लागिसकेको छ । जे भए पनि अहिले उनले मलाई चिन्दिनन् । मलाई उनले नचिने पनि उनको प्रेमले सार्थकता पाओस्, उनको जीवन सुखी होस्, म उनको सुखमै रमाउन चाहन्छु ।

**–प्रकाश**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................................

उमेर : .................................... उचाइ : ..................................

पेसा : .................................. शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : .......................

अभिरुचि : ...................................वर्ण : ..................................

इमेल : ..........................................................................................

ठेगाना :.........................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................................

..........................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



चञ्चले स्वभावका रमेशकुमार श्रेष्ठ ५ फिट ३ इन्च अग्ला छन् । १९ वर्षीय रमेश धेरै साथी बनाउने अभिरुचि राख्छन् । एसएलसी उत्तीर्ण रमेश हालसम्म अविवाहित छन् । गहुँगोरो वर्णका रमेश दुःख-सुखमा साथ दिने, जातीय भेदभाव नगर्ने तथा चञ्चले स्वभावका साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले काठमाडौं महानगरपालिका वडा नम्बर-१३, टंकेश्वर घर नम्बर ७०/३३ मा पत्राचार गर्न सक्नुहुन्छ ।



नीरज जिरेल स्नातकोत्तर प्रथम वर्षमा अध्ययनरत छन् । मिलनसार स्वभावका जिरेल हालसम्म अविवाहित छन् । २४ वर्षीय जिरेल गहुँगोरो वर्णका छन् । धेरै साथी बनाउन अभिरुचि राख्ने जिरेल ५ फिट ३ इन्च अग्ला छन् । जातभातको भेदभाव नगर्ने, दुःखमा नआत्तिने, सुखमा नमात्तिने, सहनशील एवं लगनशील युवतीको खोजीमा रहेका नीरजलाई जुगु-२, दोलखामा पत्राचार गर्न सकिन्छ ।



सामना चाम्लिङ राई 'सुस्केरा' हाल कक्षा ९मा अध्ययनरत छिन् । खेती किसानीसँगै अध्ययनलाई अघि बढाइरहेकी सामना गहुँगोरो वर्णकी छिन् । ५ फिट ६ इन्च अग्ली राई भविष्यमा नायिका बन्ने रुचि राख्छिन् । मिलनसार स्वभावकी सामना गीतसंगीतमा रुचि राख्ने, सुखमा नमात्तिने तथा दुःखमा नआत्तिने साथीको खोजीमा छिन् । उनलाई साथी बनाउन चाहनेहरूले दिक्तेल-५, हर्कपुर, खोटाङमा पत्राचार गर्न सक्नुहुन्छ ।



रोमान्टिक स्वभावका नवराज मजाकोटी ठेकेदारी पेसा अपनाएर जीवन-निर्वाह गरिरहेका छन् । विद्यालय अध्ययन पूरा गरेका नवराज राजनीतीमा रुचि राख्छन् । गहुँगोरो वर्णका नवराज ५ फिट ३ इन्च अग्ला छन् । नवराज समयअनुसार चल्न सक्ने, सुख-दुःखमा साथ दिने, सादा जीवन उच्च विचारका तथा जातपातको भेदभाव नगर्ने साथीको खोजीमा छन् । नवराजलाई साथी बनाउन चाहनेहरूले कारागार शाखा, नीलकण्ठ-५, बीचबजार, धादिङबेसी, धादिङमा पत्राचार गर्न सक्नुहुन्छ ।



गोरो वर्णका प्रयास राउत 'दुःखी' हाल जागिरे जीवन बिताइरहेका छन् । ५ फिट ५ इन्च अग्ला राउत प्रमाणपत्र तह उत्तीर्ण छन् । २४ वर्षीय प्रयास मिलनसार स्वभावका छन् । धेरै साथी बनाउन चाहने राउत हालसम्म अविवाहित नै छन् । मिलनसार, जातभातको भेदभाव नगर्ने, पत्रमित्रतालाई जीवनभर निरन्तरता दिने साथीको खोजीमा रहेका राउतलाई इलाका हुलाक कार्यालय बाह्रबीसे, सिन्धुपाल्चोकमा पत्राचार गर्न सकिन्छ ।

# वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ ?

यो विचारणीय प्रश्न हो। व्यवस्थित तरिकाले सञ्चालन गर्दा नराम्रो नहोला कि ? यसको कानुनचाहिँ अलि कडा नै चाहिन्छ।

**वसन्त न्यौपाने** (२२), **ताप्लेजुङ**

भन्नैपर्दा कतिपयलाई समस्या र बाध्यताले गाँजेको हुन्छ। यसतर्फ विचार गर्दा आवश्यक र खाँचो हो भने कानुनी मान्यता दिए हुन्छ र विकृतिको हिसाबले चै दिनु हुँदैन कि ?

**वसन्त खत्री**

वेश्यावृत्ति कसैका लागि समस्या समाधान, कसैका लागि आवश्यकता, कसैका लागि मनोरञ्जन त कसैका लागि विलासिताको माध्यम बनेको छ भने यस विषयमा प्याच्च बोलिहाल्न मनासिव देखिन।

**अक्षोभ केसी**

हुन्छ, किनभने गैरकानुनी रूपमा चलिरहेकै छ भने कानुनी रूपमा जानु कुनै समस्याको विषय होइन।

**श्रीबकस खत्री** (३६), **खोटाङ**

हुादैन, बरु यसलाई राज्यले रोक्ने वा बन्देज गर्ने काम गर्नुपर्छ।

**दुर्गाबहादुर माझी**

संसार नै सेक्समा लालायित छ, त्यसैले मान्यता दिनुपर्छ।

**टीकाराम अर्याल**

मान्यता दिए वेश्यालय खोल्ने विचार गर्नुभएको छ कि क्या हो ? ठीक छ, म तपाईंको नियमित ग्राहक बन्न आउला, तर मलाई विद्यार्थी छुट दिनुपर्छ नि।

**श्याम कार्की** (२१) **रौतहट**

वेश्यालयमा महिलाहरू फसाइएका छन्। देश र जनताको इज्जत जोगाउनु छ भने यसलाई कानुनले बन्देज लगाउने मात्र होइन, कडाभन्दा कडा कारबाही गर्नुपर्छ।

**भाइ विवेश**

नेपालमा कुन चाहिँ कानुनले उल्लेखनीय उपलब्धि हासिल गरेको छ र फेरि यसलाई कानुनी मान्यता दिए उपलब्धि होला र ?

**विनोद खतिवडा**

पानी पर्दा बाटोघाटो हिलो यो प्रश्नको जवाफ दिन गाह्रो जवाफ कसरी दिऊँ, माफ गर्नुहोस् है मलाई।

**बिन्दु लामा**

कानुनी मान्यता दिनैपर्छ नि, नत्र भूसतिघ्रेहरूले कहाँ जाने ?

**कविर राई** (२८), **धनकुटा**

लौन सम्पादकज्यू, काठमाडौंलाई बैंकक बनाउन लाग्नुभएछ, बधाई छ।

**जीवन लिम्बू** (२१), **पथरी, मोरङ**

दिए ठीकै हो, नदिए पनि धन्दा त चलिरहेकै छ नि !

**केशव पराजुली** (१९), **नुवाकोट**

एउटा जनमत-संग्रह यही विषयमा गर्ने हो कि ?

**राजेन्द्र राई, धरान**

दिनु हुन्न बाबा, दिनु हुन्न। अर्काका छोरी-चेली मात्र बिग्रँदैनन्, छोरा-भाइले पनि धन र स्वास्थ्यको नाश गर्छन्।

**भोला थापा** (२१), **भक्तपुर**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
२. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
३. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
४. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
५. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
६. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
७. राजनीति राम्रो कि समाजसेवा ? किन ?
८. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
९. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
१०. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?



## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : मेरो उमेर २९ वर्ष भयो। २० महिना अघिको कुरा हो, एक पेसेवर यौनकर्मीसँग कन्डमसहित कुनै पाक्रियाबेगर हलुका यौनसम्पर्क भयो। उक्त घटनाको एक महिना पछाडि दिसा गर्दा लिंगबाट सेतो पानी (सिँगान जस्तो) आयो, कहिलेकाहीं केही सारो गिर्खा शुक्रकीट पनि आउँथ्यो र दुख्थ्यो। पिसाब गर्दा पोल्नुका साथै बेला-बेलामा धातु पनि खस्थ्यो। मैले धेरै ठाउँमा चेक गराए। (क)** Inj-Rocephin **तीनवटा, (ख)** Oframax-inj **(ग)** Streptomycin **गरी जम्मा पाँचवटा सुई र एन्टिवायोटिकका साथै केही औषधी पनि खाइसकें। रगत पनि** HIV, VDRL **गनोरिया, क्लाइमाइडिया आदि चेक गराइसकें, केही छैन, तर समस्या उही छ, धातु खस्ने र पिसाब पोल्नेबाहेक अझै पनि दिसा गर्दा वीर्य झर्छ। यौनचाहना घटेर गएको छ, पहिलेको जस्तो लिंग उत्तेजित हुँदैन, भए पनि क्षणभरमै शिथिल भएर जान्छ। सुनेको छु, बढी औषधी सेवनका कारण पनि लिंग उत्तेजित हुँदैन। मैले सेवन गरेको औषधीका कारणले वा कुन प्रकारको औषधीको सेवनले लिंग उत्तेजित हुनमा असर पार्छ ? कुन विधि अपनाएर उपचार गर्दा वीर्य झर्न रोकिन्छ ? यो मेरो समस्या कुन यौन रोग हो ?**

**–बी.पी.**

**उत्तर : यौनकर्मीसँगको यौनसम्पर्क**

तपाईंले हलुका यौनसम्पर्क गरेको कुरा उल्लेख गर्नुभएको छ, तर त्यो भनेको के हो ? त्यति स्पष्ट भएन। के-कस्तो यौन क्रियाकलाप भएको थियो, स्पष्ट लेख्नुभएको भए सायद सजिलो हुने थियो। यौनसम्पर्क गर्दा यौनरोग र एचआईभी सर्ने-नसर्ने सन्दर्भमा वीर्य वा यौन उत्तेजना हुँदा योनिबाट आउने योनिरस अनि थोरै भए पनि लिंगबाट आउने रसको सीधा सम्पर्कमा आउने-नआउने कुरा महत्त्वपूर्ण हुन्छ। यौनसम्पर्क हलुका होस् वा भारी, यस्ता रससँग प्रत्यक्ष सम्पर्क भए रोग सर्ने सम्भावना हुन्छ। यौन रोग तथा एचआईभी नसरोस् भनेर नै कन्डम प्रयोग गरिन्छ। कन्डम ठीक तरिकाले प्रयोग गरिएको स्थितिमा यस्ता संक्रमणबाट बच्न सकिन्छ।

**उपचारको कुरा**

तपाईंलाई थाहै हुनुपर्छ, रोगको उपचार गर्दा त्यसको निदान (रोग के भन्ने कुराको पहिचान) राम्रोसँग हुनुपर्छ। तपाईंले धेरै स्थानमा परीक्षण गराएको कुरा त गर्नुभएको छ, तर के कस्ता स्थानमा जाँच गराउनुभयो। त्यहाँ चिकित्सक थिए कि थिएनन्, स्पष्ट भएन। मेरो विचारमा तपाईंलाई दिइने पुर्जीमा रोग के हो भन्ने कुरा पक्कै लेखिएको हुनुपर्छ। त्यसका बारेमा पनि लेखिदिनुभएको भए सजिलो हुने थियो। कुनै पनि उपचार गराउने क्रममा के रोग वा खराबी भएको हो र त्यसको उपचारमा के-कस्ता औषधी अनि विधि प्रयोग हुँदैछ भन्ने जानकारी प्राप्त गर्ने अधिकार तपाईंलाई छ। अर्कातिर तपाईंले अनेक यौनरोग नभएको कुरा लेख्नुभएको छ। तपाईंले उल्लेख गर्नुभएका औषधीको हिज्जे ठीक छ भने ती एन्टिवायोटिक हुन्। यी एन्टिबायोटिक औषधीहरू विविध संक्रमणका लागि प्रयोग गरिन्छ। पूरा मात्रामा यी औषधी प्रयोग गर्नुभएको हो कि होइन, त्यो पनि त्यति स्पष्ट भएन। औषधी पूर्ण रूपमा नखाइएको स्थितिमा रोग पूरै निको नहुन सक्छ।

**वीर्य के हो ? के गिर्खा शुक्रकीट होला ?**


यौन उत्तेजनालाई निरन्तरता दिएपछि व्यक्ति चरमसुखको स्थितिमा पुग्छ र त्यसकै हाराहारीमा लिंगबाट एक किसिमको सेतो पदार्थ निस्कन्छ, जसलाई हामी वीर्य भन्छौं। सायद तपाईंलाई थाहा होला, मूत्रथैलीको मुनि दुईतिर वीर्य थैली हुन्छन्, यसको रस नै वीर्यको मुख्य अंश (४६ देखि ८० प्रतिशत) हो भने पौरुष ग्रन्थिको रस पनि पर्याप्त मात्रामा (१३ देखि ३३ प्रतिशत) हुन्छ। अण्डकोष तथा इपिडिडाइमिस (अण्डकोषसँगै जोडिएको एक भाग) बाट आउने रसको मात्रा यस्तै ५ प्रतिशत हुन्छ भने मूत्रनलीका अन्य ग्रन्थिबाट आउने रसको मात्रा त्यसभन्दा पनि कम। सामान्यतः यही वीर्यमै अण्डकोषमा बनेको शुक्रकीट मिसिएको हुन्छ, तर यसलाई हामी वीर्य स्खलन भन्छौं न कि शुक्रकीट आएको। बुझ्नुपर्ने कुरा के हो भने शुक्रकीट त अति नै साना हुन्छन्। प्रयोगशालामा सूक्ष्मदर्शक यन्त्रको मद्दतले यसको परिक्षण गरिन्छ। एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलिलिटर (५ मिलिलिटर भन्नाले १ चियाचम्चाजति) वीर्य निस्कन्छ। वीर्यमा हुने शुक्रकीटको संख्या सधैं एकनासको नहुन सक्छ। शुक्रकीटको संख्या ४ देखि १२ करोड प्रतिमिलिलिटरसम्म हुनुलाई सामान्य मानिन्छ। हामीले देख्ने वीर्यमा यसको सानो अंश मात्र शुक्रकीटको मात्राले ओगटेको हुन्छ।

**के लिंगबाट आउने सबै सेतो पदार्थ बीर्य हो ?**

हाम्रो जनजिब्रोमा लिंगबाट आउने सेतो पदार्थलाई वीर्य वा धातु भन्ने चलन छ। प्रजनन अङ्गको संक्रमण हुँदा लिंगबाट सेतो पदार्थ निस्कन्छ। तपाईंले आफूमा यौनरोग नभएको कुरा गर्नुभयो छ, तर तपाईंको चिकित्सकले प्रोस्टेट ग्रन्थिको संक्रमणका बारेमा उल्लेख गरे-नगरेको थाहा भएन। तपाईंले उल्लेख गर्नुभएको लक्षण प्रोस्टेट ग्रन्थिको शोथ हुँदा हुनसक्छ। तपाईंको पत्रमा पर्याप्त जानकारी नभएको स्थितिमा यसै हो भन्ने स्थिति अझै पनि छैन। चाँडो चाँडो पिसाब लाग्ने, पिसाब गर्दा वा वीर्यस्खलनपछि पोल्ने, लिंगको टुप्पा पोल्ने, लिंग उत्तेजनमा केही कठिनाइ, लिंग, अण्डकोष दुख्ने अनि तल्लो पेट, तल्लो ढाड अनि दिसा गर्ने स्थान, अण्डकोषको पछिल्तिरको भागमा असजिलो हुनेजस्ता लक्षण देखिन्छन्।

संक्रमणले भएको प्रोस्टेट ग्रन्थिको शोथ जीवाणुले गराउने भएकाले एन्टिबायोटिक औषधी प्रयोग गर्नुपर्छ। विशेष गरेर यसको उपचारका लागि लामो समय अर्थात् चार हप्तासम्म लाग्न सक्छ। यस्तो संक्रमणमा प्रोस्टेटबाट आएको रसको परिक्षण गर्दा pus cell तथा जीवाणु भेटिन्छन्। अर्को थरीको प्रोस्टेट ग्रन्थिको शोथमा pus cell वा जीवाणु भेटिँदैनन्, तर लक्षण भने देखिन्छन्। औषधीको प्रयोगका साथसाथै तातो पानीमा कटिस्नान (यौनाङ्ग क्षेत्र, कटि प्रदेश कम्मरसम्मको भाग पानीमा डुबाएर बस्ने) गरे फाइदा हुनसक्छ।

कतिपय औषधीको यौन सक्षमता अनि यौन चाहनामा नकारात्मक असर हुन्छ, तर तपाईंले पत्रमा उल्लेख गर्नुभएको औषधी यौन सक्षमतामा प्रत्यक्ष नकारात्मक प्रभाव पार्ने खालका होइनन्। रोगको उचित निदान र उपचार भए तपाईंको समस्याको समाधान हुन्छ, यसका लागि मूत्ररोग विशेषज्ञ तथा यौनरोग विशेषज्ञसँग सम्पर्क राख्नुहोला।




पासहुनेनैगरी पढ्न आउनुहोस्।
भर्ना खुल्यो - 2067
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE/OPEN { TEST/SLC/Exempted I.A, I.Com, B.A, M.A, M.P.A
REGULAR Tuition & Coaching { SLC,PCL,+2, Bachelor & Master
गृहिणी/उमेर नाघेका/जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट छोटो समयमै पासहुनेगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆ 01-4422105

मुहार केश तौल उचाई स्तन
सम्बन्धी सम्पुर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
बिजुलीबजार, काठमाडौं, 4780678
9851016824, 9808594757

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

बेदाग गोरो बनाउने आयुर्वेदिक रूपअमृत Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग दोब्रा पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जोँड-रक्तकीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आर्युवेदिक प्राकृतिक उपचार
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, बागशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

फ्रि : वेटर / वेट्रेस
दैनिक भत्ता रु-२००/-
तालिम पश्चात फ्रि-BARTENDER पनि
5 star होटलमा Pactical हुने
उत्कृष्टलाई १०००० सम्मको जागीरको व्यवस्था।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था।
WISDOM HOTEL TRAINING
KALIMATI CHOWK 01 - 4277104
CHABHIL CHOWK 01 - 6223587

GOOD LOOKING १ दिनमा नै ५ ईन्च कम
100% Sliming & Physical center only for Ladies
हरवल पद्धति, विदेशि उपकरण, साईड इफेक्ट नभएको मोटोपना, बोसो हटाउन, अचुक दवाई 100 % ग्यारेण्टीका साथ स्लिम बन्ने अवसर
Slim, Beautyful, Young, Smart & Good Looking को लागि तिरो फिगर
१ महिनामा १५ के.जी. घटाउने 7 Diet
100 % Natural
तौल घटाउने, स्लीम बनाउने, उचाई बढाउने, अनुहारको चाया, पोतो, चाउरीपना हटाउने, उज्यालो गोरो र कम उमेरको बनाउने, Young देखाउने, सुत्केरी पछि पेटमा देखिने चिरा चिरा मेटाउने, कपाल उमार्ने तेल, धुरोटको लतबाट छुटकारा, साथमा अक्यूलाईफ बाट स्वास्थ परिक्षण।
Body Problem, Health, Pyshical Problem & Sexual Problem Male & Female
SEX PROBLEM ? Male & Female
Before
After
४५ नाघेका महिला पुरुषमा देखिने उत्तेजना नहुने यौन आनन्द नहुने Long time को लागि अचूक उपचार
सेक्स पावर कोरियन स्प्रे Long Time को लागि र Rocky Jel मात्र रु. २१००/- जापनीज तेल ३००/-
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ।
हेल्दी होम
हट लाइन ०१-४३५४९८५ ९७२१५२६१३५




# विश्व कप २०१०

## बियरको चमत्कार



यसपटक विश्वकप फुटबलमा आफ्ना खेलाडीहरूप्रति सर्वाधिक कठोर इंग्ल्यान्डका प्रशिक्षक फाबियो कपेलो देखिए। उनले विश्वकप प्रारम्भ हुनुभन्दा अघि नै आफ्ना खेलाडीलाई प्रेमिका लिएर दक्षिण अफ्रिका नलान उर्दी नै जारी गरे भने खेलाडीहरूलाई दक्षिण अफ्रिका छुट्टी मनाउन नभई प्रतिस्पर्धा गर्न जान लागेको बताउनसमेत भ्याए। खेलाडीहरूमा फुटबलप्रति लगाव बढाउन फाबियोले चालेका प्रत्येक कदम एकपछि अर्को गर्दै असफल भए र उनले इंग्ल्यान्डका सञ्चारमाध्यमहरूबाट आलोचना समेत खेप्नुपऱ्यो। लिग चरणको पहिलो खेल अमेरिकासँग १-१ गोलको बराबरी गरेको इंग्ल्यान्डले दोस्रो खेल पनि अल्जेरियाविरुद्ध गोल रहित बराबरीमा समाप्त गर्नु परेको थियो। प्रिक्वाटर फाइनलमा प्रवेश गर्न स्लोभेनियालाई पराजित गर्नुपर्ने स्थितिमा आएपछि कपेलोले वाह्ये रुनी, स्टेभन गेरार्डलगायत केही खेलाडीलाई एक दिनअघि बियर पार्टी दिएका थिए। आफूप्रति कडा व्यवहार गर्ने प्रशिक्षक कपेलोको निम्तो स्वीकार गर्दै अधिकांश खेलाडी उक्त पार्टीमा सहभागी भए। मिडफिल्डर फ्याँन्क लाम्पार्ट भन्छन्- पहिले कपेलोको निम्तोप्रति विश्वास नै लागेन, तर पार्टीमा गएपछि मज्जाले बियर पिउने सोच राखेका थियौं। यद्यपि एक बोतलभन्दा बढी पिउन पाइएन। कपेलोले खेलाडीहरूप्रति बियरका सम्बन्धमा पारेको प्रभाव मैदानमा पनि झल्कियो र लिगको अन्तिम खेलमा इंग्ल्यान्डले सान्त्वना जित स्वरूप स्लोभेनियालाई शून्यकाविरुद्ध १ गोलले पराजित गऱ्यो। एक खेलको जितले प्रि-क्वाटरफाइनलमा पुग्न सकेको इंग्ल्यान्डको सफलतामा बियरको खेल भएको समाचार इंग्ल्यान्डका पत्रपत्रिकाहरूले प्रकाशित गरे। कपेलोले पत्रकारहरूसँग भने- मैले खेलाडीहरूप्रति आफ्नो सम्बन्धमा फरकपन ल्याउन प्रतियोगिताको एकदिन अघि बियर पार्टी दिए। मेरो यो नयाँ सम्बन्धको प्रयासका कारण उनीहरूले एउटा पूर्ण टिमका रूपमा खेले, किनभने मेरो पार्टीले उनीहरूको मन चंगा भएको थियो।

## म्यान अफ दि म्याच



फिफाले यही विश्वकपदेखि नै म्यान अफ दि म्याचको घोषणा गर्न थालेको हो। यसको घोषणा फिफाले इन्टरनेटका प्रयोगकर्ताहरूको मतका आधारमा तय गर्ने नीति बनाएको छ, तर अहिले भयो के भने इन्टरनेटका प्रयोगकर्ताहरूबीच क्रिष्टियानो रोनाल्डो लोकप्रिय भएपछि पोर्चुगलले खेलेका प्रत्येक खेलमा केबल उनी मात्र म्यान अफ दि म्याच हुन थालेका छन्।

क्रिष्टियानो रोनाल्डोले पोर्चुगलका लागि दुई वर्षपछि पहिलो गोल उत्तर कोरियाविरुद्ध गरे। सोही प्रतियोगितामा पोर्चुगलका टेगो मेन्डेस्ले दुई गोल गरे पनि म्यान अफ दि म्याचको उपाधि पाउन सकेनन्। म्यान अफ दि म्याच घोषित हुने खेलाडीलाई उपहार स्वरूप अफ्रिकाको पुरानो जेम्बे बाजा प्रदान गरिन्छ। यद्यपि क्रिष्टियानो रोनाल्डो म्यान अफ दि म्याच घोषित भएपछि उनले टेगो मेन्डेसलाई बोलाएर यसको असली हकदार उनी भएको घोषणा गरे।

पहिलो चरणको ४८ वटा खेल समाप्त हुने क्रममा इन्टरनेटका प्रयोगकर्ताहरूले ४ जना गोलकिपरलाई म्यान अफ दि म्याच घोषित गरे जसमा नाइजेरियाका गोलकिपर भिन्सेन्ट इनिमाले दुई पटक यो उपाधि पाए। त्यसबाहेक खेलमा गोल नगरे पनि दिदियर ड्रोग्बा, लियोनल मेस्सी, पार्क जी सुङ, ड्यानियल एगेरा तथा विन्स्ले स्नाइडरले म्यान आफ दि म्याचको उपाधि पाए।

ब्राजिलविरुद्धको खेल गोल रहित बराबरीमा सकिए पनि उक्त खेलमा क्रिष्टियानो रोनाल्डो नै म्यान अफ दि म्याच घोषित भए। यस विषयमा केही विवाद भए पनि फिफाले दर्शकको भोटिङलाई नै मान्यता दिने कुरा बताउँदै भोटिङमा समस्या आए मात्र आफूले हस्तक्षेप गर्ने जानकारी दियो।


● विश्वकप डायरी ●




## जुबलानीमै समस्या

जर्मनीको एडिडास कम्पनीले यही विश्वकपका लागि निर्माण गरेको जुबलानी बलमा समस्या रहेको खेलाडी तथा प्रशिक्षकहरूले बताइरहँदा बललाई मान्यता दिने फिफा भने चुप लागेर बसेको थियो। विश्वकपअघि खेलाडी तथा प्रशिक्षकहरूबीच प्रयोग गराउँदा बल हलुङ्गो भएको र चाहेको बेलामा नियन्त्रणमा राख्न नसकिने जस्ता समस्या देखिएको थियो। यस विषयमा फिफाले खासै प्रतिक्रिया नदिए पनि अहिले आएर जुबिलानी बलमा समस्या रहेको महसुस गरेको बताएको छ। जुबिलानीमा आएको समस्याका सम्बन्धमा आफूले निरन्तर प्रतिक्रिया पाइरहेको फिफाका महासचिव जेरोमि भाल्कीले उल्लेख गरेका छन्। भाल्की भन्छन्– हामी कानै नसुन्ने त हैनौ नि, हामी यस विषयमा गम्भीर छौं।







## क्लिन सेभ

वाइबलमा उल्लेख भएअनुसार परमेश्वरले स्यामसनलाई आफ्नो शरीरको रौं नकाट्न भनेका थिए। सामोस देलिल्लासँग प्रेममा परेपछि उनले आफ्नो शक्ति केशमा भएकाले आफूले नकाटेको बताए, तर देलिल्लाले प्रेममा पारेर स्यामसनलाई रौं काट्न लगाइन्। अन्ततः स्यामसन फिलिस्तिनीको हातबाट मारिए। अहिले यो धार्मिक कथा इंग्ल्यान्डको टिमसँग मेल खान गएको छ जर्मनीसँग पराजित भएपछि। टिमका मुख्य खेलाडी वाह्ये रुनी यो विश्वकपमा आफ्नो छातीको रौं खौरेर प्रस्तुत भएका थिए। प्रिमियर लिग खेल्ने क्रममा उनको छातीमा रौं थियो र उनले लिग अवधिभर ३४ गोल गरे। विश्वकपमा चिल्लो छाती देखाउन रौं खौरिएका रुनीले एक गोल पनि गर्न सकेनन्। रौं खौरेकै कारण टिम पराजित भएको अन्धविश्वासको सिकार फ्यांक लाम्पार्ट पनि भएका छन्। उनले यो विश्वकपमा आफ्नो छाती र काखीको रौं खौरेका थिए। यो समाचार बेलायती सञ्चारमाध्यमले प्रकाशित गरेपछि टिमका प्रशिक्षक कापेलालाई ठट्यौली शैलीमा सल्लाह दिँदै लेखेका छन्- 'फाबियो कपेलोले अर्को पटक टिममा रहने हो भने खेलाडीहरूलाई रौं खौरिन प्रतिबन्ध लगाउनुपर्ने हुन्छ।'

# बूढा बाघहरूको अवसान

हिमेशरत्न बज्राचार्य

चार वर्षअघि जर्मनीमा भएको विश्वकप जित्दै इटाली मिलान विमान स्थलमा फर्किएको दृश्य। जताजतै खुसियाली र भव्य स्वागत। कप्तान फाबियो कानाभारो र उनका साथी खेलाडी। प्रशिक्षक मार्सेलो लिप्पी। चार वर्षपछि फेरि मिलान विमान स्थल। कप्तानमा उनै कानाभारो, प्रशिक्षक पनि उनै लिप्पी।

विश्वकप-२०१० मा इटलीको चुनौती लिग चरणभन्दा अघि नबढेपछि टिमको स्वागत मीठो रहेन। चार वर्षअघि लगभग अहिलेकै सदस्य रहेको इटाली टिम युवा थियो।

विशेषतः इटालीका मिडियाले वर्तमान इटालीको टिमलाई पुरानो गाडी र खराब भैसकेको इन्जिनको संज्ञा दिएका छन्। आफ्नो अन्तिम खेलमा स्लोभाकियासँग ३-२ ले हार्नुलाई स्थानीय मिडियाले इटालीको फुटबल इतिहासकै सर्वाधिक कालो दिन मानेका छन्।


© AFP/Getty Images

डिफेन्डिङ च्याम्पियन इटाली स्लोभाकियाको हातबाट पराजित भएपछि आफ्नो समूहको अन्तिम स्थानमा रह्यो। इटाली न्युजिल्यान्डभन्दा पनि पछाडि पुग्यो। सन् २००६ मा बर्लिनमा भएको फाइनलमा इटालीले फ्रान्सलाई पेनाल्टीमा पराजित गरेको थियो। विश्वकपका १८ संस्करणमध्ये अहिलेसम्म कुनै पनि अवसरमा विजेता र उप-विजेता पहिलो चरणबाटै बाहिरिएको छैन।

डिफेन्डिङ च्याम्पियन पहिलो चरणबाट बाहिरएको यो दोस्रो अवसर हो। संयोगले सन् २००२ मा फ्रान्स डिफेन्डिङ च्याम्पियनका रूपमा प्रतियोगिताबाट बाहिरिएको थियो। इटाली प्रतियोगिताबाट चाँडै बाहिरिनुपछाडिको कारण खोज्ने प्रयासमा प्रशिक्षक लिप्पी पनि रहे। यसपल्टको खराब प्रदर्शनको दोष उनी आफैले लिन चाहे।

लिप्पीका अनुसार टिममा उत्साह थिएन, आत्मविश्वास पनि कम थियो। 'टिमको खराब प्रदर्शनको सबै जिम्मा म आफैले लिन्छु,' ६२ वर्षीय लिप्पीले भने, 'स्लोभाकियाविरुद्धको खेल इटालीका लागि सबै अर्थमा सर्वाधिक महत्त्वपूर्ण थियो, यस्तो खेलमा पनि इटालीले राम्रो खेल्न सकेन।' उनले वर्तमान इटालीले विश्वकप जित्ने विश्वास नभएको, तर यति धेरै खराब खेल्ने विश्वास पनि नभएको बताए।

यस्तोमा उनले दोहोऱ्याई-तेहेऱ्याई माफी माग्न पछाडि परेनन्। 'मैले जति पनि खेलाडी चुनें, उनीहरूले राम्रो खेल्न सक्नुपर्ने थियो,' लिप्पीले भने, 'सम्भवतः यसपल्ट मैले खेलाडीलाई राम्रो खेल्न प्रेरित गर्न सकिन्। इटालीका समर्थकका लागि म त मरेजस्तै भएको छु। म माफी माग्न चाहन्छु।'

**अर्को पुस्ता पनि असफल**

सन् १९६६ को विश्वकप जितेपछि इंग्ल्यान्ड अर्को ठूलो सफलताको खोजीमा छ। फुटबलको जन्म इंग्ल्यान्डमै भएको मानिन्छ। प्रत्येक ठूला प्रतियोगिताअघि इंग्ल्यान्ड उपाधिको प्रबल दावेदार मानिन्छ, तर उसको चुनौती चाँडै समाप्त हुन्छ।

विश्वकप-२०१० मा पनि इंग्ल्यान्डको कथा यस्तै रह्यो, अन्तिम १६ मा इंग्ल्यान्ड जर्मनीको हातबाट ४-१ को ठूलो अन्तरले पराजित भयो। सन् २००२ देखि अहिलेसम्म खेलिरहेका अधिकांश खेलाडी इंग्ल्यान्डको स्वर्णिम पुस्ताका खेलाडी मानिन्छन्।

पछिल्ला दुवै विश्वकपमा इंग्ल्यान्डको चुनौती क्वाटरफाइनलमा टुंगिएको थियो, यसपल्ट ऊ क्वाटरफाइनल पनि पुग्न सकेन्, तर यी सबै अवसरमा डेविड बेकह्याम र उनका समकालीन खेलाडीको पुस्ताले खेलेका थिए। बेकह्यामसँगै वर्तमान कप्तान स्टेफेन जेरार्ड, फ्रेन्क लाम्पार्ड, जोन टेरी र उसका साथीहरूको समूहलाई स्वर्णिम पुस्ता मानिन्छ।

अन्ततः यो पुस्ताले अन्तर्राष्ट्रिय फुटबलमा कुनै ठूलो सफलता हात पार्न सकेन। यसपल्ट इंग्ल्यान्डको सम्भावना राम्रो छ भन्ने धेरै थिए। इंग्ल्यान्डसँग सर्वाधिक महँगा प्रशिक्षकका रूपमा इटालीका फाबियो कपेलो थिए। कपेलो युरोपेली क्लब फुटबलका सफलतम प्रशिक्षक हुन्।

कोपेलोले पनि इंग्ल्यान्डलाई सफलता दिलाउन सकेनन्। वास्तवमा इंग्ल्यान्डका लागि दक्षिण अफ्रिकाको भ्रमण नै सुखद हुन सकेन्। दक्षिण अफ्रिकी भूमिमा इंग्ल्यान्डले पाइला टेक्दा-नटेक्दै उसले नियमित कप्तान रियो फर्डिनान्डलाई चोटका कारण गुमाइसकेको थियो। लिग चरणमा पनि इंग्ल्यान्डको प्रदर्शन राम्रो रहेन।

इंग्ल्यान्डले अमेरिका र अल्जेरियासँग बराबरी खेल्यो भने स्लोभेनियालाई हरायो। अन्तिम १६ मा जर्मनीसँग विवादास्पद तर उत्तिकै खल्लो हार बेहोऱ्यो। प्रशिक्षक कपेलोले पनि दक्षिण अफ्रिकामा इंग्ल्यान्डको प्रदर्शन अब्बल दर्जाको नभएको स्वीकार गरेका छन्। 'इंग्ल्यान्डले अपेक्षाअनुरूप प्रदर्शन गर्न नसकेको हो,' उनी मान्छन्।

उनले टिम चाँडै बाहिरिनुका पछाडि जर्मनीविरुद्ध फ्रेन्क लाम्पार्डको गोलले मान्यता नपाउनुलाई पनि मानेका छन्। लाम्पार्डको गोलले मान्यता नपाउँदा खेल जर्मनीको पक्षमा २-१ थियो। खेल २-२ को मोडमा पुगेको भए, पूरा खेलको नतिजा फरक हुन सक्थ्यो, तर अन्त्यमा जर्मनीको जित वास्तवमै हकलाग्दो र प्रभावशाली थियो।

ब्रिटिस मिडियाले पनि यस्तै मत व्यक्त गरे, 'जर्मनीविरुद्ध लाम्पार्डको गोलले मान्यता पाउनुपर्ने हो, तर इंग्ल्यान्ड त्यो खेलमा हारेको भने निश्चित हो।' एकथरीले भने इंग्ल्यान्डको असफलताका पछाडि मिडियालाई नै दोष दिन थालेका छन्।

इंग्ल्यान्डको असफलताका पछाडि स्ट्राइकर वायन रोनीको खराब प्रदर्शन पनि प्रमुख कारण रह्यो। रोनीलाई अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक उत्कृष्ट स्ट्राइकर मानिन्छ। उनले भनेका थिए, 'वास्तवमै राम्रो हुन्, विश्वकपमा गोल गर्न सक्नुपर्छ,' तर उनले यसपल्टको विश्वकपमा पनि गोल गर्न सकेनन्।


विश्वास नहुन सक्छ, रोनीले विश्वकपमा आठ खेल खेलिसकेका छन् र उनले अहिलेसम्म कुनै गोल गर्न सकेका छैनन्। कपेलोकै भनाइमा रोनीको समस्या शारीरिक होइन, मानसिक हो। रोनी मात्र होइन ? पूरा स्टारमय टिमको मानसिक प्रदर्शन दरिलो रहेन। फेरि अर्को इंग्लिस पुस्ताले विश्वकप सफलताबाट वञ्चित हुनुपरेको छ।

# फुटबलको हारमा फ्रान्सेली दार्शनिकता

यौन स्वच्छन्दता फ्रान्सेली समाजको देन न हो, एक-आपसमा समाहित हुन आतुर जोडीको पहिलो गन्तव्य 'फ्रेन्च किस' हुन सक्छ। आधुनिक मानव समुदायमा फ्रान्सेली सभ्यता र सोचको ठूलो भूमिका छ। फ्रान्सेलीहरू आफ्नो भाषाबाहेक अरू भाषा बोल्न चाहँदैनन्। अर्जेन्टिनी म्याराडोनाले केही दिनअघि मात्र भनेका थिए, 'फ्रान्सेलीहरू अरूभन्दा आफूलाई एक पाइला अघि मान्छन्।'

वास्तवमै फ्रान्सेली भनेपछि एक प्रकारको विशिष्ट छवि हाम्रो अगाडि आउँछ, तर अचेल त्यो छवि धुमलिएको छ। विश्वास नहुन सक्छ, यसको आधार हो, विश्वकप-२०१० मा फ्रान्सेली टिमको बिजोग। अन्तर्राष्ट्रिय मञ्चमा फ्रान्सेली प्रभाव घट्दै छ भन्ने अनुभव एक दशकअघि गरिएको हो। खेलकुद समाजलाई नाप्ने मापदण्ड मानिन्छ। दक्षिण अफ्रिकामा कमजोर खेल्नुको अर्थ, फ्रान्स अब पहिलेजस्तो रहेन भन्ने नै हो।

फ्रान्सेली फुटबल टिमको दक्षिण अफ्रिका भ्रमण वास्तवमै बिर्सनलायक रह्यो। फ्रान्स छोड्नुअघि दुई खेलाडीलाई 'क्लोज-क्याम्प' छाडेर वेश्यालय पुगेको अवस्थामा समातियो। फ्रान्सले दक्षिण अफ्रिकामा एउटै खेल जित्न


© EPA

सकेन, नतिजा, पहिलो चरणबाटै बाहिरियो। खेलमा हार जित हुन्छ नै, तर फ्रान्सेली टिम त्यो स्थितिबाट मात्र गुज्रिएन, खेलाडी र प्रशिक्षक रेमन्ड डोमेनिकबीचको विवादसमेत उत्कर्षमा पुगेर छताछुल्ल भयो।

मेक्सिकोसँग खेल के गुमायो, फ्रेन्च स्ट्राइकर निकोलस एनेल्काले डोमेनिकविरुद्ध अपशब्दहरूको वर्षा गरे। दक्षिण अफ्रिकाविरुद्धको खेल अघि नै एनेल्कालाई घर फर्काइयो। त्यसको विरोधमा कप्तान प्याट्रिस एभराको नेतृत्वमा विद्रोह भयो। खेलाडीले अभ्यासमै भाग लिन मानेनन्। कतिपय खेलाडीले फ्रान्सको अन्तिम लिग खेलमा समेत नखेल्ने इच्छा देखाए। दक्षिण अफ्रिकाविरुद्ध बेहोरेको हारमा एभरा देखिएनन्।

धेरैले सम्झिएको हुनपर्छ, अमेरिका र उसका साथीले खाडीयुद्ध छेड्दा फ्रान्सको विचार फरक थियो। अमेरिकाले ९/११ पछि अफगानिस्तानमा आक्रमण गर्दा पनि फ्रान्सको धारणा अलग थियो। पश्चिमेली समूहसँग नजिक रहे पनि राजनैतिक रूपमा फ्रान्स उनीहरूबाट टाढिएको धेरै भैसकेको छ। स्थिति कतिसम्म बिग्रिएको थियो भने एकपल्ट अमेरिकामा फ्रान्सेली सामानको बहिष्कारको लहरसमेत चलेको थियो।

सन् १९९८ मा फ्रान्सले आफ्नै देशमा भएको विश्वकप जित्दाको टिमलाई वास्तविक फ्रान्सेली रूप मानिएको थियो। त्यो टिममा केही श्वेत खेलाडी थिए नै, उत्तिकै संख्यामा अश्वेत पनि थिए। अधिकांश खेलाडीका अघिल्लो पुस्ताले मात्र फ्रान्सलाई आफ्नो देश बनाएका थिए। केही खेलाडी अरबी मूलका पनि थिए। कप्तान जिनेदिन जिदान पनि अल्जेरियन मूलका थिए।

जिदानको नेतृत्वमा रहेको टिमलाई फ्रान्सेली फुटबलको स्वर्णिम पुस्ता मानियो। त्यही पुस्ताले सन् २००६ को विश्वकप फाइनल पनि खेल्यो। अहिले त्यो पुस्ताका एक मात्र खेलाडी बाँकी छन्, थिएरी हेनरीका रूपमा। हेनरी पनि फ्रान्समा जन्मिएका होइनन्। यसपल्टको विश्वकपबाट फ्रान्स चाँडै बाहिरिएपछि त्यो पुस्तामा पनि पूर्णविराम लागेको छ।

खेलाडीले दक्षिण अफ्रिकामा विद्रोह गर्दा फ्रान्सेली राष्ट्रपति निकोलस सार्कोजीले हस्तक्षेप गर्नुपरेको थियो। टिम घर फर्किएपछि सार्कोजी आफैले फ्रान्सले वास्तवमै किन खराब खेल्यो भनेर छानबिन गर्ने भएका छन्। प्रत्येक फ्रान्सेली अहिले यसै वाद-विवादमा छ, साँच्चै फ्रान्सले किन खराब खेल्यो। यसबीच फिफाले फ्रान्सेली सरकारलाई फुटबलको असफलतालाई राजनीतिक रंग नदिन चेतावनीसमेत दिइसकेको छ।

दुई-तीन दिनअघि मात्र फ्रान्सेली फुटबल संघका अध्यक्षले राजीनामा दिएका छन्। अर्को रमाइलो पक्ष, फ्रान्स हार्दा खुसी मनाउने पनि उत्तिकै निस्किए, विशेषतः आयरिसहरू। युरोपेली प्ले-अफमा फ्रान्सले झेल्ली गरेर आयरल्यान्डलाई हराएको थियो। हेनरीले आयरल्यान्डविरुद्ध गोल गर्नुअघि हातले बल रोके र त्यसलाई पोस्टतर्फ प्रहार गरे। अहिले फ्रान्सको असफलतामा आयरिस पत्रपत्रिकाले खुसियाली मनाइरहेका छन्।

डोमेनिकले दक्षिण अफ्रिकाको खेलपछि त्यसका प्रशिक्षक कार्लोस अल्बर्टो परेरासँग हात मिलाउन पनि चाहेनन्, कारण थियो– परेराले सुरुमै भनेका थिए, फ्रान्सलाई यसपल्टको विश्वकप खेल्ने हक पनि छैन। यता पत्रपत्रिकाहरू पनि विश्वकपमा फ्रान्सले किन खराब खेल्यो भनेर विश्लेषण गर्नमा व्यस्त छ। धेरैको मत छ, अहिलेका खेलाडीमा 'म फ्रान्सेली हुँ,' भन्ने गर्व नै छैन। अहिलेका अधिकांश खेलाडी आप्रवासी हुन्।

उनीहरूमध्ये धेरैले आफूलाई अल्जेरिया, घाना अथवा आफू अर्कै देशको नागरिक भएको पनि सम्झिरहेका हुन्छन्। दुई वर्षअघि फ्रान्सका मुख्य-मुख्य सहरमा व्यापक दंगा भएको थियो। युवाहरूले व्यापक लुटपाट गरे। धेरै सहरमा कर्फ्यु लागेको थियो। त्यसकै झझल्को अहिले फ्रान्सेली फुटबल टिममा पनि देखिएको छ। फरक त्यसको रूप हार र टिमप्रतिको फितलो नैतिक जिम्मेवारीका रूपमा देखिएको छ।

फ्रान्सेली राष्ट्रपति सार्कोजी पनि हंगेरीयन मूलका हुन्, उनकी श्रीमती कार्ला ब्रुनो इटालियन। वास्तवमै फ्रान्स पहिलेको फ्रान्स कहाँ रह्यो र ? फ्रेन्च किस पनि नमीठो हुन थालेको छ। फ्रान्सेली फुटबल प्रशिक्षक डोमेनिक अहिले ज्यादै अलोकप्रिय छन्। उनले आफ्नो टिम चुत्था सावित भएपछि भनेका थिए, 'हाम्रा खेलाडीहरू फ्रान्सेली भावनामा बगेर खेल्न सकेनन्।' हुन पनि विश्वकप राष्ट्रिय भावनाले खेलिन्छ।




# विश्वकप २०१० का खेलहरू

### खेल नम्बर-३७
**स्लोभेनियाविरुद्ध इंग्ल्यान्ड**

समूह सीको पाँचौं खेलमा इंग्ल्यान्डले स्लोभेनियालाई शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो । यो खेलमा इंग्ल्यान्डका जर्माइन डेफोले २३ औं मिनेटमा गोल गरे । यो खेलमा स्लोभेनियाका बोजान जोकिक, भाल्टर बिरसा, जलाट्को डेडिक तथा इंग्ल्यान्डका ग्लेन जोन्सनलाई पहेंलो कार्ड देखाइयो । यो खेलका लागि इंग्ल्यान्डका जर्माइन डेफो 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि इंग्ल्यान्ड अर्को चरणमा पुग्यो भने स्लोभेनिया विश्वकपबाट बाहिरियो ।

### खेल नम्बर-३८
**अमेरिकाविरुद्ध अल्जेरिया**

समूह सीको छैटौं खेलमा अमेरिकाले अल्जेरियालाई शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो । यो खेलमा अमेरिकाका ल्यान्डन डोनोभानले दोस्रो हाफको अतिरिक्त समयमा गोल गरे । यो खेलमा अल्जेरियाका अन्तार याहिया दुई पहेंलो कार्डसहित रातो कार्ड पाई खेलबाट निष्कासित भएभने अल्जेरियाका हसन याब्दा, मेहेदी लासेन, अमेरिकाका जोजी अल्टिडोर र मार्कस बिस्ललाई पहेंलो कार्ड देखाइयो । यो खेलका लागि अमेरिकाका ल्यान्डन डोनोभाने 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि अमेरिका अर्को चरणमा पुग्यो भने अल्जेरिया विश्वकपबाट बाहिरियो ।

### खेल नम्बर-३९
**जर्मनीविरुद्ध घाना**

समूह डीको पाँचौं खेलमा जर्मनीले घानालाई शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो । यो खेलमा जर्मनीका मेसुट ओजिलले ६० औं मिनेटमा गोल गरेका थिए । यो खेलमा जर्मनीका थोमस मुलर र घानाका आन्द्रे आयुलाई पहेंलो कार्ड देखाइयो । यो खेलका लागि जर्मनीका मेसुट ओजिल 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि जर्मनी र घाना दुवै अर्को चरणमा पुगे ।

### खेल नम्बर-४०
**अस्ट्रेलियाविरुद्ध सर्बिया**

समूह डीको छैटौं खेलमा अस्ट्रेलियाले सर्बियालाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । यो खेलमा अस्ट्रेलियाका टिम काहिलले ६९ औं मिनेटमा र ब्रेट होल्म्यानले ७३ औं मिनेटमा गोल गरे भने सर्बियाका लागि मार्को पेन्टेलिकले ८४ औं मिनेटमा गोल गरे । यो खेलमा अस्ट्रेलियाका ल्युक विल्कसायर, माइकल ब्युच्याम्प, ब्रेट एमरटन तथा सर्बियाका अलेक्ज्यान्डर ल्युकोभिक र मिलोस निन्कोभिकले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि अस्ट्रेलियाका टिम काहिल 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजा जे भए पनि यी दुवै टिम विश्वकपबाट बाहिरिए ।



### खेल नम्बर-४१
**इटालीविरुद्ध स्लोभाकिया**

समूह एफको पाँचौं खेलमा स्लोभाकियाले वर्तमान विजेता इटालीलाई २ का विरुद्ध ३ गोलले पराजित गऱ्यो । यो खेलमा स्लोभाकियाका रोबर्ट भिटेकले २५ औं र ७३ औं तथा कामिल कोपुनेकले ८९ औं मिनेटमा तथा इटालीका एन्टोनियो डि नातालेले ८१ औं मिनेटमा र फाबियो क्वागलिएरेलाले अतिरिक्त समयमा गोल गरे । यो खेलमा स्लोभाकियाका जान मुचा, पिटर पेकारिक, डेनो स्ट्रबा र रोबर्ट भिटेक तथा इटालीका फाबियो कानाभारो, जर्जियो चेलिनी, सिमोन पेपे र फाबियो क्वागलिएरेलालाई पहेंलो कार्ड देखाइयो । यो खेलका लागि स्लोभाकियाका रोबर्ट भिटेक 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि इटाली विश्वकपवाट बाहिरियो भने स्लोभाकिया दोस्रो चरणमा प्रवेश गऱ्यो ।

### खेल नम्बर-४२
**पाराग्वेविरुद्ध न्युजिल्यान्ड**

समूह एफको छैटौं खेल पाराग्वे र न्युजिल्यान्डबीचको खेल गोलरहित बराबरीमा टुङ्गिएको थियो । यो खेलमा पाराग्वेका भिक्टर काक्रेस, रोक सान्ताक्रुज तथा न्युजिल्यान्डका रायन नेल्सनले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि पाराग्वेका रोक सान्ताक्रुज 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजा पछि न्युजिल्यान्ड विश्वकपवाट बाहिरियो भने पाराग्वे दोस्रो चरणमा प्रवेश गऱ्यो ।

### खेल नम्बर-४३
**डेनमार्कविरुद्ध जापान**

समूह ईको पाँचौं खेलमा जापानले डेनमार्कलाई १ का विरुद्ध ३ गोलले पराजित गऱ्यो । यो खेलमा जापानका केइसुके होन्डाले १७ औं मिनेटमा, यासुहितो इन्डोले ३० औं मिनेटमा र सिन्जी ओकाजाकीले ८७ औं मिनेटमा तथा डेनमार्कका जोन दाल टोमासनले ८१ औं मिनेटमा गोल गरे । यो खेलमा डेनमार्कका पेर कोल्डुप, क्रिष्टियन पल्सेन निक्लास बेन्टनर तथा जापानका युतो नागातोमो र यासुहितो इन्डोले पहेंलो कार्ड पाए । यो खेलका लागि जापानका केइसुके होन्डा 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि डेनमार्क विश्वकपवाट बाहिरियो भने जापान दोस्रो चरणमा प्रवेश गऱ्यो ।

### खेल नम्बर-४४
**क्यामरुनविरुद्ध नेदरल्यान्ड**

समूह ईको छैटौं खेलमा नेदरल्यान्डले क्यामरुनलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । यो खेलमा क्यामरुनका स्यामुयल इटोले ६५ औं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए भने नेदरल्यान्डका रोबिन भ्यान पर्सीले ३६ औं मिनेटमा र क्लास जान हन्टेलारले ८३ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा क्यामरुनका स्टेफन बिया, निकोलस काउलु तथा नेदरल्यान्डका जियोभानी भान ब्रोन्क्रष्ट, डिर्क क्युट र राफेल भाण्डर भार्टले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि नेदरल्यान्डका रोबिन भ्यान पर्सी 'म्यान अफ दि म्याच' घोषित भए । यो खेलको नतिजापछि क्यामरुन विश्वकपवाट बाहिरियो भने नेदरल्यान्ड दोस्रो चरणमा प्रवेश गऱ्यो ।

### खेल नम्बर-४५
**पोर्चुगलविरुद्ध ब्राजिल**

समूह जीको पाँचौं खेल ब्राजिल र पोर्चुगलले गोलरहित बराबरी खेले । यो खेलमा पोर्चुगलका फाबियो कोन्ट्राओ, पेपे, टियागो मेन्डिस र डुडासहित ब्राजिलका हुँवा स्यान्टोस, फिलिप मेलो र लुइस फबियानोले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो म्यान अफ दि म्याच घोषित भए । यो खेलको नतिजापछि ब्राजिल र पोर्चुगल दुवै दोस्रो चरणमा प्रवेश गरे ।

### खेल नम्बर-४६
**उत्तरकोरिया विरुद्ध आइभोरिकोस्ट**

समूह जीको छैटौं खेलमा आइभोरिकोस्टले उत्तर कोरियालाई शून्यका विरुद्ध ३ गोलले पराजित गऱ्यो । यो खेलमा आइभोरिकोस्टका याया टाउरेले १४ औं मिनेटमा, कोफी रोमारिकले २० औं मिनेटमा र सोलोमोन कालाउले ८२ औं मिनेटमा गोल गरेका थिए । यो खेल कार्डसहित थियो । यो खेलका लागि आइभोरिकोस्टका दिदियर ड्रोग्बा म्यान अफ दि म्याच घोषित भए । यो खेलको नतिजापछि उत्तर कोरिया र आइभोरिकोस्ट दुवै विश्वकपवाट बाहिरिए ।

### खेल नम्बर-४७
**चिलीविरुद्ध स्पेन**

समूह एचको पाँचौं खेलमा स्पेनले चिलीलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । यो खेलमा चिलीका रोड्रिगो मिलरले ४७ औं मिनेटमा र स्पेनका डेभिड भिल्लाले २४ औं र आन्द्रेस इनिस्टाले ३७ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा चिलीका गेरी मेडेल, वाल्डो पोन्सले पहेंलो कार्ड पाएका थिए भने चिलीकै मार्को गोन्जालेजले दुई पहेंलो कार्डसहित रातो कार्ड पाएर बाहिरिएका थिए । यो खेलका लागि स्पेनका आन्द्रेस इनिस्टा म्यान अफ दि म्याच घोषित भए । यो खेलको नतिजापछि स्पेन र चिली दुवै दोस्रो चरणमा प्रवेश गरे ।

### खेल नम्बर-४८
**स्वीजरल्यान्डविरुद्ध होन्डुरस**

समूह एचको छैटौं खेल स्वीजरल्यान्ड र होन्डुरसले गोलरहित बराबरी खेले । यो खेलमा होन्डुरसका ओस्मान चाभेज, विल्सन पालासियो, हेन्ड्री थोमस र डेभिड स्वाजोसहित स्वीजरल्यान्डका गेल्सन फर्नान्डेजले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि होन्डुरसका नोयल भोलाडारेस म्यान अफ दि म्याच घोषित भए । यो खेलको नतिजापछि स्वीजरल्यान्ड र होन्डुरस दुवै विश्वकपबाट बाहिरिए ।

### खेल नम्बर-४९
**दक्षिण कोरियाविरुद्ध उरुग्वे**

विश्वकप २०१० को प्रि-क्वाटरफाइनलको पहिलो खेलमा उरुग्वेले दक्षिण कोरियालाई १ का विरुद्ध २ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा उरुग्वेका लागि लुइस अल्बर्टो स्वारेजले ८ औं र ८० औं मिनेटमा तथा दक्षिण कोरियाका लागि ली चुङ योङले ६८ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा दक्षिण कोरियाका चा डु री, चो योङ हुङ र किम जुङ वुले पहेंलो कार्ड पाएका थिए । यो खेलका लागि उरुग्वेका लुइस अल्बर्टो स्वारेज म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-५०
**अमेरिकाविरुद्ध घाना**

विश्वकप २०१० को प्रिक्वाटरफाइनलको दोस्रो खेलमा घानाले अमेरिकालाई १ का विरुद्ध २ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा घानाका केभिन बोटेङले ५ औं मिनेटमा र आसामोह ग्यानले अतिरिक्त समयमा तथा अमेरिकाका लागि ल्यान्डेन डोनोभानले ६२ औं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए । यो खेलमा अमेरिकाका स्टिभ चेरेनडोलो, कार्लोस बोकानेग्रा र रिकार्डो क्लार्कसहित घानाका जोनाथन मेन्सा र आन्द्रे आयुलाई पहेलो कार्ड देखाइएको थियो । यो खेलका लागि घानाका क्वाडो आसामोह म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-५१
**जर्मनीविरुद्ध इंग्ल्यान्ड**

विश्वकप- २०१० को प्रिक्वाटरफाइनलको तेस्रो खेलमा जर्मनीले इंग्ल्यान्डलाई १ का विरुद्ध ४ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रबेश गऱ्यो । यो खेलमा जर्मनीका लागि मिरोस्लाभ क्लोसले २० औं मिनेटमा, लुकास पोडोलस्किले ३२ औं मिनेटमा र थोमस मुलरले ६७ औं तथा ७० औं मिनेटमा गोल गरेका थिए भने इंग्ल्यान्डका लागि म्याथ्यु उप्सनले ३७ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा जर्मनीका आर्ने फ्रेडरिच र इंग्ल्यान्डका ग्लेन जोन्सनलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि जर्मनीका थोमस मुलर 'म्यान अफ दि म्याच' घोषित भए ।

### खेल नम्बर-५२
**अर्जेन्टिनाविरुद्ध मेक्सिको**

विश्वकप- २०१० को प्रिक्वाटरफाइनलको चौथो खेलमा अर्जेन्टिनाले मेक्सिकोलाई १ का विरुद्ध ३ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा अर्जेन्टिनाका लागि कार्लोस ताभेजले २६ औं र ५२ औं मिनेटमा तथा गोन्जालो ह्युगिनले ३३ औं मिनेटमा गोल गरेका थिए भने मेक्सिकोका लागि जाभियर हर्नाण्डेज्ले ७१ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा मेक्सिकोका राफेल मार्क्वेजलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि अर्जेन्टिनाका कार्लोस ताभेज 'म्यान अफ दि म्याच' घोषित भए ।

### खेल नम्बर-५३
**नेदरल्यान्डविरुद्ध स्लोभाकिया**

विश्वकप- २०१० को प्रिक्वाटरफाइनलको पाँचौं खेलमा नेदरल्यान्डले स्लोभाकियालाई १ का विरुद्ध २ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा नेदरल्यान्डका लागि आर्जेन रोबेनले १८ औं मिनेटमा र वेस्ले स्नाइडरले ८४ औं मिनेटमा तथा स्लोभाकियाका लागि रोबर्ट भिटेकले अतिरिक्त समयमा पेनाल्टीमार्फत गोल गरेका थिए । यो खेलमा नेदरल्यान्डका मार्टेन स्टेक्लेनबर्ग, आर्जेन रोबेन तथा स्लोभाकियाका मार्टिन स्केटेल, जुराज कुका र कामिल कोकुनेकलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि नेदरल्यान्डका अर्जेन रोबेन 'म्यान अफ दि म्याच' घोषित भए ।

### खेल नम्बर-५४
**ब्राजिलबिरुद्ध चिली**

विश्वकप- २०१० को प्रिक्वाटरफाइनलको छैटौं खेलमा ब्राजिलले चिलीलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा ब्राजिलका लागि हुवा स्यान्टोसले ३५ औं मिनेटमा, लुइस फाबियानोले ३८ औं मिनेटमा र रोबिन्होले ५९ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा ब्राजिलका रामिरेस र काकालाई तथा चिलस्का स्माइल फ्युन्टेस र आर्टुरो भिडाललाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि ब्राजिलका रोबिन्हो 'म्यान अफ दि म्याच' घोषित भए ।

### खेल नम्बर-५५
**जापानविरुद्ध पाराग्वे**

विश्वकप-२०१० को प्रि-क्वाटरफाइनलको सातौं खेलमा पाराग्वेले जापानलाई टाइब्रेकरका आधारमा ३ का विरुद्ध ५ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । निर्धारित तथा अतिरिक्त समयमा गोलरहित यो खेलको टाइब्रेकरमा पाराग्वेका लागि एड्गार बारेटो, लुकास बारियोस, क्रिश्चियन रिभेरोस, नेल्सन हेडो भाल्डेज र ओस्कार कार्डोजोले तथा जापानका लागि यासुहितो एण्डो, माकोता हासेबी र केन्सुके होण्डाले गोल गरेका थिए । यो खेलमा पाराग्वेका क्रिस्चियन रिभेरोस तथा जापानका युतो नागातोमो, डाइसुके मात्सुइ, यासुहितो एण्डो र केइसुके होन्डालाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि जापानका केइसुके होन्डा म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-५६
**स्पेनविरुद्ध पोर्चुगल**

विश्वकप-२०१० को प्रि-क्वाटरफाइनलको आठौं खेलमा स्पेनले पोर्चुगललाई शून्यका विरुद्ध १ गोलले पराजित गरेर क्वाटरफाइनलमा प्रवेश गऱ्यो । यो खेलमा स्पेनका लागि डेभिड भिल्लाले ६३ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा स्पेनका जाभि अलोन्सो र पोर्चुगलका टियागो मेन्डेजलाई पहेंलो कार्ड तथा रिकार्डो कोष्टालाई रातो कार्ड देखाइएको थियो । यो खेलका लागि स्पेनका जाभी म्यान अफ दि म्याच घोषित भए ।




# भाउ बढ्ने भो







विश्वकप फुटबल पारखीहरूका लागि रोमाञ्चक प्रतियोगिता हो भने यही मौकामा विभिन्न खेलाडी भने क्लबका व्यवस्थापकहरूको ध्यान आकृष्ट गरिरहेका छन्, जसका कारण दक्षिण अफ्रिकामा सञ्चालित विश्वकप फुटबल प्रतियोगिता कतिपय खेलाडीको स्थानान्तर मूल्य बढाउने प्रतियोगितासमेत भएको छ। पहिलो चरणको खेल समाप्तिपछि केही खेलाडीले यो वर्ष हुने क्लब स्थानान्तरमा आफ्नो मूल्यमा व्यापक वृद्धि गरेका छन्।

**सामी कादिरा (जर्मनी)**

२३ वर्षीय मिडफिल्डर सामीले विश्वकपको छनौट चरणमा देखाएको प्रदर्शनमार्फत क्लबहरूको ध्यान आकृष्ट गरेका छन्। जर्मनीको बुन्डेसलिगामा स्टुगार्ट क्लवबाट खेल्ने यी खेलाडीको स्थानान्तर मूल्य ७० लाख पाउन्ड आँकिएको थियो। विश्वकपमा जर्मनीले गरेको प्रदर्शनमा सामीले देखाएको खेल हेरेर इंग्लिस प्रिमियर क्लबले उनीसँग अनुबद्ध गर्ने सोच बनाएको छ। पहिलो चरणको प्रदर्शन हेर्दा सामीको स्थानान्तर मूल्य १ करोड २० लाख पाउन्डसम्म पुग्ने देखिन्छ।

**गेरीन्हो (आइभोरिकोस्ट)**

फ्रान्सको लिली क्लबका स्ट्राइकर गेरिन्होलाई इंग्लिस प्रिमियरले आफ्नो क्लबमा तान्ने सोच विश्वकपअघि नै बनाएको थियो। लिलीले ६५ लाख पाउन्डमा किनेका गेरिन्होले विश्वकपको पहिलो खेलमा पोर्चुगलविरुद्ध राम्रा आक्रमण गरेर आफ्नो खेल देखाउने मौका पाएका थिए। २३ वर्षीय यी स्ट्राइकरलाई इंग्लिस प्रिमियर क्लबले विश्वकपअघि स्थानान्तर गर्ने प्रयास गर्दा ८० लाख मूल्यमा सम्झौता गर्न सकिने मनसाय व्यक्त गरेको थियो। पहिलो चरणमा उनले देखाएको प्रदर्शन हेर्दा आगामी स्थानान्तरमा उनको मूल्य १ करोड ४० लाख पाउन्ड हुने अनुमान गरिएको छ।

**फाबियो कोन्टेरो (पोर्चुगल)**

लेफ्ट विंगर फाबियोलाई प्रशिक्षक कार्लोस क्वेरेजले अन्तिम समयमा टिममा छनौट गरे त्यो पनि लेफ्ट ब्याकमा खेलाउने सर्तमा। विश्वकपको फाइनल चरणमा प्रवेश गर्न बोस्नियासँग भएको प्ले अफमा २२ वर्षीय फाबियोले स्तरीय प्रदर्शन गरेका थिए। यही प्रदर्शनकै आधारमा फाबियो विश्वकपको प्रारम्भदेखि नै युरोपका रियल म्याड्रिड, जुभेन्टस तथा ब्रायन म्युनिखको आँखामा चढिसकेका थिए। विश्वकपअघि फाबियोलाई १२ लाख ५० हजार पाउन्ड दिने सुरमा रहेका क्लबहरू अहिले उनलाई २० लाख पाउन्डसम्म दिने मनस्थितिमा पुगेका छन्।

**आन्द्रे आयुब (घाना)**

घानाका चर्चित फुटबलर अबिदी पेले आयेबका छोरा आन्द्रेले आगामी दिनमा बाबुले पाएको अफ्रिकी फुटबलर अफ दि इयरको उपाधि आफूले पनि पाउने छनक दिन थालेका छन्। फ्रान्सको दोस्रो डिभिजनको क्लबमा खेलिरहेका आन्द्रे सम्भवतः अर्को सिजनमा मासेल क्लबमा जानेछन्। लेफ्ट विंगर आन्द्रेले जर्मनविरुद्ध कडा चुनौती प्रस्तुत गरेका थिए। उक्त खेलमा पराजित भए पनि घाना अफ्रिकी महादेशकै तर्फवाट दोस्रो चरणमा पुग्न सफल एकमात्र मुलुक भएपछि आन्द्रेको क्लब स्थानान्तर मूल्य पनि बढेको छ। विश्वकपअघिसम्म आयुवलाई २० लाख पाउन्डमा स्थानान्तर गर्न सकिने सोच बनाउने क्लबहरूले आगामी दिनमा उनलाई ५० लाख पाउन्डसम्म तिर्न सक्छन्।

**एलिक्स साञ्चेज (चिली)**

२१ वर्षका एलिक्स इटालीको सिरि एमा विभिन्न क्लबले आँखा लगाएका खेलाडी हुन्। मार्सेलो बिल्साका साञ्चेजले पहिलो चरणको दुई खेलमा देखाएको प्रदर्शनका आधारमा उनमा अन्य युरोपियन क्लबले पनि आँखा लगाउन थालेका छन्। रियल म्याड्रिड र लियोनले विश्वकपअघि पनि उनलाई स्थानान्तर गर्ने प्रयास गरेका थिए। यसका लागि क्लबहरूले १ करोड २० लाख पाउन्ड दिने भएका थिए। अहिले चिलीलाई प्रि-क्वाटरफाइनलमा पुऱ्याउन राम्रो भूमिका निर्वाह गरेपछि उनको मूल्य बढेर २ करोड पुग्ने अनुमान गरिएको छ।

**एल्जेरो एलिया (नेदरल्यान्ड)**

गत वर्षको स्थानान्तरमा ह्याम्बर्ग क्लब गएका एल्जेरो लेफ्ट विंगर भए पनि उनको खेल कलाले भने जर्मनीमा भन्दा इंग्ल्यान्डमा लोकप्रियता पाउने अनुमान गरिएको छ। गोल गर्ने अवसरहरू प्रशस्त निकाल्न सक्ने २३ वर्षीय एल्जेरोलाई विश्वकपमा डेनमार्कविरुद्धको खेलपछि धेरै क्लबले आँखा लगाएका छन्। विश्वकपअघि ८० लाख पाउन्डमा हुने भनिएको स्थानान्तरलाई अब १ करोड २० लाख पाउन्ड तिर्नसमेत तयार हुने स्थिति छ।

**पार्क चु योङ (दक्षिण कोरिया)**

पार्क दक्षिण कोरियाको टिमका हस्ती नै मानिन्छन्। अर्जेन्टिनाविरुद्ध आत्मघाती गोल गरे पनि पार्कले नाईजेरियाविरुद्ध गोल गरेका थिए। आफ्नो राष्ट्रलाई दोस्रो चरणमा पुऱ्याउन सफल मोनाका क्लबका २५ वर्षीय पार्कलाई इंग्ल्यान्ड, स्पेन तथा जर्मनीका विभिन्न क्लबले आँखा लगाइरहेका छन्। रणनीति बनाएर आक्रमण गर्न सक्ने क्षमताका पार्कका लागि केही क्लब ४० लाख पाउन्ड तिर्न तयार थिए, तर विश्वकपको पहिलो चरणको खेलपछि पार्कको क्लब स्थानान्तर मूल्य ७० लाख पाउन्ड हुनसक्छ।

**भाल्टर बिरसा (स्लोभेनिया)**



फ्रान्सको अजुरी क्लबबाट खेलिरहेका भाल्टर बिरसालाई माज्टेक केखले आफ्नो टिममा राखेर स्लोभेनियाको टिमलाई बलियो बनाएका थिए। अमेरिकाविरुद्ध खेलको १३ औं मिनेटमा लङ सटमा गोल गरेर भाल्टरले आफ्नो खेल कलालाई विश्वव्यापी तुल्याए। देब्रे खुट्टाले खेल्ने यी खेलाडीले बल खेलाएको हेर्नेहरूले जुबिलानी उनकै लागि निर्माण गरिएको समेत भने। आफ्नो टिमलाई दोस्रो चरणसम्म पुऱ्याउन सक्ने क्षमता प्रस्तुत गरिसकेका भाल्टरको मूल्य विश्वकपअघि ४० लाख पाउन्ड थियो। यो वर्ष क्लब स्थानान्तरमा उनलाई ८० लाख पाउन्डसम्म तिर्ने प्रस्ताव आउने अनुमान गरिएको छ।






# शरणार्थी शिविरमा विश्वकपको रौनक



मोरङ - 'मलाई त विश्वकपमा सारा संसारका दर्शकले अर्जेन्टिनालाई समर्थन गरेजस्तो लाग्छ ।' यति मात्र होइन, १९ वर्षीय भुटानी शरणार्थी युवा दीपक नेपाललाई अर्जेन्टिनाका स्ट्राइकर मेसी विश्वकपको उत्कृष्ट खेलाडी लाग्छ । भुटानी शरणार्थी शिविर शनिश्चरेका दीपकलाई मात्र होइन, शिविरस्थित साँग्रिला स्पोटिङ क्लबका स्टार खेलाडी किरण नेपाललाई पनि अर्जेन्टिना नै मन पर्छ । शिविर सेक्टर 'सी' ४ घर नम्बर-४१ का अर्का खेलाडी तुलसी मगर पनि अर्जेन्टिनाको सार्पोट गर्दै भन्छन्, 'अर्जेन्टिना म्याराडोनाले कोच गरेको टिम हो, म्याराडोना फुटबलको राजा हो ।' शिविरका लोकबहादुर बस्नेत सुरुमा स्पेनको समर्थनमा थिए । युरोप च्याम्पियन स्पेनले पहिलो खेलमै स्वीट्जरल्यान्डसँग अप्रत्याशित पराजय बेहोरेपछि बस्नेतको पनि समर्थन अर्जेन्टिनामा थपिएको छ ।

नेपालका विभिन्न स्थानमा विश्वकपको वातावरण तात्तिँदै जाँदा पूर्वी नेपालको मोरङ र झापामा १८ वर्ष अघिदेखि बस्दै आएका भुटानी शरणार्थीहरू पनि रमाइरहेका छन् । विश्वकपको वातावरण सिर्जना गर्न पूर्वी मोरङमा मोटरसाइकल ऱ्याली प्रदर्शनका साथै विभिन्न स्थानमा प्रोजेक्टर जडान गरेर दर्शकलाई विश्वकपको आनन्द प्रदान गरिएको छ । विश्वकप सुरु भएको दिन मोरङ पथरीको कञ्चनजंघा चलचित्र हलमा निःशुल्क लाइभ प्रदर्शन गरिएको थियो ।

शिविरमा रहेका भुटानी शरणार्थीहरू फुटबलमा रमाउनचाहे पनि नेपाली दर्शकले जसरी फुटबलको मज्जा लिन्छन्, शरणार्थीहरूलाई त्यति सजिलो भने छैन । शरणार्थी शिविरमा केवल नेटवर्क र विद्युत् सुविधा नभएकाले फुटबलप्रेमी अधिकांश शरणार्थी छिमेकी नेपाली दाजुभाइको घरका टेलिभिजन सेटमा भर पर्नुपर्छ ।

छिमेकीहरूले शरणार्थी दर्शकका लागि प्रतिखेल ५ रुपैयाँको टिकट लिएर विश्वकप देखाउने व्यवस्था मिलाएका छन् । ५ देखि ६० वर्षसम्मका फुटबलप्रेमी शरणार्थीहरू प्रतिखेल ५ रुपैयाँ तिरेर रातभर फुटबल हेर्दै आएका छन् । शनिश्चरे शिविरमा मात्र ८ सयभन्दा बढी शरणार्थी विश्वकपका नियमित दर्शक भएको फुटबल खेलाडी तुलसी मगर बताउँछन् ।

शरणार्थी शिविरका खेलाडी किरण नेपालले भने विश्वकप सुरु हुनुअघि नै घरमा भारतीय कम्पनीको डीटीएच प्रविधि जडान गरेर फुटबल हेर्ने जोहो मिलाएका छन् । विश्वकप हेर्नका लागि नेपालले एयरटेल, सोलार तथा नयाँ टेलिभिजन एकसाथ किनेका हुन् ।

**बढ्यो बजार**

विश्वकप सुरु भएयता इलेक्ट्रोनिक्स सामानको खरिद-बिक्री निकै बढेको छ । मोरङ पथरीको पाथीभरा इलोक्ट्रोनिक्सका सञ्चालक विश्वनाथ अधिकारीले इलेक्ट्रोनिक्स समानको सिजन अफ भए पनि विश्वकपले सिजन ल्याइदिएको बताए । विश्वकप सुरु भएपछि टेलिभिजन, एन्टिना, बुस्टर तथा तारहरूको किनबेच निक्कै बढेको अधिकारीको भनाइ छ । पथरीके भानुवाचका सञ्चालक रमेश राईले विश्वकप सुरु भएपछि दैनिक दुई-तीनवटा टेलिभिजन बिक्री गरिरहेको बताए ।

काजी थापाले विश्वकपसँगै टेलिभिजन कम्पनीहरूले ग्राहकका लागि फुटबल, घडी, जर्सी र नगद स्किम ल्याएकाले पनि ग्राहकको ध्यान तानिएको बताए । पथरीस्थित एकमात्र सुन्दर केबुल नेटवर्कलाई यतिबेला नयाँ लाइन जोड्न भ्याई-नभ्याई छ । नेटवर्क सञ्चालक बाबुराम लिम्बू भन्छन्- 'विश्वकप सुरु भएको १० दिनमै सयभन्दा बढी नयाँ लाइन जोडिएको छ ।' राई भन्छन्, 'गएको विश्वकपमा भन्दा यस वर्ष नयाँ लाइन माग गर्ने ग्राहकको संख्या बढेको छ ।'

विश्वकप हेर्न टेलिभिजन र नेटवर्कको मात्र होइन, अवैध रूपमा नेपाल भित्रिने भारतीय कम्पनीको डीटीएच प्रविधिले पनि यतिबेला ठूलो बजार हात पारेको छ । झापा, मोरङ र सुनसरीका विभिन्न नाकाबाट भित्रिने यो प्रविधि यतिबेला गाउँ-गाउँमा बिक्री हुने गरेको छ ।स्थान हेरी ३ देखि ५ हजारसम्ममा बिक्री भैरहेको एयरटेल टावरले विश्वकपभरि नेपालमा रोक लगाइएको ईएसपीएन च्यालनमार्फत प्रत्यक्ष प्रसारण गरिरहेको छ । फाट्टफुट्ट मात्र बिक्री हुँदै आएको एयरटेल विश्वकप सुरु भएपछि पूर्वी मोरङमा मात्र हजारभन्दा बढी बिक्री भैसकेको स्थानीय एक व्यापारीको अनुमान छ । अवैध रूपमा भित्रिएको एयरटेलले गाउँका फुटबलप्रेमीहरूलाई विश्वकप हेर्न सहज त बनाएको छ, तर विश्वकप समापनसँगै लाखौं नेपाली रुपैयाँ बाहिरिने निश्चित छ ।

-अर्जुन जुम्नेली राई

# विश्वकप टुँडिखेलमा



● ध्रुव सुवेदी

भोजपुर– विश्वकप फुटबल प्रतियोगिता भोजपुरका दर्शकले आफ्नो घरको टेलिभिजनमा हेर्न पाएका छैनन् । हालसम्म केन्द्रीय विद्युत् प्रसारण लाइन नपुगेको भोजपुरका लागि स्थानीय खोलाबाट निकालिएको विद्युतगृहमा तालाबन्दीका कारण यस्तो स्थिति सिर्जना भएको हो । विश्वकप हेर्न तम्तयार दर्शकलाई एक्कासि चोट लागेपछि भोजपुरे युवाहरूले त्यसमा केही हदसम्म मलम लगाउने काम गरेका छन् ।

द सोल्टी युनाइटेड नामक संस्थाले स्थानीय टुँडिखेलमा जेनेटर चलाएर विश्वकप फुटबल हेर्ने स्थानीयवासीको मनोकांक्षा पूरा गर्ने प्रयास गरेको छ । युवाहरूको कामलाई भोजपुर गाविस, जिविस, जिल्ला प्रहरी कार्यालय, जिल्लास्थित नेपाली सेनाको गण, व्यापारी एवं ठेकेदार आदिले सहयोग गरेका छन् ।

सवा पाँच बजे रात नपर्ने भएकाले यहाँका दर्शकले टुँडिखेलमा फुटबल हेर्न नपाए पनि पौने ८ र सवा १२ बजेको खेल भने यहाँका दर्शकले धौ फुकाएर हेर्न पाएका छन् । ७ बज्दा-नबज्दै स्थानीयबासी खाना खाएर हातमा पिरा, गुन्द्री, मुडा लिएर टुँडिखेल गएको दृश्य निकै रमाइलो हुन्छ । फुटबल हेर्न जिल्लाका सबै तह र तप्काको उपस्थिति छ । टुँडिखेलमा ७० वर्षभन्दा माथिका वृद्ध-वृद्धाको उपस्थितिले जनाउँछ– नेपालमा विश्वकप फुटबलको कति ठूलो क्रेज छ ?

# विराटनगरमा विश्वकपको रौनक

● कमल रिमाल

विश्वकप फुटबलको रौनकले विराटनगरवासीलाई पनि छोएको छ । विश्वकपको प्रत्यक्ष प्रसारण फुटबलप्रेमीहरू एकै ठाउँ भेला भएर रमाइलो गर्दै मनोरञ्जन लिइरहेका छन् । यद्यपि विश्वकप फुटबललाई



महोत्सवका रूपमा मनाउने विराटनगरका खेलप्रेमीमा यस पटक भने त्यति धेरै उत्सुकता देखिँदैन । यसअघिको विश्वकपमा यहाँ स्वागतद्वारहरू नै निर्माण गरिएको थियो । यस पटक त्यस्तो छैन, तर पनि फुटबलप्रेमी युवाहरू हरेक दिन रमाइलो गर्दै खेलको मजा लिइरहेका भेटिन्छन् । विराटनगरका धेरैजसो होटल, रेस्टुराँ, फास्टफुड तथा नास्ता पसलहरूमा टेलिभिजन राखिएको छ । लोडसेडिङ भएका बेला जेनेरेटर र ब्याट्रीको व्यवस्था गरिएकाले त्यहाँ फुटबल हेर्नेहरूको जमघट हुने गरेको छ ।

व्यवसायीले दर्शक आकर्शित गर्न टेलिभिजन राखेकाले व्यापार पनि राम्रैसँग चल्ने गरेको छ । फुटबलको प्रत्यक्ष प्रसारण अवधिमा व्यापार दोब्बर हुने गरेको व्यवसायीहरू बताउँछन् । लोडसेडिङ भएका बेला युवाहरू फुटबल हेर्दै रमाइलो गर्न होटलमा भेला हुन्छन् । फुटबल सञ्चालन भैरहेका बेला टेलिभिजन राखिएका होटलहरू भरिभराउ हुने गरेका छन् ।

युवाहरू फुटबल हेर्दै बाजी मार्छन् । बाजी नगद र होटलको बिल तिर्ने दुवै खालको हुने गरेको छ । कमजोर देशको पक्षमा थोरै र सशक्त टिमको पक्षमा धेरै रकमको बाजी राखिन्छ । चर्चित टिमहरूले यसपटक राम्रो खेल देखाउन नसकेकाले पनि बाजी मार्नेहरूले ठूलै घाटा बेहोर्ने गरेका छन् ।

**बसपार्कमा विश्वकप भित्तो**

विराटनगर बसपार्कमा विश्वकप फुटबलका तस्विर हेर्नेहरूको घुइँचो लाग्ने गरेको छ । बस चढ्न आएका यात्रीहरू पनि विश्वकप भित्तोमा अल्मलिरहेका हुन्छन् । रात्रि तथा दिवा यातायातको काउन्टरको भित्तामा विश्वकपका तस्विरहरू राखिएकाले हेर्नेहरूको भीड लाग्ने गरेको हो ।

काउन्टरका कर्मचारी सुशील खड्काले फुटबल सुरु भएको पहिलो दिनको पत्रिकामा प्रकाशित तस्बिर काटेर भित्तामा टाँसे । उनले अर्को दिनको पत्रिकाको तस्बिर पनि टाँसे । यो क्रम बढ्दै जाँदा अहिले भित्तो भरिएको छ । पहिले दुईवटा तस्बिर त्यसै टाँसेको बताउने सुशील प्रशंसकहरूले चासो दिएकाले तस्बिर बिहान पत्रिका हेरिसकेपछि तस्बिर काटेर भित्तामा टाँस्ने उनको रुटिङ नै भैसकेको छ । भित्तामा टाँसिएको तस्विरसँगै क्याप्सन पनि भएकाले दर्शकहरू रमाइलो एवं सूचनाको लागि उक्त भित्तामा पुग्छन् । रात्रि



बस चढ्न दिउँसो ३ बजेपछि बसपार्क पुग्ने यात्रीहरू भित्ताको तस्बिर अवलोकन गरेर मात्र बसमा चढ्ने गरेका छन् । बस कुर्नुपर्ने यात्रीलाई समय कटाउने माध्यम यही भित्तो भएको यातायात मजदुर नेता राजु धमला बताउँछन् ।

**एलसिडीमा विश्वकप**

विराटनगर-१३ का मञ्जिल श्रेष्ठले यस पटकको विश्वकप फुटबल हेर्न ३२ इन्चको एलसिडी टेलिभिजन किनेका छन् । ठूलो स्क्रिनमा फुटबलको मजा लिन उनले उक्त टेलिभिजनका लागि ६० हजार रुपैयाँ खर्चिएका हुन् । परिवारका सदस्यहरूसँग बसेर रमाइलो गर्दै फुटबल हेर्न ठूलो



स्क्रिनको टेलिभिजन खरिद गरेको उनले बताए ।

विश्वकपलाई नियालिरहेका श्रेष्ठ अर्जेन्टिना र ब्राजिल कपको दाबेदार भएको अनुमान लगाउँछन् । वास्तविक चित्र देखिने भएकाले यस पटकको विश्वकप फुटबलमा धेरैले एलसिडी टेलिभिजन खरिद गरेको व्यवसायीहरू बताउँछन् । 'तीन महिनाका लागि ल्याएको एलसिडी टेलिभिजन एक महिना नहुँदै बिक्री भयो,' विराटनगर मेनरोडस्थित जयदीप इलेक्ट्रोनिक्स सञ्चालक अंकित अग्रवालले भने ।

ग्राहकलाई मागअनुसार एलसिडी टेलिभिजन दिन नसकेको बताउने अंकितले केही दिन त पसलमा टेलिभिजन खरिद गर्नेहरूको भीडले बोल्नै नभ्याएको बताए । 'एलसिडी ठूलो र चौडा हुने भएकाले यसको माग बढ्यो,' उनले भने- 'अरू दिनको तुलनामा शतप्रतिशतभन्दा बढी टेलिभिजन बिक्री भएको छ ।'

अरुण इलेक्ट्रोनिक्स सञ्चालक अरुण अग्रवालका अनुसार यस पटक २२, २६ र ३२ इन्चका एलसीडी टेलिभिजन मात्र बिक्री भएको छ । कम्पनीले विश्वकप अफर दिएकाले पनि टेलिभिजनका खरिदकर्ता बढेको उनले बताए । 'कम पैसा हुनेले २२ र बढी पैसा हुनेले ३२ इन्चको एलसीडी किन्ने गरेका छन्,' उनले भने ।

विश्वकपका लागि टेलिभिजन कम्पनीहरूले २० प्रतिशतसम्म डिस्काउन्ट, स्क्र्याच कार्ड र लक्की ड्रको व्यवस्था गरेकाले उपभोक्ताहरूबीच एलसिडीको आकर्षण बढेको अभिषेक इलेक्ट्रोनिक्सका सञ्चालक अभिषेक तोदीको भनाइ छ । फुटबलसँगै विवाहको सिजन भएकाले पनि यस पटक टेलिभिजनको व्यापार बढेको उनले जानकारी दिए ।






कुनै हालतमा पनि अर्जेन्टिनाले जित्छ। किनभने उसमा गेम स्प्रिट छ, पर्फमेन्स र टिम कोअर्डिनेट राम्रो छ। अर्जेन्टिनाका खेलाडीहरुलाई हाम्रो नेसनका लागि झन्डा उठाउनुपर्छ भन्ने दबाब छ, तर कोच म्याराडोनाले अलि वबी नै प्रेसर गरेजस्तो देखिन्छ। मलाई लाग्छ, यदि अर्जेन्टिनाले हार्‍यो भने त्यसको मुख्य कारण म्याराडोनाको बढी प्रेसर नै हुनेछ।

**कोमल वली, गायिका**

मेरो बेस्ट टिम ब्राजिल हो र उसले नै विश्वकप जितेको हेर्ने चाहना छ। विगतमा ब्राजिलले उत्कृष्ट खेल देखाएको थियो। यसपालि केही खस्किएको जस्तो छ। यद्यपि टिम स्ट्रङ छ, स्टाइकर राम्रा छन्, म उसले नै जितोस् भन्ने कामना गर्छु।

**दीपाश्री निरौला, हास्यकलाकार**

म स्पेनको सपोर्टर हुँ। स्पेनसँग वर्ल्ड क्लास खेलाडीहरु छन्। अहिलेसम्मको गेममा अर्जेन्टिना सशक्त देखिएको छ। अर्जेन्टिनाले विश्वकप जित्ने धेरै सम्भावना छ। त्यसो त ब्राजिल पनि कम छैन।

**सुगम पोखरेल, गायक**

यसपालिको विश्वकप खासै ध्यान दिएर हेरेकी छैन, तर अर्जेन्टिनाले यो विश्वकप जित्छ जस्तो लाग्छ। मलाई पहिलेदेखि नै यो टिम मनपर्छ, अरू टेक्निकल कारणचाहिँ थाहा छैन

**मालिभका सुब्बा, पूर्व मिस नेपाल**

मेसीजस्तो अरू कुन खेलाडी छ ? त्यसैले मेसीले उसको टिम अर्जेन्टिनालाई विश्वकप विजेताको रूपमा उभ्याउनेछ। यद्यपि म अर्जेन्टिनाले नै जित्छ भनेर ग्यारेन्टी गर्दिनँ, तर यो टिम एकदम तगडा छ।

**केदार घिमिरे, हास्यकलाकार**

मैले गेम नियमित हेरेको छैन। खेलको नतिजाका सम्बन्धमा पनि थाहा छैन। तैपनि ब्राजिल र अर्जेन्टिना विश्वकप फुटबलका दावेदार टिम हुन् जस्तो लाग्छ।

**आर्यन सिग्देल, नायक**

यसपालिको विश्वकप अर्जेन्टिनाले जित्नुपर्ने हो। म्याराडोनाजस्त कोच तथा लियोनल मेसीजस्ता अब्बल खेलाडी हुनुले नै अर्जेन्टिना अगाडि देखिन्छ।

**अभिनव कसजु**
**साइवर संसार डटकम**

मेरो बेस्ट टिम अर्जेन्टिना हो। डिएगो म्याराडोनाको फ्यान भएकाले मलाई यो टिम मनपर्छ। अहिले पनि यो टिममा विश्व खेलकुदका हटकेक लियोनल मेसी खेलिरहेको छ। मेसीको खेलकौशललाई अहिले कुनै खेलाडीले भेट्न सक्दैन।

**सुरज सिंह, गायक**

यो विश्वकप ब्राजिलले जित्छ जस्तो लाग्छ। किनभने विगतको इतिहास हेर्ने हो भने पनि ब्राजिल एकमात्र त्यस्तो देश हो, जसले फुटबलमा बाँकी विश्वलाई चुनौती दिन सक्छ।

**आलोकश्री, संगीतकार**

यसपालिको विश्वकप ट्रफी जर्मनीले उचाल्नेछ। म त इंल्यान्डको सपोर्टर हुँ, तर ऊ दोस्रो चरणमा जर्मनीसँग पराजित भएकाले विश्वकप जर्मनीले नै जितोस् भन्न चाहन्छु।

**विशाल विष्ट, नायक**

अहिलेसम्म त ब्राजिल, अर्जेन्टिना र पोर्चुगलको खेल सशक्त देखिएको छ।



विश्वकपको नतिजा सोचेभन्दा फरक आइरहेकाले कुन टिमले जित्छ भन्न गाह्रो छ। मलाई चाहिँ ब्राजिलले जिते हुन्थ्यो जस्तो लाग्छ।

**ज्योति श्रेष्ठ, भिजे**

मेरो बेस्ट टिम ब्राजिल हो। मलाई जर्मनी पनि मन पर्छ, तर मैदानमा उत्कृष्ट प्रदर्शन गर्ने टिममा ब्राजिलजस्तो अरू छैन।

**जयप्रकाश रिजाल, सञ्चारकर्मी**

यो विश्वकप अर्जेन्टिनाले जित्छ। किनभने टेक्निकल रूपमा यो टिम अत्यन्तै सशक्त छ। म्याराडोनाजस्ता खेलाडीले सम्हालेको यो टिम कुनै पनि रूपमा कमजोर छैन। टिम वर्क तथा पासिङ राम्रो छ।

**मानवी ढकाल, भिजे/मोडल**

म अर्जेन्टिनाको सपोर्टर भएकाले उसैले जितेको हेर्न चाहन्छु। मलाई अर्जेन्टिनाको सेतो र आकाशे नीलो जर्सी एकदमै मनपर्छ। यो टिमका लियोनल मेसी मेरा बेस्ट खेलाडी हुन्। मेसी त मलाई नेपालीजस्तै लाग्छन्।

**करिना भट्टराई, किड क्विन**

मेरो पहिलो रोजाइ हो– अर्जेन्टिना, तर ब्राजिल पनि मनपर्छ। ब्राजिलले चाहिँ यसअघि धेरै पटक विश्वकप जितिसकेकाले यसपालि अर्जेन्टिनाले जितोस् जस्तो लागेको छ।

**चेतन सापकोटा, संगीतकार**

जित्न त एसियाली मुलुक दक्षिण कोरिया वा जापानले जितोस् भन्ने चाहन्छु, तर यस पटकको विश्वकपमा अर्जेन्टिना र ब्राजिल बलिया देखिएका छन्। त्यसपछि स्पेन, पोर्चुगल तथा जर्मनी छन्।

**राजकुमार लामा, काठमाडौं**

# कसले जित्छ विश्वकप ?



प्रस्तुति : शिव मुखिया








# मैदानमा प्रेमी बाहिर प्रेमिका


विश्वकपको प्रिक्वाटर फाइनलमा जर्मनी र इंग्ल्यान्डबीच हुने खेल पर्यवेक्षकहरूले पहिल्यै रोमाञ्चक हुने अनुमान गरेका थिए । सन् १९६६ को विश्वकपको फाइनलमा पश्चिम जर्मनीलाई पराजित गर्न सफल इंग्ल्यान्ड यसपटक पनि जर्मनीलाई घर फर्काउने सुरमा थियो । जर्मनी भने सन् १९९० को सेमिफाइनलमा इंग्ल्यान्डलाई पराजित गरेको क्षण पुनः दोहोऱ्याउने मनस्थितिमा थियो ।

थ्री लायनको उपनाम पाएको इंग्ल्यान्डले जर्मनीले आफूलाई पराजित गर्न नसक्ने बताएपछि जर्मन प्रशिक्षक जोचिम लोले आफ्ना खेलाडीलाई सिंह देखाउन लगेका थिए । चिडियाखानामा तीनवटा सिंहका बच्चासँग खेलाएपछि जर्मन खेलाडीहरूले सिंह केही पनि होइन भन्ने कुरा महसुस गरे । यो एक किसिमको आत्मबल भए पनि विश्वकपमा खेलाडीका प्रेमिका र श्रीमतीहरूले आफ्ना प्रेमी र श्रीमान्हरूको आत्मबल बढाउने थप प्रयास गरे ।

इंग्ल्यान्डका प्रशिक्षक फाबियो कपेलोले खेलाडीहरूलाई आफ्ना प्रेमिका र श्रीमतीहरूसँग भेटघाट गर्न निकै कडाइ गरे । लिग चरणका दुई खेलमा राम्रो नतिजा ल्याउन नसके पनि स्लोभेनियाविरुद्ध जित हात पारेको खुसियालीमा फाबियोले आफ्ना खेलाडीलाई प्रेमिका भेट्न दिएका थिए । विश्वकप अघि नै फाबियोले खेलाडीका प्रेमिका र श्रीमतीलाई भेट्ने कुरामा कडाइ गर्ने घोषणा गरेलगत्तै कतिपय खेलाडीका प्रेमिका र श्रीमतीहरू दक्षिण अफ्रिका नै पुगेनन् ।

इंग्ल्यान्ड प्रिक्वाटर फाइनल चरणमा प्रवेश गरेपछि खेलाडीका केही प्रेमिका आफ्ना प्रेमिको आत्मबल बढाउन दक्षिण अफ्रिका पुगेका थिए । इंग्ल्यान्डका कप्तान फ्यांक लाम्पार्डकी प्रेमिका क्रिष्टिन ब्लेक्ली आफ्नो जागिरबाट राजीनामा दिएर दक्षिण अफ्रिका पुगेकी थिइन् । कपेलोको निर्णयपछि दक्षिण अफ्रिका जाने कुनै सोच नबनाएकी क्रिष्टिन घरमै बसेर आफ्ना प्रेमीको मनोबल बढाउने सुरमा थिइन् । इंग्ल्यान्ड नकआउट चरणमा प्रवेश गरेपछि उनले दक्षिण अफ्रिका जाने निर्णय गर्दै बीबीसी टेलिभिजन प्रेजेन्टरको जागिरबाट राजीनामा समेत दिइन् ।

जोन टेरीकी श्रीमती टोनी पुल पनि आफ्नी छोरीसहित पछिल्लो खेल हेर्न दक्षिण अफ्रिका पुगेकी थिइन् । ग्लेन जोन्सनकी श्रीमती लाउरा पनि आफ्नो टिम र श्रीमान्को मनोबल बढाउन दक्षिण अफ्रिका पुगेकी थिइन् । जो कोलकी श्रीमती सेरी कोल भने आफ्नी तीनमहिने छोरीका साथ सन् सिटीमा थिइन् ।

वाह्ये रुनीकी श्रीमती कोलिन रुनी पनि आफ्नो श्रीमान्को मनोबल बढाउन दक्षिण अफ्रिका जाने सोचमा थिइन् । सात महिने छोरो काइलाई लिएर १२ घण्टा लामो उडान गर्नु अत्याशलाग्दो हुने बताउँदै आएकी कोलिन क्वाटर फाइनलमा इंग्ल्यान्डको पक्षमा चिच्याउने भएकी थिइन्, तर इंग्ल्यान्ड प्रिक्वाटर फाइनल चरणबाट बाहिरिएपछि उनले दक्षिण अफ्रिकाको यात्रालाई रोकिन् । स्टेभन गेरार्डकी श्रीमती एलेक्स कुरान पनि कोलिनको जस्तै क्वाटरफाइनलमै आफ्नो टिमको आत्मबल बढाउने सोचमा थिइन् । इंग्ल्यान्डको बर्हिगमन पछि उनले पनि आफ्नो यात्रामा पूर्णविराम लगाइन् ।

इंग्ल्यान्डका खेलाडीहरूले आफ्ना प्रेमिका र श्रीमती आफूसँग नभएकोमा न्यास्रो मानिरहेको अवस्थामा जर्मन खेलाडीहरू भने आफ्ना प्रेमिका र श्रीमतीहरूको साथ पाएर रोमाञ्चित भैरहेका थिए । खेलाडीहरूको मनोबल उनीहरूका प्रेमिका र श्रीमतीले बढाउन पनि सक्छन् भन्ने मनोविज्ञान बुझेका जर्मन प्रशिक्षकले खेलाडीका प्रेमिका र श्रीमतीहरूका लागि पाँचतारे होटेल सेराटन प्रेटोरियामा बसोबासको व्यवस्था मिलाएका थिए । उनीहरूका लागि जर्मन फुटबल एसोसिएसनको आग्रहमा अंगरक्षकको समेत व्यवस्था गरिएको थियो भने खेलाडीहरू नियमित रूपमा आफ्ना प्रेमिका र श्रीमतीहरूसँग भेटघाट गरिरहेका हुन्थे ।

जर्मन टिमका मिडफिल्डर बास्टिन स्वाइजनाइडरले आफ्नी प्रेमिका साहरा ब्रान्डनरलाई साथै लगेका थिए । दुई वर्षदेखि बास्टिनसँग प्रेममा परेकी मोडल साहरा स्पोर्टस् इलुस्ट्रेटेडमा बडि पेन्टको मोडलिङ गरेपछि चर्चामा आएकी थिइन् । दुई वर्षदेखि नै प्रेममा परेका फिलिपी लाह्मकी २६ वर्षीया प्रेमिका क्लाउडिया स्चाटेनबर्ग पनि दक्षिण अफ्रिकामै छिन् । उनीहरूले विश्वकप समाप्त भएको तीन दिनपछि विवाह-बन्धनमा बाँधिने घोषणा गरिसकेका छन् ।

टिनएजदेखि नै प्रेम गर्दै आएका २४ वर्षीय स्ट्राइकर मारियो गोमेजले २२ वर्षीया प्रेमिका सिल्भिया मिखेललाई साथै लगेका छन् । मेसुत ओजिलले विश्वविद्यालयकी छात्रा एन्ना मारियालाई प्रेमिकाका रूपमा दक्षिण अफ्रिका लगेका छन् भने गोलकिपर टिम वायेसी आफ्नी तीन वर्षीया छोरी एलिनसहित श्रीमती ग्रिट फेबर्गकै साथमा छन् ।

जर्मनीका अधिकांश खेलाडीले आफ्ना प्रेमिका वा श्रीमतीलाई दक्षिण अफ्रिका लगे पनि डिफेन्डर जेरोमी बोटेंगले भरखर डेटिङ गरिरहेकी फेसन डिजाइनर शेरिन सेन्डरको साथ पाएका छन् । उनीहरूले दक्षिण अफ्रिकामा देखाएको प्रेमसम्बन्ध जर्मनीले मैदानमा गरेको प्रदर्शनभन्दा रोचक मानिएको छ ।


Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

Worldwide Valid Certificate
होटल तालिम
१००% रोजगार ग्यारेन्टीका साथ
▸ कुक १ १/२ महिना रू. ३०००/-
▸ कुक ३ महिना रू. ४०००/-
▸ वेटर र बारमेन रू. १३००/-
१. १००% ग्यारेन्टीका साथ तालीम दिइने ।
२. 5 Star होटलका सेफबाह्रारा संचालित ।
३. थप तालिमको लागि 5 Star होटलमा पठाइने ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
☼ रेडियो क्यासेट DVD, VCD, TV
Guarantee
☼ कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
☼ एसी/फ्रिज
लोडसेडिङ्ग नो प्रोब्लम
☼ हाउसवायरिङ्ग
☼ मोटरवाईण्डिङ्ग
१३ वर्ष पुरानो
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

प्राईभेट TEST/SLC
❖ भर्खरै ९ तथा Test फेल भएका ।
❖ ८, ९ र Test पास भएका/ उमेर नाघेका/ जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुका लागि
छुट्नु होला है
अब केही दिन मात्र बाँकी
100% result since 2004....
❖ बिहान र दिउँसो/नेपाली र अंग्रेजी माध्यममा पढाइने
❖ जि.शि.का. र EIA बाट सम्बन्धन प्राप्त
फारम वितरण तथा भर्ना प्रक्रिया घमाघम भैरहेको छ ।
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोको मुखैमा
Tel: 4781061, 9851095070

Learn Job oriented
COMPUTER
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Computer Operator
Load Sheding No Problem
English Language
IELTS/TOEFL
Study Abroad
MEMBER OF ECAN
Getway
Educational Consultancy P. Ltd
Bagbazar,KTM. Ph: 4239719, 4241870

फोटोग्राफी
भिडियोग्राफी
❋ फोटो/भिडियो एडिटिङ
❋ फोटो/भिडियो प्रत्रकारिता
❋ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा
वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

Shaping Minds Group
Satdobato 5536751 2292200
Kumaripati 5008632 2292244
Baneshwor 4782162 2292233
Putalisadak 4233478 2222605
मात्र रु १000
Plus VAT
Limited Seats
Sarojina Scholarship Fund
Cook Training
*Special English
General English
Secretary Training
IELTS Preparation
Accounting Training
Web / Graphic Design
Hardware & Networking
Personality Development
Computer Office Package
किन मात्र रु १000?
किनकी हामी एक Multi project कम्पनी हौं, जसले विभिन्न क्षेत्रमा लामो समयदेखि सेवा पुऱ्याउँदै आइरहेको छ । शैक्षिक अनुसन्धान र विकास हाम्रो लक्ष्यको एक भाग हो र त्यहि शिक्षालाई सबै माझ सुलभ मुल्यमा पुऱ्याउँन हामी सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग र सेपिङ्ग माइन्ड्स ग्रुप समाज कल्याण (NGO) अगाडी बढेका छौं ।

Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics, Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226
New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414
Adwait Marg (Bagbazar) Tel: 4232866
Lagankhel (Bus Park) Tel: 5004018

खुम्जुङ होटेल तालिम
बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक सिक्नेका लागि वेटर ,हाउसकिपीङ्ग,बेकरी English languges सितैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री पुस्तकालयको ब्यबस्था. दक्ष अनुभवि शिक्षकद्वारा आफ्नै होटलमा सम्पूर्ण तालीम दिइने वार टेन्डर सिक्नेकालागि वेटर सितैमा वैदेशिक रोजगारको पनि ब्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुवे विठिकै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफटको पनि सुविधा छ ।)
4240199, 016226791, 9841578724

अन्तिम भर्ना-पालो तपाईंको
जिल्ला शिक्षा कार्यालयबाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC २०६७
कक्षा ८ पास गरि ९, १० फेल वा पास र Test /SLC फेल भएका उमेर नाघि पढ्ने इच्छा भएका वा विविध कारणले विधालय जान नसकेका विधार्थीहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर....
नोट SLC पुरक परिक्षाको लागि Math./Sci./Eng. को विशेष तयारी कक्षाहरु ।
कोसेट ओपन स्कुल
२१६०७३६
९८४१२६४५१४
लाजिम्पाट (प्रहरी बिट सँगै)
पाइथागोरस एकेडेमी
४२६०६३२
९८५१००९४२७
पुतलीसडक (पद्ममोदय मोड)

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००,गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल ।**